लागि यो कुरा असाध्य होइन।

यी विद्वान्हरूको विरोधले नै सबैलाई विरोध जालमा फसाएको छ भन्ने कुरामा शंका छैन। यिनीहरूले आफ्नो स्वार्थलाई त्यागेर सबको प्रयोजन सिद्ध गर्न चाहेमा अहिल्यै एकमत हुनेछन्। यसो हुने युक्ति यस ग्रन्थको अन्तमा लेखिनेछ। सर्वशक्तिमान् परमात्मा सबै मानिसका आत्मामा एउटै मतमा लाग्ने उत्साह प्रकाशित गरोस्।

**अलमतिविस्तरेण विपश्चिद्वरशिरोमणिषु।**



**उत्तरार्द्धः —**

# अथैकादश–समुल्लासः

## अथाऽऽर्य्यावर्त्तीयमतखण्डनमण्डने विधास्यामः

अब आर्य्यावर्त्त देशमा बस्ने आर्यहरूका मतको खण्डन–मण्डन गरिन्छ। भूगोलभरिको कुनै देश आर्य्यावर्त्त देश जस्तो छैन। यसैकारण सुवर्ण आदि रत्न उत्पन्न गर्ने हुनाले यस भूमिको नाम सुवर्णभूमि हो। यसैकारण सृष्टिका आरम्भमा आर्यहरू यसै देशमा आएर बसेका हुन्। उत्तम मनुष्यको नाम '**आर्य**' र आर्यभन्दा भिन्न मानिसको नाम '**दस्यु**' हो भन्ने कुरा हामीले सृष्टि–विषयमा भनिसकेका छौं। भूगोलका सबै देश यसै देशको प्रशंसा गर्दै 'पारसमणि नाम गरेको कुनै शिला हुन्छ भन्ने कुरा त झूटो हो, तर आर्यावर्त्त देश नै सच्चा पारसमणि हो' भन्दछन्। किनकि यसलाई छुनेबित्तिकै फलामजस्तै दरिद्र विदेशी सुवर्ण अर्थात् धनाढ्य बन्दछन्।

**एतद्देशप्रसूतस्य सकाशादग्रजन्मनः।**
**स्वं स्वं चरित्रं शिक्षेरन् पृथिव्यां सर्वमानवाः॥** —मनुस्मृति

सृष्टि भएदेखि पाँचहजार वर्ष अघिसम्म आर्य्यहरूको सार्वभौम चक्रवर्ती अर्थात् भूगोलभरि सर्वोपरि एउटै राज्य थियो। अरू देशमा माण्डलिक अर्थात् ससाना राजा हुन्थे। कौरव–पाण्डवसम्म यहाँको राज्य र राज्यशासनमै भूगोलका सबै राजा र प्रजा चल्दथे। सृष्टिको आरम्भमा बनाइएको मनस्मृति यसको प्रमाण छ—''यसै आर्य्यावर्त्त देशमा जन्मेका ब्राह्मण अर्थात् विद्वान्हरूबाट भूगोलका सबै मानिस=ब्राह्मण, क्षत्रिय, वैश्य, शूद्र, दस्यु, म्लेच्छ आदि सबै आ–आफ्नो योग्य विद्या, चरित्रको शिक्षा र विद्याभ्यास गरून्।'' महाराजा युधिष्ठिरको राजसूय यज्ञ र महाभारत युद्धसम्म सबै राज्य यहींको राज्यका अधीन थिए।

सुन, चीनका भगदत्त, अमेरिकाका बब्रुवाहन, यूरोपका विडालाक्ष अर्थात् बिरालोको जस्तै आँखा भएका, यूनान भनिने यवन र ईरानका शल्य आदि सब राजा राजसूय यज्ञ र महाभारत युद्धमा आज्ञानुसार



PDFill PDF Editor with Free Writer and Tools

आएका थिए। रघुवंशीहरूको राज्य छँदा रावण पनि यहाँकै अधीन थियो। रामचन्द्रको समयमा विरोधी भएपछि रामचन्द्रले उसलाई दण्ड दिएर राज्यबाट हटाएर उसका भाइ विभीषणलाई राज्य दिएका थिए। स्वायंभुव राजादेखि पाण्डवसम्म आर्यहरूको चक्रवर्ती राज्य रह्यो। त्यसपछि परस्परको विरोधले लडेर नष्ट भए। किनकि परमात्माको यस सृष्टिमा अभिमानी, अन्यायकारी र अविद्वान्‌हरूको राज्य धेरै दिन चल्दैन। असंख्य, प्रयोजनभन्दा पनि धेरै धन बढी भएपछि आलस्य, पुरुषार्थ नहुनु, ईर्ष्या, द्वेष, विषयासक्ति र प्रमाद बढ्नु यस संसारको स्वाभाविक प्रवृत्ति हो। यसबाट देशमा विद्या, सुशिक्षा आदि नष्ट भएर दुर्गुण र दुर्व्यसन बढ्दछन्। मद्य-मांसको सेवन, बाल्यावस्थामा विवाह र स्वेच्छाचार आदि दोष बढ्दछन् र युद्ध विभागमा युद्धविद्याकौशल र सेना धेरै बढेर त्यसको सामना गर्नसक्ने भूगोलमा कुनै पनि अर्को नभएपछि तिनमा पक्षपात, अभिमान र अन्याय बढ्दछ। यी दोष भएपछि परस्परमा विरोध भएर अथवा त्योभन्दा बढी अरू सानातिना राज्य वा कुलबाट तिनलाई हराउन सक्ने अर्कै व्यक्ति निस्कन्छ। जस्तै मुस्लिम साम्राज्यको अगाडि शिवाजी, गुरु गोविन्दसिंहजी आदिले अगाडि बढेर मुसलमानहरूको राज्यलाई छिन्न-भिन्न पारिदिए।

**अथ किमेतैर्वा परेऽन्ये महाधनुर्धराश्चक्रवर्त्तिनः केचित् सुद्युम्न-भूरिद्युम्नेन्द्रद्युम्नकुवलयाश्वयौवनाश्ववद्ध्यश्वाश्वपतिशशविन्दु-हरिश्चन्द्राऽम्बरीषननक्तुशर्यातिया यात्यनरण्याक्षसेनादयः अथ मरुत्तभरतप्रभृतयो राजानः ॥** —मैत्र्युपनिषद् ॥

इत्यादि प्रमाणहरूबाट सृष्टिदेखि महाभारतसम्म आर्यकुलमा नै चक्रवर्ती सार्वभौम राजा भएका थिए भन्ने सिद्ध हुन्छ। अब यिनका सन्तानहरूको अभाग्योदय हुनाले राज-भ्रष्ट भएर विदेशीहरूको पादाक्रान्त भैरहेछन्। जस्तै यहाँ सुद्युम्न, भूरिद्युम्न, इन्द्रद्युम्न, कुवलयाश्व, यौवनाश्व, वद्ध्यश्व, अश्वपति, शशविन्दु, हरिश्चन्द्र, अम्बरीष, ननक्तु, शर्याति, ययाति, अनरण्य, अक्षसेन, मरुत्त र भरत, यी सबै सार्वभौम= सम्पूर्ण भूभागमा प्रसिद्ध चक्रवर्ती राजाहरूका नाम हुन्, यस्तै स्वायम्भुव आदि चक्रवर्ती राजाहरूको नाम स्पष्टहरूमा मनुस्मृति, महाभारत आदि ग्रन्थमा लेखिएका छन्। यसलाई मिथ्या मान्नु अज्ञानी र पक्षपातीहरूको काम हो।

**प्रश्न**—ग्रन्थहरूमा लेखिएका आग्नेयास्त्र आदि विद्या सत्य हुन् वा होइनन्? तथा त्यसबेला तोप, बन्दूक आदि थिए वा थिएनन्?



**उत्तर**—यी कुरा सत्य हुन् र यी शस्त्रविद्या पनि थिए, किनकि पदार्थविद्याबाट यी सबै कुरा सम्भव हुन्छन्।

**प्रश्न**—के यी शस्त्र आदि देवताहरूका मन्त्रबाट सिद्ध हुन्थे?

**उत्तर**—होइन। यी सब कुराको तात्पर्य जुन कुराबाट अस्त्र-शस्त्र सिद्ध वा तैयार हुन्थे तिनै मन्त्र=विचारपूर्वक तैयार गर्नु र चलाउनु हो। अनि शब्दमय मन्त्रबाट कुनै पदार्थ उत्पन्न हुँदैन। कसैले मन्त्रबाट आगो उत्पन्न हुन्छ भन्छ भने त्यस आगोले मन्त्रको जप गर्नेको हृदय र जिब्रोलाई भस्म गर्नेछ। त्यसो हुँदा शत्रुलाई मार्न जाँदा आफैं मर्नेछ। यसकारण विचारलाई मन्त्र भनिन्छ। जस्तै राजमन्त्री अर्थात् राजकर्मको विचार गर्ने व्यक्ति। त्यस्तै मन्त्र अर्थात् विचारपूर्वक सृष्टिका सब पदार्थहरूको पहिले ज्ञान, त्यसपछि क्रिया गर्नाले अनेक प्रकारका पदार्थ र क्रियाकौशल उत्पन्न हुन्छन्।

जस्तै एउटा कुनै फलामको बाण वा गोलो बनाएर त्यसमा आगो लगाउनाले, वायुमा धुवाँ फैलिंदा, सूर्यको किरण वा वायुको स्पर्श हुनासाथ आगो बल्ने किसिमको पदार्थ राखिएमा त्यसैको नाम **'आग्नेयास्त्र'** हुन्छ। कसैले यसलाई निष्क्रिय गर्न चाहेमा **'वारुणास्त्र'** छाड्नुपर्दछ। अर्थात् शत्रुले शत्रुको सेनामाथि आग्नेयास्त्र छोडेर नष्ट गर्न चाहेमा अविलम्ब आफ्नो सेनाको रक्षानिम्ति सेनापतिले वारुणास्त्रले आग्नेयास्त्रलाई निष्क्रिय पार्नुपर्दछ। धुवाँ, वायुको स्पर्श हुनासाथ बादल भएर तुरन्तै वर्षेर आगो निभाउने किसिमका पदार्थको योगबाट वारूणास्त्र बन्दछ। यस्तै **'नागपाश'** अर्थात् शत्रुमाथि छोड्नाले त्यसका अङ्गहरूलाई बाँध्ने, **'मोहनास्त्र'**=नशा गर्ने पदार्थ राखिएको हुनाले यसको धुवाँ लाग्नाले शत्रुको सेना निदाउने वा मूर्छित हुने, आदि किसिमका सबै शस्त्रास्त्र हुन्थे। अनि एउटा तार वा शीसा वा अरू कुनै पदार्थबाट विद्युत् उत्पन्न गरेर शत्रुको नाश गरिने अस्त्रलाई पनि **'आग्नेयास्त्र'** तथा **'पाशुपतास्त्र'** भनिन्छ।

**'तोप'** र **'बन्दुक'** नाम संस्कृत अथवा आर्यावर्त्तीय भाषाको नभई विदेशी भाषाका हुन्। विदेशी नाम तोप र बन्दुकलाई संस्कृत र आर्यभाषामा शतघ्नी र भुशुण्डी भनिन्छ। संस्कृत विद्या नपढेकाहरू भ्रममा परेर मनपरी लेख्ने वा बोल्ने गर्दछन्, त्यस्तोलाई बुद्धिमानहरूले प्रमाण मान्नुहुँदैन। भूगोलमा फैलिएको सबै विद्या आर्यावर्त्त देशबाट मिश्र, त्यहाँबाट यूनान, अनि रोम, त्यहाँबाट यूरोपदेश र यूपोदेशबाट अमेरिका आदि देशमा फैलिएको हो। अहिलेसम्म संस्कृतको धेरै



PDFill PDF Editor with Free Writer and Tools

प्रचार छ र मैक्समूलरले पढेजति संस्कृत अरू कसैले पढेको छैन भन्ने कुरा पनि भनाइ मात्र हो। किनकि '**यस्मिन्देशे द्रुमो नास्ति तत्रैरण्यो द्रुमायते**' अर्थात् कुनैपनि रूख नभएको ठाउँमा अरिणलाई नै ठूलो रूख मानिन्छ। यस्तै यूरोपमा संस्कृत विद्याको प्रचार नहुनाले जर्मनीहरूले र मैक्समूलरले अलिकति पढेको पनि यूरोपवासीका लागि धेरै भएको हो। तर आर्यावर्त्ततर्फ हेर्ने हो भने तिनको धेरै कम गन्ती हुन्छ। किनकि मैले जर्मन देशमा बस्ने एकजना 'प्रिंसिपलको पत्रबाट जर्मनी देशमा संस्कृत चिठ्ठीको अर्थ गर्नसक्ने धेरै कम छन् भन्ने कुरा थाहा पाएको हुँ र मैक्समूलरको संस्कृत साहित्य र अलिकति वेदव्याख्या हेरेर मलाई 'मैक्समूलरले आर्यावर्त्तीहरूले लेखेका टीकालाई हेरेर केही यताउति गरेर लेखेका हुन् भन्नेकुराको ज्ञान भएको हो।' जस्तै—

**'युञ्जन्ति ब्रध्नमरुषं चारन्तं परि तस्थुषः। रोचन्ते रोचना दिवि॥'**

यस मन्त्रको अर्थ घोडा गरेको छ। योभन्दा त सायणाचार्य्यले सूर्य्य अर्थ गरेकै ठीक छ। तर यसको ठीक अर्थ त परमात्मा हो भन्ने कुरा मैले लेखको '**ऋग्वेदादिभाष्यभूमिका**' मा हेर्नुहोला। त्यसमा यस मन्त्रको यथार्थ अर्थ गरिएको छ। यत्तिबाट 'जर्मनीदेश र मैक्समूलर साहेबमा कत्ति पाण्डित्य छ' भन्ने कुरा बुझ्नुहोला।

भूगोलमा फैलिएका समस्त विद्या र मत आर्य्यावर्त्त देशबाटै प्रचारित भएका हून् भन्ने कुरा निश्चित हो। हेर! प्यारिस अर्थात् फ्रांसदेश निवासी एकजना **गोल्डस्टर** साहेब आफ्नो '**बायबिल इन इण्डिया**' मा '**सबैविद्या र भलाइको भण्डार आर्यावर्त्त देश हो र सबै विद्या तथा मत यसै देशबाट फैलिएका हुन्**' भन्ने कुरा लेख्तछन् र परमेश्वरसँग प्रार्थना गर्दछन्—'**हे परमेश्वर! जस्तो उन्नति आर्य्यावर्त्त देशको पूर्वकालमा थियो त्यस्तै हाम्रो देशको गरिदिनुहोस्।**' इत्यादि कुराको लागि त्यस ग्रन्थलाई हेर्नुहोला।

बादशाह **दाराशिकोहले** पनि ''**जस्तो पूर्णविद्या संस्कृतमा छ, त्यस्तो अरू कुनै भाषामा छैन्**'' भन्ने निश्चय गरेका थिए। यो कुराको साथै उनी उपनिषद्को भाषान्तरमा लेख्छन्—''**मैले अरबी आदि धेरैजसो भाषाहरू पढें, तर म सन्देहमुक्त हुन सकिंन। संस्कृतलाई देखेसुने पछि सन्देहमुक्त भई मलाई ठूलो आनन्द प्राप्त भएको छ।**''

हेर, पूर्ण सुरक्षा नभएको भएतापनि काशीको मानमन्दिरमा शिशुमारचक्र कति उत्तम छ र त्यसबाट अझै पनि खगोलसम्बन्धी धेरै कुरा ज्ञात हुन्छन्। सबाई जयपुराधीशले त्यसको संभार र टुटेफुटेको



बनाइदिने गरेमा साह्रै बेस हुने थियो।

तर यस्तो शिरोमणि देशलाई महाभारतको युद्धले यस्तो धक्का दियो कि हालसम्म पनि आफ्नो अघिको अवस्थामा आउन सकेन। दाजु–भाइलाई दाजु–भाइले मार्न थालेपछि नाश त हुने नै भयो।

**विनाशकाले विपरीतबुद्धिः॥** यो कुनै कविको वचन हो। नाश हुने समय नजिक आएपछि बुद्धि उल्टो भएर उल्टै काम गर्दछन्। तिनलाई कसैले ठीक कुरा सम्झाएमा उल्टो सम्झन्छन् र उल्टो सम्झाए सुल्टो मान्दछन्। महाभारतको युद्धमा धेरै ठूला–ठूला विद्वान्, राजा, महाराजा, ऋषि, महर्षिहरू धेरैजसो मारिएपछि वेदोक्त धर्मको प्रचार नष्ट हुनथाल्यो। परस्परमा सबैमा ईर्ष्या, द्वेष, अभिमान बढ्नथाल्यो। जो बलवान् थियो त्यसले देशलाई आफ्नो अधीनमा लियो। त्यस्तै सर्वत्र आर्य्यावर्त्त देशमा टुक्रा–टुक्रा राज्य हुन पुगे भने द्वीप–द्वीपान्तरका राज्यको व्यवस्था कसले गरोस्? ब्राह्मणहरू नै विद्याविहीन भएपछि क्षत्रिय, वैश्य र शूद्रहरू अविद्वान् हुने कुरामा के भन्न बाँकी रह्यो र? परम्पराबाटै वेदादिशास्त्रहरूलाई अर्थसहित पढ्ने प्रचार पनि छुट्यो। ब्राह्मणहरूले आफ्नो जीवन धान्नको लागिमात्र वेदादिको पाठमात्र पढ्न थाले भने त्यो पाठमात्र पनि क्षत्रिय आदिलाई पढ्न दिएनन्। किनकि अविद्वान्हरू गुरु भएपछि तिनमा छल, कपट, अधर्म पनि बढ्दै गयो। ब्राह्मणले 'आफ्नो जीविकाको प्रबन्ध गर्नुपर्यो' भन्ने विचार गरे। सम्मतिपूर्वक यस्तै निर्णय गरेर क्षत्रिय आदिलाई—''हामी तिम्रा पूज्यदेव हौं। हाम्रो सेवा नगरी तिमीहरूले स्वर्ग वा मुक्ति पाउने छैनौ। तिमीहरूले हाम्रो सेवा गरेनौ भने घोर नरकमा पर्नेछौ।'' आदि उपदेश गर्न थाले। वेद र ऋषिमुनिका शास्त्रमा पूर्ण विद्यायुक्त धार्मिकहरूलाई नै ब्राह्मण र पूजनीय बताइएकोमा आफू मूर्ख, विषयी, कपटी, लम्पट, अधर्मी भएर पनि ब्राह्मणका उक्त लक्षण आफूमा सिद्ध गर्न थाले। त्यस्ता आप्त विद्वान्हरूको लक्षण यस्ता मूर्खहरूमा कसरी घटित हुनसक्तछ र? तर क्षत्रिय आदि यजमानहरू संस्कृत विद्यादेखि पूरै रहित भएपछि तिनका अगाडि जे जे गफै–गफ सुनाए, विचराहरूले जस्ताकोतस्तै मान्न थाले। अनि त यी नाममात्रका ब्राह्मणहरूको भनेजस्तै भयो। सबैलाई आफ्नो वाग्जालमा फँसाएर, वशीभूत गरेर भन्न थाले कि—

**ब्रह्मवाक्यं जनार्दनः॥** अर्थात् ब्राह्मणका मुखबाट निस्केको वचनलाई साक्षात् भगवान्को मुखबाट निस्केको ठान्नुपर्दछ। धन भैकनका अन्धा अर्थात् भित्र विद्याको आँखा फुटेका र प्रशस्त धनवान्



PDFill PDF Editor with Free Writer and Tools

क्षत्रियहरूलाई ती ब्राह्मण नामधारीहरूले 'पृथ्वीमा भएभरका उत्तम पदार्थहरू ब्राह्मणकै निम्ति हुन्' भन्ने पनि प्रचार गरे। अर्थात् गुण, कर्म, स्वभावबाट ब्राह्मण आदि वर्ण व्यवस्थालाई नष्ट गरेर जन्ममा आधारित बनाए र मरेपछि पनि यजमानबाट दान लिन थाले। जस्तो उनीहरूको मनमा आयो, त्यस्तै गर्नथाले। यतिसम्म भन्न थाले कि—'हामी भूदेव=पृथ्वीका देव हौं, हाम्रो सेवाविना कसैलाई पनि देवलोक प्राप्त हुनसक्तैन।' यिनीहरूसँग के सोध्नुपर्दछ भने—'तिमीहरू कुन लोकमा पुग्नेछौ ? तिम्रा काम त घोर नरक भोग्नुपर्ने किसिमका छन्, तिमीहरू कीरा फट्याङ्ग्रा, पुतली आदि बन्नेछौ।' त्यसो भन्दा त तिनीहरू अत्यन्त क्रोधित भएर—'हामीले श्राप दियौं भने तिम्रो नाश हुनेछ किनकि शास्त्रमा '**ब्रह्मद्रोही विनश्यति**' ब्राह्मणसँग द्रोह गर्ने व्यक्तिको नाश हुन्छ भने लेखिएको छ' आदि भन्दछन्। अँ, यति त सत्य हो कि सम्पूर्ण वेद र परमात्मालाई जान्ने, धर्मात्मा, सम्पूर्ण जगत्को उपकार गर्ने व्यक्तिसँग कसैले द्वेष गरेमा त्यो अवश्य नष्ट हुन्छ तर जो ब्राह्मण नै होइन त्यस्तालाई ब्राह्मण भन्नु अथवा त्यस्ताको सेवा गर्नु उचित हुँदैन।

**प्रश्न**—त्यसो भए हामी को हौं त ?

**उत्तर**—तिमीहरू पोप हौ।

**प्रश्न**—पोप कसलाई भनिन्छ ?

**उत्तर**—रोमन भाषामा त पोप ठूलो र पितालाई भन्दछन् तर अब छलकपटद्वारा अरूलाई ठगेर आफ्नो स्वार्थ सिद्ध गर्नेलाई पोप भनिन्छ।

**प्रश्न**—हामी त ब्राह्मण र साधु हौं। किनकि हाम्रा बुबा-आमा ब्राह्मण-ब्राह्मणी थिए र हामी फलानो नाम गरेको साधुका चेला हौं।

**उत्तर**—यो कुरा त सत्य हो। तर जुन, बाबु-आमा, ब्राह्मण-ब्राह्मणी हुँदैमा र कुनै साधुको शिष्य हुँदैमा ब्राह्मण वा साधु भइँदैन। आफ्ना गुण, कर्म, स्वभावबाट र परोपकारी भएर नै ब्राह्मण र साधु भइन्छ। सुनिन्छ—रोमका पोप आफ्ना चेलाहरूसँग 'तिमीले आफ्ना सबै पाप हाम्राअगाडि भन्यौ भने हामी क्षमा गरिदिनेछौं, हाम्रो सेवा र आज्ञाविना कोही पनि स्वर्ग जान सक्तैन, तिमी स्वर्ग जान चाहेमा तिमी हामीकहाँ जति रूपैयाँ जम्मा गर्नेछौ, त्यतिनै मूल्यको सामान तिमीले स्वर्गमा पाउनेछौ।' भन्दथे। यस्तो सुनेर कुनै धन भैकनका अन्धा व्यक्तिले स्वर्गमा जाने इच्छाले पोपजीलाई भनेजति रूपैयाँ दिएमा पोप ईसा र मरियमको मूर्तिसामु उभिएर यस्तो तमसुक (हुण्डी) लेख्दथ्यो—



''हे खुदाबन्द ईसामसी! फलाना मानिसले तिम्रो नाममा लाख रूपैयाँ स्वर्गमा आउनका लागि हामीकहाँ जम्मा गरिसकेको छ। ऊ स्वर्गमा आएपछि तिमीले आफ्ना पिताको स्वर्गको राज्यमा पच्चीस हजार रूपैयाँमा बागबगैंचा र घरबार, पच्चीस हजारमा सवारी, सिकारी र नोकर-चाकर, पच्चीस हजार रूपैयाँमा खान-पान र लत्ता-कपड़ा तथा पच्चीस हजार रूपैयाँ भने यसका इष्ट-मित्र, बन्धु-बान्धव आदिको स्वागत-सत्कार (जियाफत) का लागि दिलाइदिनू।'' अनि त्यस हुण्डीको मुनि आफ्नो सही गरेर हुण्डी त्यस व्यक्तिलाई दिंदै 'आफ्नो कुटुम्बलाई तिमी मर्नेबेलामा यो तमसुक कबरमा तिम्रो सिरानमा राख्न भनिराख्नू। पछि तिमीलाई लिन देवदूत (फरिश्ते) आउनेछन् र तिमीलाई तथा तिम्रो तमसुकलाई स्वर्गमा लगेर यसमा लेखिएबमोजिम सबैकुरा तिमीलाई दिलाइदिनेछन्' भन्दथे।

अब हेर, स्वर्गको ठेक्का नै पोपजीले लिएको जस्तो छ। जबसम्म यूरोपमा मूर्खता थियो, तबसम्म मात्र त्यहाँ पोपजीको लीला चल्थ्यो तर अब त्यहाँ विद्यावृद्धि भएको हुनाले पोपजीको झूटो लीला त्यति धेरै चल्दैन तर निर्मूल पनि भएको छैन।

त्यस्तै, आर्यावर्त्तमा पनि पोपजीले लाखौं अवतार लिए लीला फैलाएजस्तै सम्झे हुन्छ। अर्थात् राजा-प्रजालाई विद्या पढ्न नदिनु, सत्पुरुषहरूको संगत गर्न नदिनु र रातदिन झुक्याउनेबाहेक यिनीहरूको अरू केही पनि काम छैन। तर 'छलकपट आदि घृणित काम गर्नेहरू नै पोप भनिन्छन्, तिनीहरूभित्र पनि कुनै व्यक्ति धार्मिक, विद्वान्, परोपकारी छन् भने ती सच्चा ब्राह्मण र साधु हुन्' भन्ने कुरा ध्यान राख्नुपर्दछ।

अब 'पोप' भन्नाले मानिसहरूलाई ठगेर आफ्नो प्रयोजन सिद्ध गर्ने तिनै छली, कपटी, स्वार्थीहरू र 'ब्राह्मण, साधु' भन्नाले उत्तम पुरुष भन्ने बुझ्नुहोला। हेर, कुनै पनि उत्तम ब्राह्मण वा साधु नभएको भए वेद आदि सत्यशास्त्रका पुस्तक, स्वरसहित पठनपाठन आदिलाई जैन मुसलमान, ईसाई आदिका जालबाट बचाएर आर्य्यहरूलाई वेदादि सत्यशास्त्रमा प्रीतियुक्त वर्णाश्रममा राख्ने काम ब्राह्मण साधुबाहेक कसले गर्न सक्तथ्यो ? '**विषादप्यमृतं ग्राह्यम्**' (मनुस्मृति २।२२९) विषबाट पनि अमृत ग्रहण गरिने जस्तै पोपलीलाको बहकाउबाट पनि जैन आदि मतबाट आर्यहरू बचिराख्नु विषमा अमृत जस्तै गुण सम्झनुपर्दछ।

यजमान विद्याहीन भएपछि पोपहरूले केही पाठ-पूजा गरेर घमण्डी भएर परस्पर सम्मति गरेर राजा आदिसँग 'ब्राह्मण र साधु अदण्ड्य'



PDFill PDF Editor with Free Writer and Tools

हुन् भने। हेर, '**ब्राह्मणो न हन्तव्यः**' (महाभाष्य १।२।६४) '**साधुर्न हन्तव्यः**' यस्ता यस्ता सच्चा ब्राह्मण र सच्चा साधुका बारेमा भएका वचनलाई पोपहरूले आफ्नो पक्षमा लगाए। अरू पनि झूठा कुरा भएका ग्रन्थहरू बनाएर तिनमा ऋषिमुनिहरूका नाम राखेर उनैका नामबाट सुनाउन थाले। ती प्रतिष्ठित ऋषिमुनिहरूका नामबाट आफूमाथिका दण्डको व्यवस्था हटाउन लगाए। अनि आफूखुसी गर्न थाले अर्थात्, यस्तायस्ता कडा नियम चलाए जस–अनुसार ती पोपहरूको आज्ञाबेगर सुत्न, उठ्न, बस्न, जान, आउन, खान, पिउन आदि पनि नपाइने भयो। राजाहरूबाट यस्तो निर्णय गराए कि पोप अर्थात् नाम मात्रका ब्राह्मण, साधुले जेसुकै गरेपनि तिनलाई दण्ड दिनुहुन्न अर्थात् मनबाट तीमाथि दण्ड लगाउने विचार गर्नुपनि हुँदैन।

यस्तो मूर्खता फैलिएपछि पोप=पुजारी–पुरेतले जे जस्तो चाहे त्यस्तै गर्न गराउन थाले। यस्तो खराब चालचलन महाभारत युद्धभन्दा एक हजार वर्ष अघिदेखि शुरू भएको थियो, किनकि त्यसबखत पनि ऋषि मुनि त थिए तर मानिसमा बिस्तारै बिस्तारै अलिअलि केही आलस्य, प्रमाद, ईर्ष्या, द्वेषका अंकुर देखिएर बढ्दैबढ्दै फैलिंदै गए। सच्चा उपदेश नरहेपछि आर्य्यावर्त्तमा अविद्या फैलिएर परस्पर झै–झगडा गर्न थाले। किनकि—

**उपदेश्योपदेष्टृत्वात् तत्सिद्धिः। इतरथान्धपरम्परा॥**

—सांख्यदर्शन ३।७९, ८१

अर्थात्, उत्तम–उत्तम उपदेशक भएमा धर्म, अर्थ, काम र मोक्षको सिद्धि राम्ररी हुन्छ भने उत्तम उपदेशक र श्रोता नभएमा अन्धपरम्परा चल्दछ। फेरि पनि सत्पुरुषहरू जन्मेर सत्योपदेश गर्दछन्, अनिमात्र अन्धपरम्परा नष्ट भएर प्रकाशको परम्परा चल्दछ।

अनि ती पोपहरूले आफ्नो र आफ्ना चरण=पाउको पूजा गराउन र 'यसैमा तिमीहरूको कल्याण हुनेछ' भन्न थाले। यिनीहरू सबै तिनका अधीन भएपछि प्रमाद र विषयासक्तिमा डुब्दै गोठाला जस्तै झूठा गुरु र चेला फस्दै गए। विद्या, बल, बुद्धि, पराक्रम, शूरवीरता आदि सबै शुभगुण नष्ट हुँदैगए। अनि विषयासक्त भएपछि लुकीलुकी मद्य–मांसको सेवन गर्नथाले।

पछि तिनैमध्येबाट एउटा '**वाममार्ग**' चल्यो। 'शिव उवाच' 'पार्वत्युवाच' 'भैरव उवाच' इत्यादि नाम लेखेर तिनको नाम 'तन्त्र' राखियो। तिनमा यस्ता यस्ता विचित्र लीलाका कुरा लेखिएका छन्—



**मद्यं मांसं च मीनं च मुद्रा मैथुनमेव च।**
**एते पञ्च मकाराः स्युर्मोक्षदा हि युगे युगे॥१॥**
**प्रवृत्ते भैरवीचक्रे सर्वे वर्णा द्विजातयः।**
**निवृत्ते भैरवीचक्रे सर्वे वर्णाः पृथक् पृथक्॥२॥**
**पीत्वा पीत्वा पुनः पीत्वा यावत्पतति भूतले।**
**पुनरुत्थाय वै पीत्वा पुनर्जन्म न विद्यते॥३॥**
**मातृयोनिं परित्यज्य विहरेत् सर्वयोनिषु॥४॥**
**वेशास्त्रपुराणानि सामान्यगणिका इव।**
**एकैव शाम्भवी मुद्रा गुप्ता कुलवधूरिव॥५॥**

यी नालायक पोपका लीला यति निकृष्ट भए कि वाममार्गीहरूले वेदविरुद्ध महाअधर्मका कामलाई नै श्रेष्ठ माने। मद्य, मांस, माछा, पुरी कचौरी र ठूला ठूला रोट चपाउनु, योनि पात्राधार मुद्रा र पाँचौं मैथुन अर्थात् सबै पुरुषलाई शिव र सबै स्त्रीलाई पार्वती मानेर—'**अहं भैरवस्त्वं भैरवी ह्यवयोरस्तु संगमः**' कुनै पनि पुरुष र कुनै पनि स्त्रीले यो यसतपरी वाक्य बोलेर परस्पर समागम गर्नमा वाममार्गीहरू दोष मान्दैनन्। अर्थात् स्पर्श गर्न पनि नहुने स्त्रीलाई उनीहरूले अतिपवित्र मानेकाछन्। जस्तै शास्त्रमा रजस्वला आदि भएकी स्त्रीलाई स्पर्श गर्न निषेध छ भने वाममार्गीहरूले त्यस्तीलाई अतिपवित्र मानेका छन्। यिनका उटपटांग श्लोक सुन—

**रजस्वला पुष्करं तीर्थं चाण्डाली तु स्वयं काशी। चर्मकारी प्रयागः स्याद्राजकी मथुरामता। अयोध्या पुक्कसी प्रोक्ता॥** इत्यादि

रजस्वलासँग समागम पुष्करस्नान जस्तै, चाण्डालीसँगको समागम काशीयात्रा सरह, च्यामिनीसँगको समागम प्रयागस्नान जस्तो, धोबिनीसँग समागम मथुरायात्रा जस्तै र कंजरीसँगको लीला अयोध्यातीर्थ गरिएजस्तै हुन्छ।

मद्यको 'तीर्थ', मासुको 'शुद्धि' र 'पुष्प', माछाको 'तृतीया' र 'जलतुम्बिका', मुद्राको 'चतुर्थी' तथा मैथुनको 'पञ्चमी' नाम राखे। अरू कसैले बुझ्न नसकोस् भन्ने उद्देश्यले यस्तायस्ता नाम राखेका हुन्। आफ्ना नाम कौल, आर्द्रवीर, शाम्भव र गण आदि राखे र वाममार्गमा नहुनेहरूका नाम 'कण्टक' 'विमुख' 'शुष्कपशु' आदि राखे। अनि उनीहरूको भनाइमा भैरवीचक्र हुँदा त्यसमा ब्राह्मणदेखि चाण्डालसम्म सबै वर्णको नाम द्विज हुन्छ र भैरवीचक्रबाट छुटेपछि सबै आ–आफ्नै वर्णमा रहन्छन्॥



PDFill PDF Editor with Free Writer and Tools

भैरवी चक्रमा वाममार्गीहरू भुइँमा वा फलेकमा एउटा विन्दु, त्रिकोण, चतुष्कोण र बाटुलो घेरा बनाएर त्यसमाथि रक्सीको घैंटो राखेर त्यसको पूजा गर्दछन्। अनि यस्तो मन्त्र पढ्दछन्—'**ब्रह्मशापं विमोचय**' हे मद्य! तँ ब्रह्म आदिको शापरहित बन्। वाममार्गीबाहेक अर्कोलाई पुग्न नदिइने कुनै गोप्य ठाउँमा स्त्री–पुरुष जम्मा हुन्छन्। त्यहाँ पुरुषले कुनै एउटी स्त्रीलाई नाङ्गै पारेर पूजा गर्दछन् र स्त्रीले कुनै पुरुषलाई नाङ्गै गरेर पूज्दछन्। त्यसपछि कोही कसैकी पत्नी, कोही आफ्नै वा अरू कसैकी छोरी, कोही कसैकी वा आफ्नै आमा, दिदी, बहिनी, बुहारी आदि त्यहाँ आउँछन्। अनि एउटा भाँडोमा रक्सी भरेर र मासु, बडा आदिलाई एउटा थालमा राक्तछन्। त्यस रक्सीको भाँडालाई तिनका आचार्यले हातमा लिएर—'**भैरवोऽहम्, शिवोऽहम्**' अर्थात् म भैरव हुँ वा शिव हुँ भनेर पिउँछन्। त्यसपछि त्यसै जुठो भाँडाले सबैले पिउँछन्। अनि जब कसैकी पत्नी वा वेश्यालाई नाङ्गै पारेर अथवा कुनै पुरुषलाई नाङ्गै पारेर हातमा तरवार दिएर त्यस स्त्रीको नाम देवी र पुरुषको नाम महादेव राख्तछन्, तिनका उपस्थ इन्द्रियको पूजा गर्दछन्। त्यसपछि त्यस देवी वा शिवलाई रक्सीको गिलास पियाएर त्यसै जुठो भाँडाले एक–एक भाँडो सबैले पिउँछन्। फेरि त्यसैगरि बारम्बार पिएर उन्मत्त भएर जोसुकैकी बहिनी छोरी वा आमासँग अर्थात्, आफूखुसी जोसुकैसँग जोसुकैले कुकर्म गर्दछन्। कहिलेकाहीं नशा धेरै चढ्नाले जुत्ता, लात, घुस्सा चलाउने वा कपाल लुछ्ने गरेर पनि लड्दछन्। कुनै–कुनैलाई त्यहीं वान्ता हुन्छ। तिनमा सर्वाधिक सिद्ध मानिने अघोरी भन्नेले त्यस वान्तालाई पनि खान्छ। अर्थात् यिनमा सबैभन्दा ठूला सिद्धमा यस्ता कुरा हुन्छन्—

**हालां पिबति दीक्षितस्य मन्दिरे सुप्तो निशायां गणिकागृहेषु॥**
**विराजते कौलवचक्रवर्ती॥**

दीक्षित अर्थात् रक्सी व्यापारीकहाँ गएर बोतलमाथि बोतल धोक्न, रण्डीका घरमा गएर तीसँग कुकर्म गरेर त्यहीं रात बिताउने आदि कर्म निर्लज्ज र निःशङ्क भएर गर्ने व्यक्ति नै वाममार्गीहरूमा सर्वोपरि मुख्य चक्रवर्ती राजासमान मानिन्छ अर्थात् जो जति ठूलो कुकर्मी त्यही तिनमा ठूलो र असल काम गर्ने, खराब कामदेखि डराउने व्यक्ति सानो हुन्छ। किनकि—

**पाशबद्धो भवेज्जीवः पाशमुक्तः सदा शिव॥**

तन्त्रमा यसो भनिएको छ—लोकलज्जा, शास्त्रलज्जा, कुलज्जा,



देशलज्जा आदि पाश=बन्धनमा बाँधिएको ''जीव'' र निर्लज्ज भएर कुकर्म गर्ने भने 'सदाशिव' हो।

'उड्डीसतन्त्र' आदिमा एउटा प्रयोग लेखिएको छ। सोअनुसार एउटा घरमा चारैतर्फ खोपैखोपा होऊन्। तिनमा रक्सीका बोतल भरेर राखिदिनु पर्दछ। अनि एउटा खोपाबाट एउटा बोतल पिएर अर्को खोपासम्म, त्यहाँबाट तेस्रोमा, त्यहाँ पिएर चौथोमा यसैगरी लोहोरो ढलेजस्तै पृथ्वीमा नलडेसम्म पिउँदैजानु पर्दछ। नशा उत्रेपछि फेरि त्यसैगरि पिएर लड्नुपर्दछ। अनिफेरि तेस्रोपल्ट यसैगरी पिएर लडेर उठ्ने व्यक्तिको पुनर्जन्म हुँदैन अर्थात्, सत्य त के हो भने यस्ता व्यक्तिको फेरि मनुष्यजन्म हुनै कठिन छ, तर नीच योनिमा परेर धेरै समयसम्म त्यसै दुःख भोगिरहन्छ।

वाममार्गीहरूको तन्त्रग्रन्थमा एउटा नियम 'एउटी आमा बाहेक कुनैपनि स्त्रीलाई छोड्नु हुँदैन' भन्ने छ। अर्थात् छोरी अथवा बहिनी नै भएपनि सबैसँग सम्भोग गर्नुपर्दछ। यी वाममार्गीहरूमा 'दश महाविद्या' प्रसिद्ध छन्। तीमध्ये एउटा मातङ्गी विद्याका अनुसार '**मातरमपि न त्यजेत्**' अर्थात्, आमासँग पनि सम्भोग नगरी छोड्नु हुँदैन। साथै स्त्री–पुरुषको समागम समयमा 'हामीलाई सिद्धि प्राप्त होओस्' भन्ने मन्त्र जप्तछन्। यस्ता बहुलाहा महामूर्ख व्यक्ति पनि संसारमा थोरै होलान् र?

झूठो कुरा चलाउन चाहनेले सत्यको निन्दा अवश्य गर्दछ। हेर, वाममार्गी के भन्दछन्—'वेद, शास्त्र र पुराण यी सबै सामान्य वेश्याहरू जस्तै हुन् भने वाममार्गको शाम्भवी मुद्रा कुलीन गुप्त स्त्री हो।'

यसैकारण यिनीहरूले वेदविरुद्ध मत चलाएका हुन्। पछि यिनको मत खुब चल्यो। अनि धूर्तता गरेर वेदकै नामबाट पनि वाममार्गको अलि–अलि लीला चलाए। अर्थात्—

**'सौत्रामण्यां सुरां पिबेत्। प्रोक्षितं भक्षयेन्मांसम्। वैदिकी हिंसा न भवति। न मांसभक्षणे दोषो न मद्ये न च मैथुने। प्रवृत्तिरेषा भूतानां निवृत्तिस्तु महाफला॥'** —मनु० ५।५६

सौत्रामणी यज्ञमा रक्सी पिउनुपर्दछ। यसको ठीक अर्थ चाहिं—'सौत्रामणी यज्ञमा सोमरस अर्थात् सोमवल्लीको रस पिउनुपर्दछ' हो। प्रोक्षित अर्थात् यज्ञमा मासु खानमा दोष हुँदैन, यस्ता लाछीपनका कुरा वाममार्गीहरूले चलाएका हुन्। तीसँग के सोध्नुपर्दछ भने वैदिकी हिंसा हिंसा हुँदैन भने तँलाई र तेरा कुटुम्बलाई नै मारेर होम गरेमा के



PDFill PDF Editor with Free Writer and Tools

चिन्ता होला त ? मांसभक्षण, मद्यपान र परस्त्रीगमन आदिमा दोष छैन भन्नु बालकपनका कुरा हुन्। किनकि प्राणीहरूलाई दु:ख नपुर्याई मासु पाइँदैन र अपराधबेगर पीडा दिनु धर्मको काम होइन। मद्यपानको त सर्वत्र निषेध नै छ किनकि हालसम्म वाममार्गी का कुनै ग्रन्थमा जाँड–रक्सी पिउने विधान छैन, सर्वत्र निषेध चाहिं छ। विवाहबेगर मैथुनमा पनि दोष हुन्छ। यसलाई निर्दोष भन्ने आफैं दुष्ट हो। वाममार्गीहरूले यस्तायस्ता कुरा पनि ऋषिहरूका ग्रन्थमा हालेर कतिपय ऋषिमुनिहरूका नामबाट ग्रन्थ बनाएर गोमेध, अश्वमेध नामक यज्ञ पनि गराउन थाले। अर्थात् यी पशुहरूलाई मारेर होम गर्नाले यजमान र पशुलाई स्वर्ग प्राप्त हुन्छ भन्ने हल्ला फिंजाए। वास्तवमा त तिनीहरूले ब्राह्मणग्रन्थमा भएका अश्वमेध, गोमेध, नरमेध आदि शब्दका ठीक–ठीक अर्थ नै जानेनन्, जानेका भए यस्ता अनर्थ किन गर्थे र ?

**प्रश्न**—अश्वमेध, गोमेध, नरमेध आदि शब्दको अर्थ के हो त ?

**उत्तर**—यिनको अर्थ हो—

**राष्ट्रं वा अश्वमेध: । अन्नꣳहि गौ: । अग्निर्वा अश्व: । आज्यं मेध: ॥** —शतपथब्राह्मण।

घोडा, गाई आदि पशु तथा मानिसलाई मारेर होम गर्न कतै पनि लेखिएको छैन। यस्तो अनर्थ त मात्र वाममार्गीहरूका ग्रन्थमा लेखेको छ र यो कुरा पनि वाममार्गीहरूले चलाएका हुन् र जहाँ–जहाँ ग्रन्थमा लेखिएको छ भने त्यो पनि वाममार्गीहरूले प्रक्षेप गरेका हुन्। हेर, राजाले न्याय–धर्मपूर्वक प्रजाको पालन गर्नुपर्दछ, विद्या आदि दिने यजमान र आगोमा घिउ आदिको होम गर्नु 'अश्वमेध', अन्न, इन्द्रियहरू, किरण, पृथ्वी आदिलाई पवित्र राख्नु 'गोमेध' र मानिस मरिसकेपछि त्यसको शरीरको विधिपूर्वक दाह गर्नु 'नरमेध' भनिन्छ।

**प्रश्न**—यज्ञ गर्नेहरू 'यज्ञ गर्नाले यजमान र पशु स्वर्ग जान्छन् र होम गरेर पशुलाई फेरि जीउँदो गरिन्थ्यो भन्छन्। यो कुरा सत्य हो वा होइन ?'

**उत्तर**—होइन। स्वर्गमा जान्छन् भने यसो भन्नेलाई मारेर स्वर्ग पुर्याउनुपर्दछ अथवा उसका आमा, बाबु, पत्नी र सन्तान आदिलाई मारेर होम गरेर स्वर्गमा किन पुर्याउँदैनन् ? अथवा वेदीबाट फेरि किन बिउँताउँदैनन् ?

**प्रश्न**—यज्ञ गर्दा वेदका मन्त्र पढिन्छन्। वेदमा यी कुरा नभएका भए कहाँबाट पढिन्थ्यो र ?



**उत्तर**—मन्त्र शब्दरूप हुनाले त्यसले कसैलाई पढ्नबाट रोक्तैन। तर तिनको अर्थ पशुलाई मारेर होम गर्नुपर्दछ भन्ने होइन। जस्तै **'अग्नये स्वाहा'** इत्यादि मन्त्रको अर्थ अग्निमा हवि, पुष्टि आदि गर्ने, घिउ आदि उत्तम पदार्थको होम गर्नाले वायु, वृष्टि, जल शुद्ध भएर जगत्को सुखकारक हुन्छन्। तर यी सत्य अर्थलाई ती मुर्खहरू सम्झँदैनन् किनकि स्वार्थबुद्धि भएकाहरू आफ्नो स्वार्थबाहेक अरू केही पनि न त जान्दछन्, न मान्दछन्।

यी पोप=पुरेत–पुजारीहरूको यस्तो अनाचार देखेर र अर्को मरिसकेकाको श्राद्ध तर्पण आदि गरिने कुरा देखेर नै वेदादिशास्त्रको भयंकर निन्दा गर्ने बौद्ध, जैनमत प्रचलित भएका हुन्। यस्तो सुनिन्छ कि यसै देशमा एउटा गोरखपुरको राजा थियो। उसले पोप=पुरेत–पुजारीहरूबाट यज्ञ गरायो। ती पोपहरूले उसकी प्रिया रानीको समागम घोडासँग गराउनाले रानी मरेपछि राजा वैराग्यवान् भएर, आफ्नो छोरालाई राज्य सुम्पिएर, साधु भएर, पोपहरूको पोल खोल्न थाल्यो। यसैको शाखारूप चारवाक र आभाणक मत पनि चलेको थियो। तिनीहरूले यस्ता श्लोक बनाएकाछन्—

**पशुश्चेन्निहत: स्वर्गं ज्योतिष्टोमे गमिष्यति।**
**स्वपिता यजमानेन तत्र कथं न हिंस्यते॥ १ ॥**
**मृतानामिह जन्तूनां श्राद्धं चेत्तृप्तिकारणम्।**
**गच्छतामिह जन्तूनां व्यर्थं पाथेयकल्पनम्॥ २ ॥**

पशुलाई मारेर अग्निमा होम गर्नाले पशु स्वर्ग जान्छ भने यजमान आफ्ना पिता आदिलाई मारेर किन स्वर्ग पठाउँदैनन् ? मरेका मानिसको लागि श्राद्ध र तर्पण हुन्छ भने विदेश जाने व्यक्तिको निम्ति बाटो खर्च र खान–पान व्यवस्था गर्नु व्यर्थै हो। किनकि मृतकलाई श्राद्ध, तर्पणबाट अन्न जल पुग्दछ भने बाँचेकै विदेशतिर हिंडेका या बसेका व्यक्तिको घरमै तैयार भएको खानाबाट टपरीमा पस्केर पानीको लोटा भरेर उसको नाममा राख्नाले किन पुग्दैन ? बाँचेकै टाढा देश वा दश हात जति टाढा बसेकोलाई दिएर पुग्दैन भने मृतकसम्म त कुनै तरिकाले पनि पुग्नसक्तैन।

उनका यस्ता युक्तियुक्त उपदेश मान्न थाले र उनको मत बढ्न थाल्यो। धेरैजसो राजा र भूमिपतिहरू पनि तिनकै मतमा लागेका देखेर पोपजी=पुरेत–पुजारीहरू पनि त्यतैतर्फ लागे किनकि ती त जता बढी प्राप्त हुन्छ त्यतै जाने भइहाले। तुरुन्तै जैन बन्न पुगे। जैनमा पनि



PDFill PDF Editor with Free Writer and Tools

विभिन्न प्रकारका पोपलीला धेरै छन्, त्यो बाह्रौं समुल्लासमा लेखिनेछ। धेरैले यिनको मतलाई स्वीकार गरे तर पर्वत, काशी, कन्नौज, पश्चिम र दक्षिणदेशवासीहरूले जैनमत स्वीकार गरिसकेका थिएनन्। ती जैनीहरू वेदको अर्थ नजान्ने हुनाले बाहिरका पोपलीलालाई भ्रान्तिले वेदकै कुरा मानेर वेदको पनि निन्दा गर्नथाले। वेदका पठन–पाठन, यज्ञोपवीत आदि र ब्रह्मचर्यादिका नियमलाई पनि नष्ट गरे। जहाँ जति पुस्तक वेदादिका फेला परे, नष्ट गरे। आर्य्यहरूमाथि धेरैजसो राजसत्ता पनि चलाए र दुःख दिए। तिनीहरूलाई भय र शंका नरहेपछि आफ्नो मतका गृहस्थ र साधुहरूको प्रतिष्ठा र वेदमार्गीहरूको अपमान गर्नुको साथै पक्षपातपूर्वक दण्ड पनि दिन थाले। आफू भने सुख, आराम घमण्डले परिपूर्ण भई डुल्न थाले। ऋषभदेवदेखि महावीरसम्म आफ्ना तीर्थंकरहरूका ठूला–ठूला मूर्ति बनाएर पूजा गर्नथाले अर्थात्, ढुङ्गा आदि मूर्तिपूजाको मूलजरो जैनीहरूबाट सुरु भएको हो। परमेश्वरलाई मात्र कम भयो, ढुङ्गा आदि मूर्तिपूजा बढ्न थाल्यो। यसरी तीनसय वर्षसम्म आर्यावर्त्तमा जैनीहरूको शासन रह्यो। वेदार्थज्ञानबाट प्रायः सबै नै शून्य भैसकेका थिए। यस कुराको अनुमानतः साढे दुईहजार वर्ष व्यतीत भयो होला।

बाईससय वर्षअघि शङ्कराचार्यनामक द्रविडदेशमा जन्मेका ब्राह्मणले ब्रह्मचर्यपूर्वक व्याकरण आदि सबै शास्त्रलाई पढिसकेपछि सोच्न थाले—

'अहो! सत्य आस्तिक वेदमत हटेर नास्तिक जैनमत प्रचलित हुनु ठूलो हानिको कुरो भएको छ। यिनलाई कुनै तरिकाले हटाउनुपर्दछ' शङ्कराचार्यले शास्त्र त पढेकै थिए तर जैनमतका पुस्तक पनि पढेका थिए। अनि उनको युक्ति पनि धेरै प्रबल हुन्थ्यो। उनले यिनलाई कसरी हटाऊँ? भन्ने निश्चय गरे र यस्तो विचार गरेर उनी उज्जैन नगरमा आए। त्यस समय त्यहाँ सुधन्वा राजा थियो, उसले जैनीहरूका ग्रन्थ र केही संस्कृत पनि पढेको थियो। त्यहाँ गएर शङ्कराचार्यले वेदको उपदेश गर्नथाले तथा राजासँग भने—तपाईले संस्कृत तथा जैनीहरूका ग्रन्थ पढ्नुभएकै छ र जैनमत मान्नुहुन्छ। अतः म भन्दछु तपाईं मेरो शास्त्रार्थ जैनीहरूका पण्डितहरूसँग गराउनुहोस्। प्रतिज्ञा के हुनेछ भने हार्नेले जित्नेको मत स्वीकार गर्नुपर्नेछ र तपाईंले पनि जित्नेकै मत स्वीकार गर्नु उचित हुनेछ।

सुधन्वा जैनमतमा भएतापनि संस्कृत ग्रन्थ पढेका हुनाले उनको बुद्धिमा केही विद्याको प्रकाश थियो र उनको मनमा अत्यन्त पशुता



PDFill PDF Editor with Free Writer and Tools

छाएको थिएन। विद्वान् व्यक्ति सत्य र असत्य को परीक्षा गरेर सत्यलाई ग्रहण गर्दछ भने असत्यलाई त्यागिदिन्छ। सुधन्वा राजालाई ठूलो विद्वान् उपदेशक नमिलेसम्म उनी कुन सत्य हो र कुन चाहिं असत्य हो भन्ने सन्देहमा थिए। शङ्कराचार्यको यो कुरा सुनेपछि उनले बडो प्रसन्नतासाथ 'म शास्त्रार्थ गराएर सत्य र असत्यको निर्णय अवश्य गराउँनेछु' भने।

टाढा टाढादेखि जैनीहरूका पण्डितहरूलाई बोलाएर सभा गराए। त्यसमा शङ्कराचार्यको वेदमत र जैनीहरूको वेदविरुद्ध मत थियो अर्थात् शङ्कराचार्यको पक्ष वेदमतको स्थापना र जैनीहरूको खण्डन थियो। कैयौं दिनसम्म शास्त्रार्थ भयो। जैनीहरूको मत थियो—सृष्टिको कर्त्ता कुनै अनादि ईश्वर होइन, यो जगत् र जीव अनादि हुन्। यी दुवैको उत्पत्ति र नाश कहिल्यै हुँदैन। यसको विपरीत शङ्कराचार्यको मत थियो—अनादि सिद्ध परमात्मा नै जगत्को कर्त्ता हो, उही धारण र प्रलय गर्दछ। यो जीव र प्रपञ्च स्वप्न जस्तै मिथ्या हो। परमेश्वर आफैं सब रूप भएर लीला गरिरहेछ।

धेरै दिनसम्म शास्त्रार्थ चल्यो। अन्तमा युक्ति र प्रमाणद्वारा जैनीहरूको मत खण्डित भयो भने शङ्कराचार्यको मत अखण्डित रह्यो। अनि ती सबै जैनीहरूले र राजा सुधन्वाले जैनमत त्यागेर वेदमत स्वीकार गरे। ठूलो खैलाबैला मच्चियो। सुधन्वा राजाले अरू आफ्ना इष्टमित्र राजाहरूलाई पत्र लेखेर शङ्कराचार्यसँग शास्त्रार्थ गराए र समयको अवस्थाले जैनीहरू पराजित हुँदैगए। पछि सुधन्वा आदि राजाहरूले शङ्कराचार्यको सुरक्षाका लागि नोकर–चाकर राखेर आर्यावर्त्तदेशमा सर्वत्र घुम्ने व्यवस्था पनि गरिदिए। त्यसै समयदेखि सबैका यज्ञोपवीत हुनथाले र वेदको पठन–पाठन पनि हुनथाल्यो। दर्सवर्षभित्र आर्यावर्त्तदेशमा सर्वत्र घुमेर जैनीहरूको खण्डन र वेदको मण्डन गरे। तर शङ्कराचार्यको समयमा जैन विध्वंस अर्थात् जति मूर्त्तिहरू जैनीहरूका निस्कन्छन् ती शङ्कराचार्यकै समयमा फुटाइएका थिए। सिङ्गै निस्कने मूर्तिहरू भने जैनीहरूले नफुटाइयून् भन्ने सोचेर भूमिमा गाडेका थिए। तिनै अब कतै भूमिबाट निक्लिएका हुन्। शङ्कराचार्यभन्दा अघि शैवमतको पनि अलि–अलि प्रचार थियो। उनले त्यसको पनि खण्डन गरे। वाममार्गको खण्डन गरे। त्यस बेला यस देशमा धन धेरै थियो र स्वदेशभक्ति पनि थियो। जैनीहरूका मन्दिरमा वेदादिको पाठशाला बनाउने इच्छाका कारण शङ्कराचार्य र सुधन्वाले ती मन्दिर भत्काउनबाट रोकेका थिए। वेदमतको स्थापना भैसकेपछि शङ्कराचार्य विद्या प्रचारको

विचार गर्दै थिए, त्यसैताका दुईजना नाममात्र वेदमत मान्ने र भित्रबाट कट्टर जैनी अर्थात् कपटमुनिले, शङ्कराचार्यलाई आफूप्रति प्रसन्न र विश्वस्त गराएर र मौका छोपेर शङ्कराचार्यलाई यस्तो विषयुक्त वस्तु ख्वाए जसबाट उनको भोक कम हुँदै गयो र पछि शरीरमा लुतो–खटिरा आदि भएर छ महिनाभित्र शङ्कराचार्यको शरीर छुट्यो। त्यसबाट सबै निरुत्साहित भए र जति विद्याको प्रचार हुने आशा थियो त्यो पनि हुन पाएन। शङ्कराचार्यले लेखेका शारीरकभाष्य आदिको प्रचार उनका शिष्यहरूले गर्नथाले। अर्थात्, जैनीहरूको खण्डनका लागि उनले जो ब्रह्म सत्य, जगत् मिथ्या र जीव ब्रह्मको एकताकथन गरेका थिए, त्यसैको उपदेश उनका शिष्यहरू गर्न थाले। दक्षिणमा शृङ्गेरी, पूर्वमा भूगोवर्द्धन, उत्तरमा जोशी र द्वारिकामा शारदामठ बनाएर शङ्कराचार्यका शिष्य महन्त बनेर श्री सम्पत्तियुक्त भएर आनन्द गर्नथाले किनकि शङ्कराचार्यपछि उनका शिष्यहरूको ठूलो प्रतिष्ठा हुन थाल्यो।

अब यसमा विचारणीय कुरा के छ भने जीव र ब्रह्मको एकता र जगत् मिथ्या भन्ने कुरा शङ्कराचार्यलाई स्वीकार्य मत थियो भने त्यो ठीक होइन। जैनीहरूको खण्डनका निमित्त त्यस मतको प्रतिपादन गरिएको भए केही ठिकै छ। नवीन वेदान्तीहरूको मत यस्तो छ—

**प्रश्न**—जगत् स्वप्न जस्तै, डोरीमा सर्प, सीपीमा चाँदी, मृगतृष्णिकामा जल, गन्धर्वनगर र इन्द्रजालजस्तै यो संसार झूटो हो। एकमात्र ब्रह्म सच्चा हो।

**सिद्धान्ती**—तिमी कसलाई झूटो भन्दछौ ?

**नवीन वेदान्ती**—नभएको वस्तु प्रतीत हुन्छ भने त्यसलाई झूटो भनिन्छ।

**सिद्धान्ती**—हुँदै नभएको वस्तुको प्रतीति कसरी हुनसक्तछ ?

**नवीन०**—अध्यारोपद्वारा।

**सिद्धान्ती**—अध्यारोपन कसलाई भन्दछौ ?

**नवीन०**—**'वस्तुन्यवस्त्वारोपणमध्यासः'**॥ **'अध्यारोपापवादाभ्यां निष्प्रपञ्चं प्रपञ्च्यते'** अरू नै कुनै पदार्थमा अर्कै वस्तुको आरोपण गर्नु **'अध्यास'**, अध्यारोप र त्यसको निराकरण गर्नु अपवाद हुन्छ। यी दुवैबाट प्रपञ्चरहित ब्रह्मा प्रपञ्चरूप जगत्‌को विस्तार हुन्छ।

**सिद्धान्ती**—तिमी डोरीलाई वस्तु र सर्पलाई अवस्तु सम्झेर यस भ्रमजालमा परेका छौ। के सर्प वस्तु होइन ? डोरीमा सर्प छैन भन्छौ भने देशान्तर=अर्कै ठाउँमा र उसको संस्कारमात्र हृदयमा छ भने त्यो



सर्प पनि अवस्तु रहेन। त्यस्तै ठुटोमा मानिस, सीपीमा चाँदी आदिको कुरा पनि बुझ्नुपर्दछ। अनि जुन वस्तुको स्वप्नमा पनि भान हुन्छ भने त्यो वस्तु देशान्तरमा अवश्य हुन्छ र त्यसको संस्कार आत्मामा पनि हुन्छ। यसकारण त्यो स्वप्न पनि वस्तुमा अवस्तु को आरोपणजस्तो होइन।

**नवीन०**—आफ्नै टाउको काटिएको र आफू रोइरहेको, पानीको धारा मास्तिर गएको जस्तो कहिल्यै नदेखेको, नसुनेको र कहिल्यै नभएको कुरा स्वप्नमा देखिन्छ, त्यो सत्य कसरी हुन सक्तछ र ?

**सिद्धान्ती**—यो दृष्टान्तले पनि तिम्रो पक्षलाई सिद्ध गर्दैन, किनकि नदेखी, नसुनी संस्कार बन्दैन। संस्कारविना स्मृति र स्मृतिविना साक्षात् अनुभव हुँदैन। कसैले फलानाको टाउको काटियो भन्ने देखेको वा सुनेको त्यसका बन्धुबान्धव वा पिता आदिलाई लडाइँमा प्रत्यक्ष रोएको देखेको र फोहोरा आदिको पानीको धारा मास्तिर चलेको देखेको वा सुनेको भएर त्यसको संस्कार त्यसैको आत्मामा हुन्छ। यस जाग्रतका पदार्थ देखि अलग भएर अर्थात् स्वप्नमा आफ्नो आत्मामा तिनै पदार्थलाई देख्तछ, जुन वस्तुलाई देखेको वा सुनेको हुन्छ। आफैंभित्र देख्ता आफ्नो शिर काटिएको, आफैं रोइरहेको र मास्तिर चलेको पानीको धारालाई देख्तछ भन्ने बुझ्नुपर्दछ। यो पनि वस्तुमा अवस्तुको आरोप जस्तो होइन तर जसरी नक्सा बनाउनेले अघि नै देखेको, सुनेको वा गरेकोलाई आत्माबाट निकालेर कागजमा लेख्तछ अथवा, प्रतिबिम्ब उतार्ने व्यक्ति बिम्बलाई हेरेर आत्मामा आकृतिलाई राखेर त्यस्तै लेख्तछ। अँ, यति अवश्य हो कि कहिलेकाहीं स्वप्नमा स्मरण रहेका कुराको प्रतीति जस्तै अध्यापकलाई देख्नु आदि हुन्छ भने कहिले चाहिं धेरै अघि देखेसुनेको अतीतको ज्ञानको साक्षात्कार हुन्छ। त्यस समय 'मैले कुनै बेला देखेसुनेकै कुरा अहिले देख्दै, सुन्दै वा गर्दैछु' भन्ने याद रहँदैन। जसरी जाग्रत अवस्थामा स्मरण हुन्छ, त्यस्तै नियमपूर्वक स्वप्नमा हुँदैन। हेर, जन्मदेखि नै अन्धोलाई रूपको स्वप्न आउँदैन। यसकारण तिम्रो अध्यास र अध्यारोपको लक्षण झूटो हो र वेदान्तीहरूले ब्रह्ममा जगत्‌को भान हुने कुरामा दिएको विवर्त्तवाद अर्थात् डोरी आदिमा सर्प आदिको आभास हुने दृष्टान्त पनि ठीक होइन।

**नवीन०**—अधिष्ठानविना अध्यस्तको प्रतीति हुँदैन। जस्तै डोरी नभई सर्पको पनि भान हुन सक्तैन। जस्तै डोरीमा सर्प तिनै कालमा छैन तर अँध्यारो र केही उज्यालो हुँदा अपर्झट डोरीलाई देख्नाले



PDFill PDF Editor with Free Writer and Tools

व्यक्तिलाई ऊ सर्पको भ्रम भएर भयले काँप्तछ। दीपक आदिबाट त्यसलाई देख्नेबित्तिकै भ्रम र भय हट्तछ। त्यस्तै ब्रह्ममा जगत्को मिथ्या प्रतीति भएकोमा ब्रह्मको साक्षात्कार भएपछि सर्पको निवृत्ति र डोरीको प्रतीति भएजस्तै जगत्को निवृत्ति भएर ब्रह्मको प्रतीति हुन्छ।

**सिद्धान्ती**—ब्रह्ममा जगत्को भान कसलाई हुन्छ ?

**नवीन०**—जीवलाई।

**सिद्धान्ती**—जीव कहाँबाट आयो ?

**नवीन०**—अज्ञानबाट।

**सिद्धान्ती**—अज्ञान कहाँबाट आउँछ र कहाँ रहन्छ ?

**नवीन०**—अज्ञान अनादि छ र ब्रह्ममा रहन्छ।

**सिद्धान्ती**—ब्रह्ममा ब्रह्मकै अज्ञान हुन्छ वा अरू कसैको ? अनि त्यो अज्ञान कसलाई हुन्छ ?

**नवीन०**—चिदाभासलाई।

**सिद्धान्ती**—चिदाभासको स्वरूप के हो ?

**नवीन०**—ब्रह्म। ब्रह्मलाई ब्रह्मकै अज्ञान हुन्छ अर्थात् आफ्नो स्वरूपलाई आफैं बिर्सन्छ।

**सिद्धान्ती**—उसले बिर्सनमा कारण के हो ?

**नवीन०**—अविद्या

**सिद्धान्ती**—अविद्या सर्वव्यापी, सर्वज्ञको गुण हो वा अल्पज्ञको ?

**नवीन०**—अल्पज्ञको।

**सिद्धान्ती**—त्यसोभए तिम्रो मतमा एक अनन्त सर्वज्ञ चेतनबाहेक अर्को कुनै चेतन छ वा छैन ? र अल्पज्ञ कहाँबाट आयो ? अँ, अल्पज्ञ चेतनलाई ब्रह्मभन्दा भिन्नै मान्दछौ भने ठीकै छ। एउटै ठाउँको ब्रह्मलाई आफ्नो स्वरूपको अज्ञान हुन्छ भने सर्वत्र अज्ञान फैलिनेछ। जसरी शरीरको कुनै अङ्गमा हुने खटिरोको दु:ख शरीरका सबै अवयवहरूलाई काम नलाग्ने बनाउँछ, त्यसैगरी ब्रह्म पनि एक ठाउँमा अज्ञानी र क्लेशयुक्त हुनाले पूरै ब्रह्म पनि अज्ञानी र दु:खको अनुभव गर्ने हुनेछ।

**नवीन०**—यो सब उपाधिको धर्म हो, ब्रह्मको होइन।

**सिद्धान्ती**—उपाधि जड, चेतन, सत्य वा असत्य के छ ?

**नवीन०**—अनिर्वचनीय छ। अर्थात् यसलाई जड, चेतन, सत्य वा असत्य केही भन्न मिल्दैन।

**सिद्धान्ती**—तिम्रो यो कथन '**वदतो व्याघात**' जस्तै हो। किनकि अविद्या भन्दछौ र त्यसलाई जड-चेतन, सत्य-असत्य भन्न मिल्दैन



भन्छौ। तिम्रो यो कुरो पीत्तल मिसिएको सुनलाई बाँडाकहाँ लगेर यो सुन हो वा पीत्तल हो भनी परीक्षण गराउँदा बाँडाले 'न त यो सुन हो न पीत्तल नै हो, यसमा त दुबै धातु मिलेका छन्' भनेजस्तै भयो।

**नवीन०**—हेर, घटाकाश, मठाकाश, मेघाकाश र महदाकाश उपाधि अर्थात् घैंटो, घर र बादल हुँदा ती छुट्टाछुट्टै प्रतीत हुन्छन् तर वास्तवमा त महदाकाश नै भएजस्तै माया, अविद्या, समष्टि, व्यष्टि र अन्त:करणका उपाधिबाट अज्ञानीहरूलाई ब्रह्म पृथक्-पृथक् प्रतीत भैरहेछ, वास्तवमा त एउटै छ। निम्न प्रमाणलाई हेर—

**अग्निर्यथैको भुवनं प्रविष्टो रूपं रूपं प्रतिरूपो बभूव।**
**एकस्तथा सर्वभूतान्तरात्मा रूपं रूपं प्रतिरूपो बहिश्च॥**

—कठोपनिषद् ५।९

अग्नि साना-ठूला, लामा-फराक, बाटुला सबै आकृतिका पदार्थमा व्यापक भएर त्यसकै आकृतिको देखिने तर तीभन्दा छुट्टै भएजस्तै सर्वव्यापक परमात्मा अन्त:करणमा व्यापक भएर अन्त:करणाऽऽकार भैरहेछ तर तीभन्दा छुट्टै छ।

**सिद्धान्ती**—तिम्रो यो कथन पनि व्यर्थै हो किनकि तिमीले घट, मठ, मेघ र आकाशलाई छुट्टै मानेजस्तै कारणकार्य्यरूप जगत् र जीवलाई ब्रह्म भन्दा तथा ब्रह्मलाई यीभन्दा छुट्टै मान्नुपर्दछ।

**नवीन०**—अग्नि सबैमा प्रविष्ट भएर तदाकार देखिएजस्तै परमात्मा जड र जीवमा व्यापक भएर आकारवान् अज्ञानीहरूलाई आकारयुक्त देखिन्छ, वास्तवमा ब्रह्म न जड हो, न जीव हो। जस्तै हजारौं पानीका कुण्ड राखिएमा तिनमा सूर्यका हजारौं प्रतिबिम्ब देखिन्छन्, वास्तवमा त सूर्य एउटै हो। कुण्ड नष्ट हुनाले, पानी हल्लिनाले वा पोखिनाले=फैलिनाले सूर्य न त नष्ट हुन्छ, न हल्लिन्छ, न फैलिन्छ। यसैगरी अन्त:करणमा ब्रह्मको आभास परेको छ, यसलाई चिदाभास भनिन्छ। अन्त:करण रहेसम्म जीव छ, ज्ञानद्वारा अन्त:करण नष्ट हुँदा जीव ब्रह्मस्वरूप नै हो। यस चिदाभासलाई आफ्नो ब्रह्मस्वरूपको अज्ञान कर्त्ता, भोक्ता, सुखी, दु:खी, पापी, पुण्यात्मा, जन्म, मरण आफूमा आरोपित गर्दछ। तबसम्म संसारका बन्धनबाट छुट्तैन।

**सिद्धान्ती**—सूर्य आकारयुक्त, जलका कुण्ड पनि आकारयुक्त हुनाले सूर्य जलकुण्डभन्दा र जलकुण्ड सूर्यभन्दा छुट्टै हुनाले तिनको प्रतिबिम्ब हुनेहुँदा तिम्रो यो दृष्टान्त व्यर्थै छ। यी निराकार भएका भए यिनको प्रतिबिम्ब कहिल्यै हुनसक्ने थिएन। परमेश्वर भने निराकार,



PDFill PDF Editor with Free Writer and Tools

सर्वत्र आकाशजस्तै व्यापक हुनाले ब्रह्मभन्दा कुनै पदार्थ र पदार्थभन्दा ब्रह्म छुट्टै हुनसक्तैन र व्याप्य–व्यापक सम्बन्धका कारण एउटै पनि हुनसक्तैन। अर्थात्, अन्वयव्यतिरेकभावबाट हेर्दा व्याप्य–व्यापक सम्बन्धका कारण एउटै पनि हुनसक्तैन। अर्थात् अन्वयव्यतिरेकभावबाट हेर्दा व्याप्य–व्यापक सम्बन्धले मिलेका र सदा छुट्टै छन्। यो सबै एउटै भएमा व्याप्य–व्यापक भाव सम्बन्ध कहिल्यै घटित हुनसक्तैन। यो कुरा बृहदारण्यकोपनिषद्को अन्तर्यामी ब्राह्मण (३।७) मा स्पष्ट लेखिएको छ। ब्रह्मको आभास पर्न पनि सक्तैन किनकि आकारविना आभास हुन असम्भव हुन्छ। अन्त:करणोपाधिबाट ब्रह्मलाई जीव मान्दछौ भने यो तिम्रो बालककै जस्तो कुरा हो, किनकि अन्त:करण चलायमान, खण्ड–खण्ड र ब्रह्म भने अचल र अखण्ड छ। ब्रह्म र जीवलाई छुट्टाछुट्टै मान्दैनौ भने जहाँजहाँ अन्त:करण जानेछ त्यहाँ–त्यहाँको ब्रह्मलाई अज्ञानी र जुन–जुन ठाउँलाई छोड्दै जानेछ त्यहाँ–त्यहाँको ब्रह्मलाई ज्ञानी बनाउने छ वा छैन? प्रकाशको बीचमा जहाँ जहाँ छाता हुन्छ, त्यहाँ–त्यहाँको प्रकाशलाई आवरणयुक्त र जहाँ–जहाँबाट छाता हट्तैजान्छ त्यहाँ–त्यहाँको प्रकाश आवरणरहित त्यस छाताले गर्दछ। त्यस्तै ब्रह्मलाई अन्त:करणले क्षण क्षणमा ज्ञानी, अज्ञानी, बद्ध र मुक्त पारिरहनेछ। चेतन हुनाले अखण्ड ब्रह्मको एक ठाउँको आवरणको प्रभाव सबै ठाउँमा हुनेहुँदा सम्पूर्ण ब्रह्म अज्ञानी हुनेछ। अर्को कुरा, मथुरामा जुन अन्त:करणस्थ ब्रह्मले जुन वस्तु देखेको थियो, त्यसको स्मरण त्यसै अन्त:करणस्थ ब्रह्मबाट काशीमा हुनसक्तैन। किनकि **'अदृष्टमन्यो न स्मरतीति न्यायात्'** अरूले देखेको कुराको स्मरण अर्केलाई हुँदैन। जुन चिदाभासले मथुरामा देखेको थियो त्यो चिदाभास काशीमा रहँदैन र जो मथुरास्थ अन्त:करणको प्रकाश छ त्यो काशीस्थ ब्रह्म हुँदैन। फेरि ब्रह्म नै जीव हो र छुट्टै होइन भने जीवले सर्वज्ञ हुनुपर्दछ। ब्रह्मको प्रतिबिम्ब छुट्टै छ भने प्रत्यभिज्ञा अर्थात् अघि देखे–सुनेका कुराको ज्ञान कसैलाई हुनसक्नेछैन। ब्रह्म एउटै हुनाले स्मरण हुन्छ भन्छौ भने एक ठाउँमा अज्ञान वा दु:ख हुँदा सबै ब्रह्मलाई अज्ञान वा दु:ख हुनुपर्दछ। यस्तायस्ता दृष्टान्तहरूबाट तिमीहरूले नित्य, शुद्ध, बुद्ध, मुक्तस्वभाव ब्रह्मलाई अशुद्ध, अज्ञानी र बद्ध आदि दोषयुक्त बताउनुको साथै अखण्डलाई खण्ड–खण्ड मानेकाछौ।

**नवीन०**—दर्पण वा पानी आदिमा आकाशको आभास भएजस्तै



निराकारको पनि आभास हुन्छ। त्यो नीलो वा अरू कुनै किसिमको गम्भीर गहिरो देखिन्छ। त्यस्तै ब्रह्मको पनि सबै अन्त:करणमा आभास हुन्छ।

**सिद्धान्ती**—निराकार आकाशलाई आँखाले कसैले पनि देख्नसक्तैन। देखिंदै नदेखिने वस्तु दर्पण वा जल आदिमा कसरी देखिनसक्छ? गहिरो वा धमिलो देखिने साकार वस्तु हो, निराकार होइन।

**नवीन०**—त्यसोभए माथि नीलो जस्तो देखिने र ऐना वा पानीमा भान हुने पदार्थ के हो?

**सिद्धान्ती**—ती पृथ्वीबाट उडेका जल, पृथ्वी र अग्निका त्रसरेणु हुन्। जहाँबाट वर्षा हुन्छ, त्यहाँ पानी नभए वर्षा कहाँबाट हुने? यसकारण टाढा टाढा पाल जस्तै देखिने जलको चक्र हो। जसरी कुहिरो टाढाबाट घनाकार र नजिक पातलो उडेको जस्तो देखिन्छ त्यस्तै आकाशमा पानी देखिन्छ।

**नवीन०**—के डोरी, सर्प, सपना आदिका हाम्रा दृष्टान्त मिथ्या हुन्?

**सिद्धान्ती**—दृष्टान्त मिथ्या होइन, तिम्रो समझ चाहिं मिथ्या हो। यो कुरा हामीले अघि लेखिसक्यौं। पहिले अज्ञान कसलाई हुन्छ भन्ने कुरा त भन?

**नवीन०**—ब्रह्मलाई।

**सिद्धान्ती**—ब्रह्म अल्पज्ञ छ वा सर्वज्ञ?

**नवीन०**—न सर्वज्ञी, न अल्पज्ञ। किनकि उपाधिसहितमा नै सर्वज्ञता र अल्पज्ञता हुन्छ।

**सिद्धान्ती**—उपाधिसहित को छ?

**नवीन०**—ब्रह्म।

**सिद्धान्ती**—त्यसो भए ब्रह्म नै सर्वज्ञ अल्पज्ञ भयो, अनि तिमीले सर्वज्ञ र अल्पज्ञको निषेध किन गरेका थियौ? उपाधि कल्पित अर्थात् मिथ्या हो भन्छौ भने कल्पक=कल्पना गर्ने को हो?

**नवीन०**—जीव ब्रह्म नै हो अथवा अरू कुनै हो?

**सिद्धान्ती**—अरू नै हो। ब्रह्मस्वरूप भएर मिथ्याकल्पना गर्दछ भने त्यो ब्रह्मनै हुन सक्तैन। मिथ्याकल्पना गर्ने कहिले सच्चा हुन सक्तछ र?

**नवीन०**—हामी त सत्य, असत्य दुबैलाई मिथ्या मान्दछौं, वाणीले



PDFill PDF Editor with Free Writer and Tools

बोल्नु पनि मिथ्या नै हो।

**सिद्धान्ती**—तिमी झूट बोल्दछौ र मान्दछौ भने झूठा किन भएनौ ?

**नवीन०**—पख, झूट र सत्य हामीभित्रै कल्पित हो र हामी भने दुबैका साक्षी अधिष्ठान हौं।

**सिद्धान्ती**—तिमी सत्य र झूठका आधारहौ भने तिमीनै साहुकार र चोर जस्तै भयौ।

यसोहुँदा तिमी प्रामाणिक पनि रहेनौ ? किनकि सदासर्वदा सत्य मान्ने, सत्य बोल्ने, झूट नमान्ने, झूट नबोल्ने र कहिल्यै झूट नगर्ने नै प्रामाणिक हुन्छ। आफ्नै कुरालाई आफैं झूटो बनाउँछौ भने तिमी अनाप्त मिथ्यावादी हौ।

**नवीन०**—ब्रह्मको आश्रय लिएर ब्रह्मकै आवरण गर्ने अनादि मायालाई मान्दछौ वा मान्दैनौ ?

**सिद्धान्ती**—मान्दैनौं। नभएको वस्तु हृदयमा भासमान हुने भनिएको तिम्रो मायालाई भित्री आँखा फुटेकाले नै मान्नेछ। किनकि बाँझीका छोराको प्रतिबिम्ब कहिल्यै हुन नसकेजस्तै नभएको वस्तु भासमान हुनैसक्तैन, सर्वथा असम्भव हुन्छ। अनि तिम्रो यो कुरा **'सन्मूलाः सोम्येमाः प्रजाः'** इत्यादि छान्दोग्य उपनिषद्का वचनको विरुद्ध पनि हो।

**नवीन०**—के तिमी वसिष्ठ, शङ्कराचार्य आदि र निश्चलदाससम्म भएका तिमीभन्दा ठूला पण्डितहरूले लेखेका कुराको पनि खण्डन गर्दछौ ? हामीलाई त वसिष्ठ, शङ्कराचार्य र निश्चलदास आदि ठूला लाग्छन् ?

**सिद्धान्ती**—तिमी विद्वान् हौ वा अविद्वान् ?

**नवीन०**—हामी पनि केही विद्वान् हौं।

**सिद्धान्ती**—त्यसोभए वसिष्ठ, शङ्कराचार्य र निश्चलदासको पक्ष हाम्रो सामु स्थापित गर, हामी त्यसको खण्डन गर्दछौं। जसको पक्ष सिद्ध हुन्छ, उही ठूलो ठहर्नेछ। तिनको र तिम्रो कुरा अखण्डनीय भएको भए तिमी तिनका युक्तिहरूलाई लिएर हाम्रा कुराको खण्डन किन गर्नसक्तैनौ ? अनिमात्र तिम्रा र उनका कुरा मान्य हुनेथिए।

शङ्कराचार्य आदिले त जैनीहरूको मतको खण्डन गर्नका निम्ति यो मत स्वीकार गरेका होलान् भन्ने अनुमान छ। किनकि देश, कालअनुसार आफ्नो पक्षलाई सिद्ध गर्न धेरैजसो स्वार्थी विद्वान् आफ्नो आत्माको ज्ञान–विरुद्ध पनि कामकुरा गर्दछन्। अनि उनी यी कुराहरूलाई



अर्थात् जीव–ईश्वर एउटै हुन्, जगत् मिथ्या हो भन्ने व्यवहारलाई सच्चा मान्दथे भने उनको कुरा सत्य हुनसक्तैन।

निश्चलदासको पाण्डित्य त यस्तो छ—**'जीवो ब्रह्माऽभिन्नश्चेतनत्वात्'** उनले यो **'वृत्ति प्रभाकर'** (२।९) मा जीव र ब्रह्मको एकताका लागि अनुमान लेखेका हुन्—'जीव चेतन हुनाले ब्रह्मभन्दा अभिन्न छ। यो कुरा अत्यन्त थोरै समझ भएकाहरूको जस्तै हो। किनकि साधर्म्यले मात्र एक–अर्कासँग एकता हुँदैन, वैधर्म्य भेदक हुन्छ। जस्तै कसैले **'पृथिवी जलाऽभिन्ना जडत्वात्'** जड हुनाले पृथ्वी जलभन्दा अभिन्न हो। जसरी यो वाक्य कहिल्यै सङ्गत हुनसक्तैन, त्यस्तै निश्चलदासजीको अनुमान पनि व्यर्थ हो। किनकि अल्प, अल्पज्ञता र भ्रान्तिमत्त्वादि धर्म जीवमा ब्रह्मा भन्दा तथा सर्वगत, सर्वज्ञता र निर्भ्रान्तित्त्व आदि वैधर्म्य ब्रह्ममा जीवमा भन्दा विरुद्ध छन्, यसकारण ब्रह्म र जीव भिन्नाभिन्नै हुन्। जस्तै गन्धवत्त्व कठिनत्त्व आदि पृथ्वीका धर्म, रसवत्त्व, द्रवत्त्व आदि जलका धर्मभन्दा विरुद्ध हुनाले पृथ्वी र जल एउटै होइनन् त्यस्तै जीव र ब्रह्ममा विरुद्ध धर्म हुनाले जीव र ब्रह्म एउटै कहिल्यै न थिए, न छन् र न हुनेछन्। यतिबाटै निश्चलदास आदिमा कति पाण्डित्य थियो भन्ने कुरा बुझ्नुपर्दछ। अनि योगवासिष्ठ बनाउने कोही आधुनिक वेदान्ती थियो। त्यो वाल्मीकि, वसिष्ठ र रामचन्द्रले बनाएको, भनेको वा सुनेको होइन। किनकि ती सबै त वेदानुयायी थिए, यसकारण उनीहरू वेदको विरुद्ध बनाउन, भन्न वा सुन्न सक्तैन थे।

**प्रश्न**—व्यासजीले बनाएका शारीरकसूत्रमा पनि जीव ब्रह्मको एकता देखिन्छ। हेर—**सम्पद्याऽऽविर्भावः स्वेन शब्दात्॥ १ ॥ ब्राह्मेण जैमिनिरुपन्यासादिभ्यः ॥ २ ॥ चिति तन्मात्रेण तदात्मकत्वादित्यौडुलौमिः ॥ ३ ॥ एवमप्युपन्यासात् पूर्वभावादविरोधं वादरायणः ॥ ४ ॥ अत एव चानन्याधिपतिः ॥ ५ ॥**

—वेदान्तदर्शन ४।४।१, ५, ६, ७, ९

जीव पहिले ब्रह्मस्वरूप हुनाले ऊ आफ्नो स्वरूपलाई प्राप्त गरेर प्रकट हुन्छ, किनकि स्वशब्दबाट आफ्नो ब्रह्मस्वरूपको ग्रहण हुन्छ॥ १ ॥ **'अयमात्मा अपहतपाप्मा'** (छां०उ० ८।७।१) इत्यादि उपन्यास ऐश्वर्य प्राप्तिसम्म हेतुद्वारा जीव ब्रह्मस्वरूपबाट स्थित हुन्छ भन्ने जैमिनी आचार्यको विचार छ॥ २ ॥ अनि औडुलौमि आचार्यको विचारमा तदात्मकस्वरूप निरूपण आदि बृहदारण्यकका हेतुरूप वचनबाट



PDFill PDF Editor with Free Writer and Tools

चैतन्यमात्र स्वरूपद्वारा जीव मुक्तिमा स्थित रहन्छ ॥ ३ ॥ व्यासजी यिनै पूर्वोक्त उपन्यासादि ऐश्वर्यप्राप्तिरूप हेतुहरूद्वारा जीवको ब्रह्मस्वरूप हुनमा विरोध छैन भन्नुहुन्छ ॥ ४ ॥ योगी ऐश्वर्यसहित आफ्नो ब्रह्मस्वरूपमा प्राप्त भएर अरू कुनै अधिपतिरहित अर्थात् आफैं आफ्नो र अरू सबैको अधिपतिरूप ब्रह्मस्वरूपबाट मुक्तिमा स्थित रहन्छ ॥ ५ ॥

**उत्तर**—यी सूत्रहरूको अर्थ यसरी होइन। यिनको यथार्थ अर्थ त यो हो। सुन—

जीव आफ्नो स्वकीय शुद्धस्वरूपलाई प्राप्त भएर सबै मलदेखि रहित भएर पवित्र नभएसम्म योगद्वारा ऐश्वर्य प्राप्त गरेर आफ्नो अन्तर्यामी ब्रह्मलाई प्राप्त भएर आनन्दमा स्थित हुनसक्तैन ॥ १ ॥ यसैगरी पापादि–रहित ऐश्वर्ययुक्त भएर योगीले ब्रह्मसँग मुक्तिको आनन्द भोग्नसक्तछ। यस्तो जैमिनी आचार्यको मत हो ॥ २ ॥ जीव अविद्यादि दोषहरूबाट छुटेर शुद्ध चैतन्यमात्र स्वरूपद्वारा स्थिर भएपछि '**तदात्मकत्व**' अर्थात् ब्रह्मस्वरूपसँग सम्बन्ध प्राप्त गर्दछ। यो औडुलौमि आचार्यको मत हो ॥ ३ ॥ जब ब्रह्मसँग ऐश्वर्य र शुद्ध विज्ञान प्राप्त गरेर बाँच्दै जीवन्मुक्त हुन्छ, तब आफ्नो निर्मल पूर्वस्वरूपलाई प्राप्त भएर आनन्दित हुन्छ। यस्तो व्यासमुनिको मत हो ॥ ४ ॥ योगी सत्यसङ्कल्प भएपछि आफैं परमेश्वरलाई प्राप्त भएर मुक्तिसुख प्राप्तगर्दछ। त्यहाँ स्वाधीन स्वतन्त्र रहन्छ। संसारमा एउटा प्रधान र अर्को गौण भएजस्तो मुक्तिमा हुँदैन। तर मुक्तिमा त सबै मुक्त जीव एकनासै रहन्छन् ॥ ५ ॥ यसो नभएको भए—

**नेतरोऽनुपपत्तेः ॥ १ ॥**
**भेदव्यपदेशाच्च ॥ २ ॥** —वेदान्तदर्शन १।१।१६, १७
**विशेषणभेदव्यपदेशाभ्यां च नेतरौ ॥ ३ ॥**
—वेदान्तदर्शन १।२।२२
**अस्मिन्नस्य च तद्योगं शस्ति ॥ ४ ॥**
**अन्तस्तद्धर्मोपदेशात् ॥ ५ ॥**
**भेदव्यपदेशाच्चान्यः ॥ ६ ॥** —वेदान्तदर्शन १।१।१९–२१
**गुहां प्रविष्टावात्मानौ हि तद्दर्शनात् ॥ ७ ॥**
**अनुपपत्तेस्तु न शरीरः ॥ ८ ॥**
**अन्तर्याम्यधिदैवादिषु तद्धर्मव्यपदेशात् ॥ ९ ॥**
**शरीरश्चोभयेऽपि हि भेदेनैनमधीयते ॥ १० ॥**
—वेदान्तदर्शन १।२।११, ३, १८, २०

यी व्यासमुनिकृत वेदान्तसूत्र हुन्। ब्रह्म बाहेक जीव सृष्टिकर्त्ता



होइन, किनकि अल्पज्ञ, अल्पसामर्थ्य भएको जीवमा सृष्टिकर्तृत्व घटित हुनसक्तैन। यसबाट जीव ब्रह्म होइन भन्ने बुझिन्छ ॥ १ ॥ '**रसं ह्येवायं लब्ध्वानन्दी भवति**' यो उपनिषद्को (तैत्ति०उप०ब्रह्म०व० ७) वाक्य हो। जीव र ब्रह्म यी दुबैको भेद प्रतिपादन गरिएको हुनाले यी दुबै भिन्न हुन्। यसो नभएको भए 'रस अर्थात् आनन्दस्वरूप ब्रह्ममा प्राप्त भएर जीव आनन्दस्वरूप हुन्छ' भन्ने कुरामा प्राप्ति विषय ब्रह्म र प्राप्त हुने जीवको निरूपण घटित हुनसक्तैन। यसकारण जीव र ब्रह्म एउटै होइनन् ॥ २ ॥

**दिव्यो ह्यमूर्त्तः पुरुषः स बाह्यान्तरो ह्यजः।**
**अप्राणो ह्यमनाः शुभ्रो ह्यक्षरात्परतः परः ॥**
—मुण्डकोपनिषद् २।१।२

दिव्य, शुद्ध, मूर्तिरहित, सबैमा पूर्ण, भित्र–बाहिर निरन्तर व्याप्त, अज जन्म–मरण–शरीरधारणादिरहित, श्वास–प्रश्वास, शरीर र मनको सम्बन्धरहित, प्रकाशस्वरूप इत्यादि परमात्माका विशेषण हुन्, जीव अक्षर नाशरहित प्रकृतिभन्दा पर अर्थात् सूक्ष्म र त्यसभन्दा पनि परमेश्वर पर अर्थात् ब्रह्म सूक्ष्म छ। प्रकृति र जीवभन्दा ब्रह्मको भिन्नता प्रतिपादनरूप हेतुहरूका कारण ब्रह्म प्रकृति र जीवभन्दा भिन्नै छ ॥ ३ ॥ यसै सर्वव्यापक ब्रह्ममा जीवको योग वा जीवमा ब्रह्मको योग प्रतिपादन गर्नाले जीव र ब्रह्म भिन्नै छन्, किनकि भिन्न पदार्थकै योग हुनेगर्दछ ॥ ४ ॥ यस ब्रह्मका अन्तर्यामी आदि धर्म बताइएका छन्, जीवभित्र व्यापक हुनाले व्याप्य जीव व्यापक ब्रह्मभन्दा भिन्नै छ, किनकि व्याप्य–व्यापक सम्बन्ध पनि भेदमा नै संघटित हुन्छ ॥ ५ ॥ परमात्मा जीवभन्दा भिन्नस्वरूप भएजस्तै इन्द्रिय, अन्तःकरण, पृथ्वी आदि भूत, दिशा, वायु, सूर्य आदि दिव्यगुणका योगबाट देवता भनिने विद्वान्हरूभन्दा पनि परमात्मा भिन्नै छ ॥ ६ ॥ '**गुहां प्रविष्टौ सुकृतस्य लोके**' (कठोप० ३।२) इत्यादि उपनिषद्का वाक्यबाट जीव र परमात्मा भिन्नै छन् भन्ने बुझिन्छ। त्यस्तै उपनिषद्हरूमा धेरै ठाउँमा देखाइएको छ ॥ ७ ॥ '**शरीरे भवः शरीरः**' शरीरधारी जीव ब्रह्म होइन। किनकि ब्रह्मका गुण–कर्म–स्वभाव जीवमा घटित हुँदैनन् ॥ ८ ॥ अधिदैव=सबै दिव्य मन आदि र इन्द्रिय आदि पदार्थहरूमा, अधिभूत=पृथ्वी आदि भूत, अध्यात्म=सबै जीवमा परमात्मा अन्तर्यामी रूपमा स्थित छ। किनकि त्यसै परमात्माका व्यापकत्त्व आदि धर्मको व्याख्या सर्वत्र उपनिषद्हरूमा छ ॥ ९ ॥ शरीरधारी जीव ब्रह्म होइन किनकि ब्रह्मभन्दा जीवको भेद



PDFill PDF Editor with Free Writer and Tools

स्वरूपबाट सिद्ध छ॥ १०॥

इत्यादि शारीरक सूत्रहरूबाट पनि स्वरूपबाटै ब्रह्म र जीवको भेद सिद्ध छ। त्यस्तै वेदान्तीहरूको **'उपक्रम'** र **'उपसंहार'** पनि घटित हुनसक्तैन। किनकि वेदान्तीहरू **'उपक्रम'** अर्थात् आरम्भ ब्रह्मबाट र **'उपसंहार'** अर्थात् प्रलय पनि ब्रह्ममा नै हुन्छ भन्ने मान्दछन्। अरू कुनै वस्तुलाई उनीहरू नमान्ने हुनाले उत्पत्ति र प्रलय पनि ब्रह्मको धर्म हुन्छ र वेदादिशास्त्रमा भने उत्पत्ति, विनाशरहित ब्रह्मको प्रतिपादन गरिएको छ। नवीन वेदान्तीहरूको यो विचार वेदादि सत्यशास्त्रहरूसँग बाझ्दछ। किनकि निर्विकार, अपरिणामी, शुद्ध, सनातन, निर्भ्रान्तित्व आदि विशेषणयुक्त ब्रह्ममा विकार, उत्पत्ति र अज्ञान आदि कुनै प्रकारले पनि संभव हुनसक्तैन तथा उपसंहार=प्रलय भएपछि पनि ब्रह्म, कारणात्मक जड् र जीव रहिनैरहन्छन्। यसकारण उपक्रम र उपसंहार पनि यी वेदान्तीहरूको झूटो कल्पना हो। यस्ता शास्त्र र प्रत्यक्ष आदि प्रमाणविरुद्ध धेरैजसो अशुद्ध कुरा छन्।

यसपछि केही जैनी र केही शङ्कराचार्यका अनुयायीहरूका उपदेशका संस्कार आर्यावर्त्तमा फैलिएका थिए र परस्पर खण्डन-मण्डन पनि चल्दथ्यो। शङ्कराचार्यको तीनसय वर्षपछि उज्जैन नगरीमा राजा विक्रमादित्य केही प्रतापी भएका थिए। उनले सबै राजाहरूका बीचमा चलेका झगडा मेटाएर शान्ति स्थापना गरे। त्यसपछि काव्य आदि शास्त्र र अरू शास्त्रमा पनि केही विद्वान् राजा भर्तृहरि भए। उनले वैराग्यवान् भएर राज्यलाई छोडिदिए। विक्रमादित्यको पाँचसय वर्ष पछि राजा भोज भए। उनले केही व्याकरण र काव्यालंकार आदिको यति प्रचार गरे कि उनको राज्यमा कालिदास जस्ता गोठाला पनि रघुवंश जस्तो काव्यको रचयिता भए। राजा भोजकहाँ श्लोक बनाएर लैजाने जोसुकैलाई पनि धेरैजसो धन दिइन्थ्यो र सम्मान गरिन्थ्यो। राजा भोज पछि राजा र श्रीमान्हरूले पढ्न नै छोडिदिए।

यद्यपि शङ्कराचार्य अघि वाममार्गीहरू पछि शैव आदि सम्प्रदायका मतवादी पनि भएका थिए तर तिनको शक्ति धेरै थिएन। महाराजा विक्रमादित्यदेखि शैवहरूको बल बढ्न थाल्यो। वाममार्गीहरूमा 'दश महाविद्या' आदि शाखा भएजस्तै शैवमा **'पाशुपत'** आदि धेरै शाखा भएका थिए। केही व्यक्तिले शङ्कराचार्यलाई शिवको अवतार बताए। उनका अनुयायी संन्यासी पनि शैवमतमा लागे र वाममार्गीहरूलाई पनि मिलाउँदै गए। वाममार्गीहरू शिवजीकी पत्नी देवीका उपासक र



शैव महादेवका उपासक भए। यी दुवै हालसम्म पनि रुद्राक्ष र भस्म धारण गर्दछन्। तर शैव वाममार्गी जति वेद विरोधी छैनन्।

**धिक् धिक् कपालं भस्मरुद्राक्षविहीनम्॥ १॥**
**रुद्राक्षान् कण्ठदेशे दशनपरिमितान्मस्तके विंशती द्वे,**
**षट् षट् कर्णप्रदेशे करयुगलगतान् द्वादशान्द्वादशैव।**
**बाह्वोरिन्दोः कलाभिः पृथगिति गदितमेकमेवं शिखायाम्,**
**वक्षस्यष्टाऽधिकं यः कलयति तकं स स्वयं नीलकण्ठः॥ २॥**

इत्यादि धेरै किसिमका श्लोक यिनीहरूले बनाएर भन्नथाले— मस्तकमा भस्म र कण्ठमा रुद्राक्ष नभएकोलाई धिक्कार छ। **'तं त्यजेदन्त्यजं यथा'** त्यसलाई चाण्डालजस्तै त्याग्नुपर्दछ॥ १॥ कण्ठमा ३२, टाउकोमा ४०, दुबै कानमा ६-६, दुबै हातमा १२-१२, दुबै भुजामा १४-१६, टुप्पीमा एक र हृदयमा १०८ रुद्राक्ष धारण गर्ने व्यक्ति साक्षात् महादेव जस्तै हो॥ २॥ यस्तै शाक्त पनि मान्दछन्।

पछि यो वाममार्गी र शैवले सम्मति गरेर भग-लिङ्गको स्थापना गरे। त्यसलाई जलाधारी र लिङ्ग भनिन्छ र त्यसको पूजा गर्नथाले। ती लाज नभएकाहरूलाई 'यस्तो लाछीपनको काम हामी किन गर्दैछौं' भन्ने लाज पनि भएन। कुनै कवि ले **'स्वार्थी दोषं न पश्यति'** भनेको छ अर्थात् स्वार्थीहरू आफ्नो स्वार्थ सिद्ध गर्नमा दुष्ट कार्यहरूलाई पनि श्रेष्ठ मान्दछन् र दोष देख्दैनन्। त्यसै ढुङ्गा आदि मूर्ति र भग-लिङ्गको पूजाबाट समस्त धर्म-अर्थ-काम-मोक्ष आदि सिद्धिहरू प्राप्त हुने कुरा मान्न थाले। राजा भोजपछि जैनीहरूले आफ्ना मन्दिरमा मूर्तिस्थापना र दर्शन स्पर्शनका लागि आउन-जान थालेपछि यी पोपका चेला पनि जैन मन्दिरमा आउन जान थाले र उता पश्चिममा केही अरू मतावलम्बी र यवन=मुसलमान पनि आर्य्यावर्त्तमा आउन थाले। त्यसो हुँदा पोपहरूले यो श्लोक बनाए—

**न वदेद्यावनीं भाषां प्राणैः कण्ठगतैरपि।**
**हस्तिना ताड्यमानोऽपि न गच्छेज्जैनमन्दिरम्॥**

जतिसुकै दुःख आइपरे पनि र प्राण कण्ठगत अर्थात् मृत्यु नै आइपरे पनि यावनी=म्लेच्छभाषा मुखबाट बोल्नुहुँदैन र उन्मत्त हात्तीले आफूलाई मार्न पछ्याइरहेको तथा जैन मन्दिरमा जानाले प्राण बच्ने भएतापनि जैन मन्दिरमा जानु हुँदैन। जैनमन्दिरमा प्रवेश गरेर बाँच्नुभन्दा हात्तीको अगाडि परेर मर्नु बेस हुन्छ। आफ्ना चेलाहरूलाई यस्ता-यस्ता उपदेश गर्नथाले। तीसँग कसैले 'तिम्रो मतबारे कुनै मान्य ग्रन्थको



PDFill PDF Editor with Free Writer and Tools

प्रमाण छ ?' भनी प्रमाण सोद्धा 'छ' भन्ने उत्तर दिन्थे। 'देखाऊ' भन्दा मार्कण्डेय पुराण आदिका वाक्य पढेर सुनाउँदै दुर्गापाठमा देवीको वर्णन बताउँथे।

राजा भोजको राज्यमा कसैले व्यासजीको नामबाट मार्कण्डेय पुराण र शिवपुराण बनाएर चलाएका थिए। राजा भोजले यस कुराको जानकारी पाएपछि उनले ती पण्डितहरूका हात काटिदिने जस्ता दण्ड दिएर तीसँग 'कुनै काव्य आदि ग्रन्थ बनाएमा ऋषिमुनिका नामबाट नबनाएर आफ्नै नामबाट बनाउनुपर्दछ' भनेका थिए। यो कुरा ग्वालियर राज्यको भिंडनामक नगरको तिवारी ब्राह्मणको घरमा उपलब्ध, राजा भोजद्वारा लिखित 'संजीवनी' नामक इतिहासमा लेखिएको छ। यसलाई लखुनाका राव साहेब र उनका अनुयायी रामदयाल चौबेले आफ्नै आँखाले देखेका थिए। त्यसमा 'व्यासजीले चारहजार चारसय र उनका शिष्यहरूले पाँचहजार छसय श्लोक भएको अर्थात् जम्मा दसहजार श्लोक भएको महाभारत लेखेका थिए' भन्ने कुरा स्पष्ट लेखिएको छ। महाराजा भोज भन्दछन्—''त्यो महाभारत महाराज विक्रमादित्यको समयमा बीसहजार, मेरा (भोजका) पिताको समयमा पच्चीसहजार र मेरो आधा उमेर सम्ममा तीस हजार श्लोकयुक्त महाभारत उपलब्ध हुन्छ। यसैगरी बढ्दै गयो भने महाभारतको पुस्तक एउटा ऊँटलाई भारी पुग्ने हुनेछ र ऋषिमुनिका नामबाट पुराण आदि ग्रन्थ बनाइएमा आर्य्यावर्त्तका मानिस भ्रमजालमा परेर वैदिक धर्मविहीन भएर भ्रष्ट हुनेछन्।'' यसबाट राजाभोजमा अलि–अलि वेदका संस्कार थिए भन्ने बुझिन्छ। यिनको भोज प्रबन्धमा लेखिएको छ—

**घट्यै कया क्रोशदसकैमश्वः सुकृत्रिमो गच्छति चारुगत्या।**
**वायुं ददाति व्यजनं सुपुष्कलंविना मनुष्येण चलत्यजस्त्रम्॥**

राजा भोजको राज्यमा र छेउछाउमा यस्ता यस्ता शिल्पी थिए कि तिनीहरूले एउटा घोडाको जस्तो आकृति भएको यन्त्रकलायुक्त यान बनाएका थिए। त्यो यान एक कच्ची घडीमा एघार कोस र एक घण्टामा साढे सत्ताईस कोस हिंड्थ्यो। त्यो भूमि र अन्तरिक्षमा पनि चल्थ्यो। अर्को एउटा 'मानिसले नचलाई कलायन्त्रको बलले नित्य चल्ने र प्रशस्त हावा दिने' पंखा बनाएका थिए। यी दुबै पदार्थ अहिलेसम्म भएका भए यूरोपियन यत्ति घमण्डी हुने थिएनन्।

पोपहरूले आफ्ना चेलालाई जैनीहरूको सम्पर्कबाट रोक्न खोजेतापनि तिनलाई जैन मन्दिर जानबाट रोक्न सकेनन् र मानिस



जैनीका कथामा पनि जान थाले। जैनीका पोप यी पुराणी पोपका चेलालाई भड्काउन थाले। यो देखेर पुराणीहरूले 'यसको कुनै उपाय नगरिएमा आफ्ना चेला सबै जैनी भैजानेछन्' भन्ने विचार गरेर पोपहरूले सम्मति गरेर जैनीहरूका जस्तै आफ्ना पनि अवतार, मन्दिर, मूर्त्ति र कथाका पुस्तक बनाउने निर्णय गरे। यिनीहरूले जैनीका चौबीस तीर्थंकर जस्तै चौबीस अवतार, मन्दिर र मूर्त्तिहरू बनाए। जसरी जैनीका 'आदि' र 'उत्तर' पुराण आदि छन्, त्यस्तै यिनीहरूले अठार पुराण बनाउन थाले।

राजा भोजको डेढसय वर्षपछि वैष्णवमत आरम्भ भयो। एउटा शठकोप नामक कंजरवर्णमा जन्मेको व्यक्तिबाट यो मत केही चल्यो। त्यस पछि पोडेवंशमा जन्मको मुनिवाहन र तेस्रो यवनकुलमा जन्मेको यावनाचार्य यस मतलाई चलाउने भयो। त्यसपछि चौथो रामानुजाचार्य ब्राह्मणकुलमा जन्मेको थियो, उसले आफ्नो मत फिजायो। शैवले शिवपुराण आदि, शाक्तले देवीभागवत आदि, वैष्णवले विष्णुपुराण आदि बनाए। आफ्ना नामबाट बनाइएमा कसैले प्रमाण मान्नेछैन भन्ने विचारले ती ग्रन्थमा आफ्ना नाम नराखेर व्यास आदि ऋषि–मुनिहरूका नाम राखेर पुराण बनाइए। यी ग्रन्थहरूको नाम त पुराण नभएर नवीन हुनुपर्ने थियो तर कुनै दरिद्रले आफ्नो छोराको नाम महाराजाधिराज र आधुनिक वस्तुको नाम सनातन राख्दा कुनै आश्चर्य हुँदैन, त्यस्तै पुराणको पनि कुरा हो। परस्परमा यिनका जस्ता झगडा छन् पुराणहरूमा पनि यस्तै झगडाका कुरा छन्।

हेर, देवीभागवतमा 'श्री' नाम गरेकी एउटी देवी स्त्री श्रीपुरकी स्वामिनी बताइएकी छ। उसैले सब जगत्लाई र ब्रह्मा, विष्णु, महादेवलाई पनि उसैले बनाएको भनिएको छ। उसको आफ्नो इच्छा हुँदा उसले आफ्नो हात माड्दा उसको हातमा एउटा ठेलो उठ्यो। त्यसबाट ब्रह्माको उत्पत्ति भयो। त्यस देवीले भनी—'तिमी मसँग विवाह गर।' ब्रह्माले 'तिमी मेरी आमा हौ, म तिमीसँग विवाह गर्नसक्तिन' भन्यो, यो सुनेर माताले क्रोधित भएर त्यस केटोलाई भस्म गरिदिई। अनि फेरि त्यसैगरी हात माडेर अर्को केटो उत्पन्न गरी। उसको नाम विष्णु राखी। ऊसँग पनि त्यसै भन्दा उसले पनि नमान्नाले उसलाई पनि भस्म गरेर फेरि त्यसैगरी तेस्रो केटो जन्माएर उसको नाम महादेव राखेर 'तिमी मसँग विवाह गर' भनी। महादेवले 'म तिमीसँग विवाह गर्नसक्तिंन, तिमी अर्कै स्त्री–शरीर धारण गर' भन्यो। देवीले त्यसै गरी। तब महादेवले 'यो दुई ठाउँमा खरानीको थुप्रो जस्तो के हो ?' भनी सोद्धा देवीले 'यी



PDFill PDF Editor with Free Writer and Tools

दुबै तेरा भाइ हुन्, यिनीहरूले मेरो आज्ञा नमान्नाले मैले यिनीहरूलाई भस्म गरिदिएँ' भनी। महादेवले 'म एक्लै के गर्नेछु र? यी दुबैलाई जिउँदो पारेर दुईवटी स्त्री अरू उत्पन्न गर अनि तिनैको विवाह तिनैसँग हुनेछ' भन्यो। देवीले यस्तै गरी। अनि तिनैको विवाह तिनैसँग भयो। अरे! आमासँग विवाह गरेन, तर बहिनीसँग गर्यो। के यसलाई उचित भन्न मिल्ला? पछि इन्द्र आदिलाई उत्पन्न गरेर ब्रह्मा, विष्णु, रुद्र र इन्द्रलाई आफ्नो डोली उठाउने डोले बनाई, इत्यादि मनमाना ठूल्ठूला गफ लेखिएका छन्।

तिनीहरूसँग कसैले 'त्यस देवीको शरीर र त्यस श्रीपुरलाई बनाउने र त्यस देवीका आमा–बाबु को थिए? भनी सोध्नुपर्दछ। तिनले देवी अनादि हो भन्छन् भने संयोगजन्य वस्तु अनादि कहिल्यै हुनसक्तैन। आमा–छोराको परस्पर विवाह गर्नमा डर थियो भने दाजु–बहिनी वा दिदी–भाइको परस्पर विवाह कुनचाहिं राम्रो काम हो त? जसरी यस देवी भागवतमा महादेव, विष्णु र ब्रह्मा आदिको क्षुद्रता र देवीको महत्ता लेखिएको छ त्यस्तै शिवपुराणमा देवी आदिको क्षुद्रता लेखिएको छ। अर्थात् त्यहाँ महादेव सबैको ईश्वर र अरू सबै महादेवका दास बताइएका छन्। रुद्राक्ष अर्थात् एउटा वृक्षविशेषको फलका गेडा र खरानी धारण गर्नाले मुक्ति हुनेभए खरानीमा पल्टिरहने गधा आदि पशु र घुंघुची आदि धारण गर्ने भील, कंजर आदि पनि मुक्त हुनुपर्दछ र सुँगुर, कुकुर, गधा आदि खरानीमै पल्टिने पशु किन मुक्त हुँदैनन्?

**प्रश्न**—कालाग्निरुद्रोपनिषद्मा भस्म लगाउने विधान छ। त्यो के झूटो हो? र **त्र्यायुषं जमदग्नेः।** (यजुर्वेद ३।६२) इत्यादि वेदमन्त्रमा पनि भस्म धारणको विधान र पुराणमा रुद्रको आँखाको अश्रुपातबाट भएको वृक्षको नाम 'रुद्राक्ष' छ। यसैकारण त्यसलाई धारण गर्नमा पुण्य हुन्छ भन्ने लेखिएको छ। एउटा मात्र रुद्राक्ष धारण गरेपनि सबै पाप देखि छुटेर स्वर्ग गइन्छ, यमराज र नरकको डर रहँदैन।

**उत्तर**—कालाग्निरुद्रोपनिषद् कुनै खरानिया अर्थात् खरानी घस्ने मानिसले बनाएको हो। किनकि त्यसमा **'यास्या प्रथमा रेखा सा भूर्लोकः'** इत्यादि अनर्थक कुरा छन्। प्रतिदिन हातबाट बनाएको रेखा भूलोक वा त्यसको वाचक कसरी हुनसक्तछ? अनि **त्र्यायुषं जमदग्नेः।** इत्यादि मन्त्र भस्म वा त्रिपुण्ड्र धारणका वाचक होइनन्। **''चक्षुर्वै जमदग्निः''** (शतपथ ८।२१।३) हे परमेश्वर! मेरा आँखाको ज्योति (त्र्यायुषम्) तीनगुणा अर्थात् तीनसय वर्षसम्म रहोस् र म दृष्टि नाश



नहुने किसिमका धर्मका काम गरूँ।

आँखाबाट निस्केको आँसुबाट पनि रूख उत्पन्न हुनसक्तछ? यो कतिसम्म मूर्खताको कुरा हो। परमेश्वरको सृष्टिक्रमलाई के कसैले उल्टाउन सक्तछ? जुन वृक्षको जस्तो बिउ परमेश्वरले बनाएको छ, त्यसैबाट त्यो वृक्ष उत्पन्न हुन्छ, अरू केहीबाट पनि हुनसक्तैन। यसकारण रुद्राक्ष, भस्म, तुलसी, कमलाक्ष, घाँस, चन्दन आदिलाई कण्ठ आदिमा धारण गर्ने काम जङ्गली पशुहरूको जस्तै काम मानिसले गरेका हुन्। यस्ता वाममार्गी र शैव धेरै मिथ्याचारी, विरोधी र कर्तव्यकर्मका त्यागी हुन्छन्। तिनमा कोही श्रेष्ठ पुरुष छ भने उसले यी कुरामाथि विश्वास नगरेर सत्कर्म गर्दछ। रुद्राक्ष धारण गर्नाले यमराजका दूत भयभीत हुन्छन् भने पुलिसका सिपाही पनि डराउँछन् होला? रुद्राक्ष धारण गर्नेहरूदेखि कुकुर, सिंह, सर्प, बिच्छी, झिंगा र लामखुट्टे त डराउँदैनन् भने न्यायाधीशहरू किन डराउँछन् र?

**प्रश्न**—वाममार्गी र शैव ठीक नभए पनि वैष्णव त ठीक छन्, होइनन् र?

**उत्तर**—यी पनि वेद विरोधी हुनाले तीभन्दा पनि बढी गलत हुन्।

**प्रश्न**—**'नमस्ते रुद्र मन्यवे'।** —यजु० १।१६॥ **'शिवाय च शिवतराय च'** —यजु० १६।४१॥ **'वैष्णवमसि'**—यजु० ५।२१॥ **'वामनाय च'** —यजु० १६।३०॥ **'गणानां त्वा गणपतिः हवामहे'** —यजु० २३।१९॥ **'भगवती भूयाः'** —अथर्व० ६।१०।२०॥ **'सूर्य आत्मा जगतस्तस्थुषश्च'।** —यजु० १३।४६॥ इत्यादि वेद प्रमाणहरूबाट शैवादिमत सिद्ध हुन्छन् भने खण्डन किन गर्दछौ?

**उत्तर**—यी वाक्यहरूबाट शैव आदि सम्प्रदाय सिद्ध हुँदैनन्। किनकि 'रुद्र' परमेश्वर, प्राणादि वायु, जीव, अग्नि, आदिको नाम हो। क्रोधगर्ने रुद्र अर्थात् दुष्टहरूलाई रुवाउने परमात्मालाई नमस्कार गर्नु, प्राण र जठराग्निलाई अन्न दिनु, 'नम इति अन्ननाम' निघण्टु २।७॥ मङ्गलकारी, सब संसारको अत्यन्त कल्याणकारी त्यस परमात्मालाई नमस्कार गर्नुपर्दछ। **'शिवस्य परमेश्वरस्यायं भक्तः शैवः'।** **'विष्णोः परमात्मनोऽयं भक्तो वैष्णवः'।** **'गणपतेः सकलजगत्स्वामि–नोऽयं सेवको गाणपतः।'** **'भगवत्या वाण्या अयं सेवको भागवतः'।** **'सूर्यस्य चराचरात्मनोऽयं सेवकः सौरः'** यो सब रुद्र, शिव, विष्णु, गणपति, सूर्य आदि परमेश्वरका र भगवती सत्यभाषणयुक्त वाणीको नाम हो। कुरा नबुझिकनै यसमा यस्तो झगडा



PDFill PDF Editor with Free Writer and Tools

मच्चाएका हुन्। जस्तै—

एउटा कुनै वैरागीका दुईवटा चेला थिए। ती दिनहुँ गुरुका खुट्टा मिच्ने गर्दथे। एउटाले दाहिने खुट्टा र दोस्रोले देब्रे खुट्टाको सेवा गर्ने भनी भाग लगाएका थिए। एकदिन एउटा चेलो कतै बजारतिर गएको थियो र अर्काले भने आफ्नो भागको खुट्टाको सेवा गरिरहेको थियो। यत्तिकैमा गुरुले कोल्टोफेर्दा उसले सेवा गरिरहेको खुट्टामाथि अर्को गुरुभाइले सेवा गर्नुपर्ने खुट्टो पर्यो। यो देखेर त्यसले त्यस माथिल्लो खुट्टामा लौराले हान्यो। अरे दुष्ट, तैंले यो के गरेको ? भनी गुरु कराए। चेलाले 'मैले सेवा गर्नुपर्ने खुट्टामाथि यो खुट्टो किन चढेको त ?' भन्यो। यत्तिकैमा बजारतिर गएको अर्को चेलो आइपुग्यो। ऊ पनि आफ्नो भागको खुट्टाको सेवा गर्नथाल्यो। यसो हेर्दा त्यो खुट्टो त सुन्निएको रहेछ। उसले भन्यो—गुरुजी, यो मैले सेवा गर्ने खुट्टामा के भयो ? गुरुले सबै कुरा सुनाइदिए। त्यो मूर्ख पनि केही बोलेन, ऊ चुपचाप उठेर लौरो उठाएर बलपूर्वक गुरुको अर्को खुट्टामा हान्यो। गुरु चिच्याएर पुकार्न थाले। दुबै चेला भने लौरा लिएर गुरुका खुट्टामा हान्न थाले। हो-हल्ला सुनेर त्यहाँ मानिस जम्मा भए र 'साधुजी के भयो ?' भनी सोधे। तीमध्ये कुनै बुद्धिमान् व्यक्तिले साधुलाई छुटाएर ती मूर्ख चेलाहरूलाई 'हेर, यी दुबै गोडा तिम्रा गुरुका हुन्। यी दुबैको सेवा गर्नाले एउटै गुरुलाई सुख र दुःख दिनाले पनि नै गुरुलाई दुःख हुन्छ' भन्ने उपदेश दिए।

जसरी एउटा गुरुको सेवामा यी चेलाहरूले लीला गरे यसैगरी एक अखण्ड, सच्चिदानन्दानन्तस्वरूप परमात्माका विष्णु, रुद्र आदि अनेक नाम छन्। पहिलो समुल्लासमा स्पष्ट गरिएअनुसार यी नामहरूको सत्यार्थ नजानेर शैव, शाक्त, वैष्णव आदि सम्प्रदायीहरू परस्पर एक अर्काका नामको निन्दा गर्दछन्। यी मन्दमति व्यक्ति यी सब विष्णु, रूद्र, शिव आदि नाम एउटै अद्वितीय, सर्वनियन्ता, सर्वान्तर्यामी जगदीश्वर अनेक गुण, कर्म, स्वभावयुक्त हुनाले उसैका वाचक हुन् भन्ने कुरा अलिकति पनि आफ्नो बुद्धिलाई विस्तृत गरेर सोच्दैनन्। के यस्ता व्यक्तिहरूदेखि ईश्वर नरिसाउँदो हो त ? अब चक्र अङ्कित वैष्णवहरूको मायाको विचार गरौं—

**तापः पुण्ड्रं तथा नाम माला मन्त्रस्तथैव च।**
**अमी हि पञ्च संस्काराः परमैकान्तहेतवः॥ १॥**
**अतप्ततनूर्न तदामो अश्नुते।** —ऋग्वेद ९।८।३।१ इति श्रुतेः

अर्थात् (**तापः**) शङ्ख, चक्र, गदा र पद्मको चिह्नलाई आगोमा



तपाएर पाखुरामा डामेर दूधको भाँडोमा चिस्याउँछन्, कोही त्यस दूधलाई पिउने पनि गर्दछ। अब सोच, प्रत्यक्षरूपमा मानिसको मासुको स्वाद पनि त्यसमा आउँछ होला। यस्ता-यस्ता कामबाट परमेश्वर प्राप्तिको आशा गर्दछन् र शङ्ख, चक्र आदिले शरीरलाई नतपाइ त्यो शरीर (**आमः**) कच्चा हुनाले त्यसबाट जीव परमेश्वरलाई प्राप्त हुँदैन भन्दछन्। अनि 'जसरी राजकीय चिह्न धारण गर्नाले त्यस्तो चिह्न देखेर राजपुरुष सम्झेर सबैजना त्यस व्यक्तिदेखि डराउँछन्, त्यस्तै विष्णुका शङ्ख, चक्र आदि हतियारका चिह्न देखेर यमराज र उसका गण यी चिह्न धारण गर्नेदेखि डराउँछन्' भन्दछन्। अरू भन्छन—

दोहा— **वाना बड़ा दयाल का तिलक छाप और माल।**
**यम डरपै कालू कहे, भय माने भूपाल॥**

अर्थात् तिलक, छाप, माला आदि भगवानको पहिरन धारण गर्नु ठूलो कुरा हो, किनकि यसबाट यमराज र राजा पनि डराउँदछन्। (**पुण्ड्र**) मस्तकमा त्रिशूल जस्तै चित्र बनाउनु, (**नाम**) नारायणदास, विष्णुदास आदि अन्तमा 'दास' शब्द रहेको नाम राख्नु, (**माला**) कमल गट्टाको माला धारण गर्नु र पाँचौं (**मन्त्र**) जस्तै—यिनीहरूले साधारण मानिसका लागि '**ओं नमो नारायणाय॥ १॥**' यो मन्त्र बनाएका छन् र धनाढ्य तथा माननीयहरूका लागि भने—'**श्रीमन्नारायणचरणं शरणं प्रपद्ये॥ २॥, श्रीमते नारायणाय नमः॥ ३॥ श्रीमते रामानुजाय नमः॥ ४॥**' इत्यादि मन्त्र बनाएका छन्। हेर, यो पनि एउटा पसलै रहेछ! जस्तो मुख त्यस्तै तिलक। यी पाँच संस्कारलाई चक्राङ्कितहरू मुक्तिको कारण मान्दछन्। यी मन्त्रका अर्थ—म नारायणलाई नमस्कार गर्दछु॥ १॥, म लक्ष्मीयुक्त नारायणको चरणारविन्दको शरण पर्दछु॥ २॥, श्रीसहित नारायणलाई नमस्कार गर्दछु अर्थात् शोभायुक्त नारायणलाई मेरो नमस्कार होओस्॥ ३॥ र श्रीयुक्त रामानुजलाई मेरो नमस्कार होओस्॥ ४॥

वाममार्गीहरूले पाँच 'मकार' मानेजस्तै चक्राङ्कितहरू पाँच 'संस्कार' मान्दछन्। यिनीहरू शङ्ख, चक्रले डाम्ने कुरामा निम्नलिखित वेदमन्त्रको प्रमाण बताउँदछन्—

**प॒वित्रं॑ ते॒ वित॑तं ब्रह्मणस्पते प्र॒भुर्गात्रा॑णि॒ पर्ये॑षि वि॒श्वतः॑।**
**अत॑प्ततनू॒र्न तदा॒मो अ॑श्नुते शृ॒तास॒ इद्वह॑न्त॒स्तत्सम॑शत॥ १॥**
**तपो॑ष्प॒वित्रं॒ वित॑तं दि॒वस्प॒दे॥ २॥**

—ऋग्वेद मं० ९। सू० ८३। मं० १, २



PDFill PDF Editor with Free Writer and Tools

हे ब्रह्माण्ड र वेदको पालन गर्ने सर्वसामर्थ्ययुक्त सर्वशक्तिमान् प्रभु ! तपाईंले आफ्नो व्याप्तिद्वारा संसारका सबै अवयवहरूलाई व्याप्त गरिरहनु भएको छ। ब्रह्मचर्य, सत्यभाषण, शम, दम, योगाभ्यास, जितेन्द्रिय, सत्सङ्ग आदि तपश्चर्या नभएको अन्त:करणयुक्त अपरिपक्व आत्मा तपाईंको त्यस व्यापक, पवित्र स्वरूपलाई प्राप्त हुनसक्तैन। अनि पूर्वोक्त तपद्वारा शुद्ध नै यस तपको आचरण गर्दै तपाईंको त्यस शुद्धस्वरूपलाई राम्ररी प्राप्त हुन्छन्॥ १ ॥

प्रकाशस्वरूप परमेश्वरको सृष्टिमा विस्तृत पवित्राचरणरूप तप गर्नेहरू नै परमात्मामा प्राप्त हुन योग्य हुन्छन्॥ २ ॥

अब रामानुजीय आदि यस मन्त्रबाट 'चक्राङ्कित हुने कुरा कसरी सिद्ध गर्दछन् भन्ने कुरा विचार गरौं। ती विद्वान् अथवा अविद्वान् के थिए ? विद्वान् थिए भने यस मन्त्रको यस्तो असम्भावित अर्थ किन गर्थे ? किनकि यस मन्त्रमा 'अतप्तभुजैकदेश:' शब्द नभएर 'अतप्त तनू:' शब्द छ र 'अतप्ततनू:' को अर्थ 'नखशिखाग्रपर्यन्त समुदाय' हो। यस प्रमाणबाट चक्राङ्कितहरू अग्निद्वारा नै तपाउनुपर्ने कुरा स्वीकार्दछन् भने आ–आफ्ना शरीरलाई आगोको भट्टीमा हालेर सब शरीर डढाए पनि यस मन्त्रको अर्थको विरुद्ध हुन्छ, किनकि यस मन्त्रमा सत्यभाषण आदि पवित्र कर्म गर्नु नै तप मानिएको छ।

**ऋतं तप: सत्यं तपो दमस्तप: स्वाध्यायस्तप: ॥**

—तैत्तिरीय आरण्यक १०।८

इत्यादि '**तप**' भनिन्छ। अर्थात् (ऋतं तप:) यथार्थ शुद्धभाव, सत्य मान्नु, सत्य बोल्नु, सत्य गर्नु, मनलाई अधर्मतर्फ ध्यान नदिनु, बाहिरी इन्द्रियहरूलाई अन्याय आचरणतर्फ लाग्नबाट रोक्नु अर्थात् शरीर इन्द्रिय र मनबाट शुभकर्मकै आचरण गर्नु, वेदादि सत्यशास्त्रहरूलाई पढ्नु–पढाउनु, वेदानुसार आचरण गर्नु आदि उत्तम धर्मयुक्त कामलाई तप भनिन्छ। धातुलाई तपाएर छाला डाम्नुलाई तप भनिदैन।

हेर चक्राङ्कितहरू आफूलाई ठूला वैष्णव मान्दछन्, तर आफ्नो परम्परा र कुकर्मतर्फ ध्यान दिदैनन्। चक्राङ्कितहरूका ग्रन्थ र नाभा डोमले बनाएको भक्तमालमा लेखिएअनुसार यिनीहरूको मूलपुरुष '**शठकोप**' थियो—

**विक्रीय शूर्पं विचचार योगी ॥** —दिव्यसूरिचरित २।२२

इत्यादि वाक्य चक्राङ्कितहरूका ग्रन्थमा लेखिएका छन्। शठकोपयोगी सूप='नाङ्लो' बनाएर बेच्दै हिंड्थ्यो अर्थात् कंजरजातिमा



जन्मेको थियो। उसले ब्राह्मणहरूबाट पढ्न–सुन्न चाहँदा ब्राह्मणहरूले उसको तिरस्कार गरेहोलान्। अनि उसैले ब्राह्मणहरूका विरुद्ध सम्प्रदाय तिलक चक्राङ्कित आदि शास्त्रविरुद्ध मनमाना कुरा चलाएको होला। उसको चेलो चाण्डालवर्णमा जन्मेको '**मुनिवाहन**' थियो। उसको चेलो यवनकुलमा जन्मेको '**यावनाचार्य**' थियो, कसै–कसैले उसको नाम बदलेर '**यामुनाचार्य**' पनि भन्दछन्। तीपछि '**रामानुज**' ब्राह्मणकुलमा जन्मेर चक्राङ्कित भएको थियो। ऊभन्दा अघि केही भाषाका ग्रन्थ बनाइका थिए। रामानुजले अलि–अलि संस्कृत पढेर संस्कृतमा श्लोकबद्ध ग्रन्थ र शारीरक सूत्र र उपनिषद्हरूमाथि शङ्कराचार्यको टीकाको विरुद्ध टीका तैयार पारेको थियो साथै विभिन्न किसिमले शङ्कराचार्यको निन्दा गरेको थियो।

शङ्कराचार्यको अद्वैतमतअनुसार जीव ब्रह्म एउटै हुन्, अरू कुनै वस्तु वास्तविक होइन, जगत् प्रपञ्च, सबै मिथ्या मायारूप अनित्य हो। यसको विरुद्ध रामानुजका जीव, ब्रह्म र माया तिनै नित्य हुन्। यहाँ शङ्कराचार्यद्वारा ब्रह्मबाहेक जीव र कारणवस्तुलाई नमान्नु उचित होइन भने रामानुजद्वारा यस अंशमा विशिष्टाद्वैत जीव र मायासहित परमेश्वर एउटै हो, यसरी तीनलाई मान्नु र अद्वैत भन्नु सर्वथा व्यर्थ हो र जीवलाई सर्वथा ईश्वरको अधीन, परतन्त्र मान्नु, कण्ठी, तिलक, माला, मूर्त्तिपूजा आदि पाखण्डमत चलाउने आदि गलत कुरा चक्राङ्कितहरूमा छन्। चक्राङ्कित आदि जति वेदविरोधी छन्, शङ्कराचार्यका मतावलम्बी त्यति वेदविरोधी छैनन्।

**प्रश्न**—मूर्त्तिपूजा कहाँबाट चल्यो ?

**उत्तर**—जैनीहरूबाट।

**प्रश्न**—जैनीहरूले कहाँबाट चलाए ?

**उत्तर**—आफ्नो मूर्खताले।

**प्रश्न**—जैनीहरू 'शान्त ध्यानावस्थित बसेको मूर्त्तिलाई देखेर आफ्नो जीवको शुभपरिणाम पनि त्यस्तै हुन्छ' भन्छन् नि त ?

**उत्तर**—जीव चेतन हो भने मूर्त्ति जड हो। के मूर्त्तिजस्तै जीव पनि जड हुने छ ? यो मूर्त्तिपूजा पाखण्डमात्र हो र जैनीहरूले चलाएका हुन्। यसकारण यिनको खण्डन बाह्रौं समुल्लासमा गरिनेछ।

**प्रश्न**—शाक्त आदिले मूर्तिहरूमा जैनीहरूको अनुकरण गरेका होइनन् किनकि वैष्णव आदिका मूर्त्तिहरू जैनीहरूका मूर्त्ति जस्ता छैनन्।



PDFill PDF Editor with Free Writer and Tools

**उत्तर**—हो, यो कुरा ठीक हो कि तिनीहरूका मूर्त्ति जैनीहरूका मूर्त्तिजस्तै हुँदैनन्। जैनीहरूका मूर्त्तिजस्तै मूर्त्ति बनाएका भए यिनीहरू जैनमतमै मिल्ने थिए, यसकारण जैनीहरूका भन्दा विरुद्ध किसिमका मूर्त्ति बनाए। किनकि जैनीसँग विरोध गर्नु यिनीहरूको र यिनीहरूसँग विरोध गर्नु जैनीहरूको मुख्य काम थियो। जस्तै जैनीहरूले नाङ्गा, ध्यानावस्थित र विरक्त मानिसका जस्तै मूर्त्ति बनाएका छन् भने तिनका विरुद्ध वैष्णव आदिले निकै शृङ्गारित स्त्रीका साथ रङ्ग–राग–भोग–विषयासक्तियुक्त आकृति भएका उभिएका र बसेका मूर्त्ति बनाएका छन्। जैनीहरू धेरै शंख, घण्टा, घडियाल आदि बाजा बजाउँदैनन् भने यिनीहरू चाहिं ठूलो होहल्ला गर्दछन्। यस्तो लीला गर्नाले वैष्णवादि सम्प्रदायका पोपका चेला जैनीहरूका जालबाट बचेर यिनै पोपका लीलामा आएर फँसे र व्यास आदि महर्षिहरूका नामबाट धेरैजसो मनमाना असम्भव गाथायुक्त ग्रन्थ बनाए। तिनको नाम 'पुराण' राखेर कथा पनि सुनाउँन थाले। अनि पछि 'ढुङ्गाका मूर्त्तिहरू बनाएर गुपचुप कतै पहाड वा जङ्गल आदिमा राखेर आउने वा भूमिमा गाड्नेजस्ता विचित्र माया रच्न थाले। त्यसपछि आफ्ना चेलाहरूमा 'मलाई राति सपनामा महादेव, पार्वती, राधा, कृष्ण, सीता, राम वा लक्ष्मी, नारायण र भैरव, हनुमान आदिले 'हामी फलानो–फलानो ठाउँमा छौं, हामीलाई त्यहाँबाट ल्याएर मन्दिरमा स्थापित गरेर तिमी नै हाम्रो पुजारी भएमा मनले चाहेको फल दिनेछौं' भनेको छ' भनी प्रचार गरे।

धन भैकनका अन्धा व्यक्तिहरूले पोपका लीला सुनेर ती सबलाई सत्य मानेर ती पोपसँग 'त्यो मूर्त्ति कहाँ छ?' भनी सोध्दा पोपले भने, 'फलानो पहाड वा जङ्गलमा छ, हामीसँग हिंड, देखाइदिन्छौं'। अनि ती बुद्धिका अन्धाले त्यस धूर्त पोपसँग गएर त्यहाँ पुगेर हेरे। अनि त ती आश्चर्यचकित भएर त्यस पोपका गोडामा परेर तिनले 'तपाईंमाथि यस देवता को ठूलो कृपा छ, अब तपाईं यस मूर्त्तिलाई लिइहिंड्नुहोस्, हामी मन्दिर बनाइदिनेछौं, त्यसमा यस देवताको स्थापना गरेर तपाईंले नै पूजा गर्नुहुनेछ र हामी पनि यस प्रतापी देवताको दर्शन–स्पर्शन गरेर मनोवाञ्छित फल पाउँनेछौं' भने। यसैगरी एउटाले लीला रचेपछि त्यसैलाई देखेर सबै पोपहरूले आफ्नो जीविका चलाउन छल–कपटद्वारा मूर्त्तिहरू स्थापित गरे।

**प्रश्न**—परमेश्वर निराकार हुनाले ध्यानमा आउन नसक्ने हुँदा मूर्त्ति अवश्य हुनैपर्ने हो। केही नगरेपनि कसैले मूर्त्तिअगाडि पुगेर हात



जोरेर परमेश्वरलाई स्मरण गर्दछन् र नाम लिन्छन् भने यसमा के हानि छ त?

**उत्तर**—परमेश्वर निराकार, सर्वव्यापक हुनाले उसको मूर्त्ति बन्नैसक्तैन। अनि मूर्त्तिको दर्शन गर्नाले मात्र परमेश्वरको स्मरण हुने भए, परमेश्वरले बनाएका पृथ्वी, जल, अग्नि, वायु र वनस्पति आदि अनेक पदार्थ, जुन पदार्थमा ईश्वरले अद्भुत रचना गरेकोछ, परमेश्वरले बनाएका पृथ्वी, पहाड आदि महामूर्त्तिहरू, जुन पहाड आदिबाट मानिस मूर्त्तिहरू बनाउँदछन्, तिनैलाई देखेर के परमेश्वरको स्मरण हुनसक्तैन? मूर्त्तिको दर्शनबाट परमेश्वरको दर्शन हुन्छ भन्ने तिम्रो कुरा सर्वथा झूटो हो। किन कि यसो भएमा त्यो मूर्त्ति अगाडि नहुँदा परमेश्वरको स्मरण पनि नहुने हुनाले मानिस एकान्त अवसर पाएर चोरी–जारी आदि गर्नमा प्रवृत्त पनि हुनसक्तछ। त्यस्तो अवस्थामा मानिसले 'यतिखेर मलाई देख्ने कोही छैन' भन्ने कुरा जान्ने हुनाले उसले अनर्थ नगरी छोड्नेछैन। ढुङ्गा आदिका मूर्त्तिपूजा गर्नमा इत्यादि अनेक दोष सिद्ध हुन्छन्।

अर्कोतर्फ सोच, पाषाण आदि मूर्त्तिलाई नमानेर सर्वदा सर्वव्यापक, सर्वान्तर्यामी, न्यायकारी परमात्मालाई सर्वत्र जान्ने र मान्नेले सर्वत्र सर्वदा परमेश्वरलाई सबैका असल–खराब कर्महरूको द्रष्टा सम्झेर र एकक्षणमात्र पनि आफूलाई परमेश्वरभन्दा छुट्टै नसम्झेर कुकर्म गर्ने कुरा त परै जाओस् मनमा कुचेष्टा गर्न पनि सक्तैन। किनकि ऊ 'मैले मन, वचन वा कर्मबाट पनि कुनै गलत काम गरेमा त्यसको दण्ड नपाई यस अन्तर्यामीको न्यायबाट कहिल्यै बच्न सक्नेछैन' भन्ने कुरा जान्दछ। अर्को कुरा, नाम स्मरणबाट मात्र केही पनि फल हुँदैन। जस्तै मिश्री–मिश्री भन्नाले मुख गुलियो र नीम–नीम भन्नाले मुख तीतो हुँदैन। जिब्रोले चाखेरमात्र गुलियोपन वा तीतोपन जानिन्छ।

**प्रश्न**—सर्वत्र पुराणहरूमा नामस्मरणको ठूलो माहात्म्य छ भने के नाम लिनु पनि सर्वथा मिथ्या हो त?

**उत्तर**—तिम्रो नाम लिने तरिका उत्तम होइन। तिमीले नामस्मरण गर्ने गरेको तरिका झूटो हो।

**प्रश्न**—हाम्रो कस्तो तरिका छ?

**उत्तर**—वेदविरुद्ध।

**प्रश्न**—त्यसोभए वेदमा बताइएको नामस्मरणको तरिका के हो त?



PDFill PDF Editor with Free Writer and Tools

**उत्तर**—नामस्मरण यसरी गर्नुपर्दछ—जस्तै ईश्वरको एउटा नाम 'न्यायकारी' हो। परमात्माको यस नामको अर्थमा—पक्षपात रहित भएर परमात्माले यथावत् सबैको न्याय गरेजस्तै उसलाई ग्रहण गरेर सर्वदा न्याययुक्त व्यवहार गर्नु र अन्याय कहिल्यै नगर्नु नै ईश्वरको 'न्यायकारी' यस नामको सच्चा स्मरण हो। यसरी एउटै नामबाट पनि मानिसको कल्याण हुनसक्तछ।

**प्रश्न**—परमेश्वर निराकार छ भन्ने कुरा हामीलाई पनि थाहा छ, तर त्यस परमेश्वरले शिव, विष्णु, गणेश, सूर्य र देवी आदिका शरीर धारण गरेर राम, कृष्ण आदि अवतार लियो, यसैकारण उसका मूर्त्ति बनाइन्छन्, के यो कुरा पनि झूटो हो त?

**उत्तर**—हो। यो कुरा अवश्य पनि झूटो हो। किनकि वेदमा परमेश्वरलाई '**अज एकपात्**' (ऋग्वेद ७।३५।१३), '**अकायम्**' (यजुर्वेद ४०।८) इत्यादि विशेषणद्वारा जन्ममरण र शरीर धारणरहित बताइएको छ। युक्तिद्वारा पनि परमेश्वरको अवतार कहिल्यै सिद्ध हुनसक्तैन। किनकि आकाश जस्तै सर्वत्र व्यापक, अनन्त र सुख–दु:ख, दृश्य आदि गुणरहित परमात्मा एउटा सानो वीर्य, गर्भाशय र शरीरमा कसरी आउन सक्तछ र? जो एकदेशीय हुन्छ, उही आउने–जाने गर्दछ। प्रत्येक परमाणुमा व्याप्त, अचल, अदृश्य परमात्माको अवतारको कुरा गर्नु भनेको बाँझीको छोराको विवाह गरेर उसको नातिलाई देखेको भने सरह हो।

**प्रश्न**—परमेश्वर व्यापक छ भने मूर्त्तिमा पनि छ, अनि कुनै पदार्थमा भावना गरेर पूजा गर्नु किन ठीक होइन? हेर—

**न काष्ठे विद्यते देवो न पाषाणे न मृण्मये।**
**भावे हि विद्यते देवस्तस्माद्भावो हि कारणम्॥**

परमेश्वर देव न त काठमा, न ढुङ्गामा, न माटो वा माटोले बनाएका पदार्थमा नै छ तर परमात्मा त भावनामा छ। जहाँ भावना गरिन्छ, त्यहीं परमात्मा सिद्ध हुन्छ।

**उत्तर**—परमेश्वर सर्वत्र व्यापक भएतापनि कुनै एउटा वस्तुमा भावना गरेर अन्यत्र नगर्नु भनेको कुनै चक्रवर्ती राजालाई सम्पूर्ण राज्यको सत्ताबाट छुटाएर एउटा सानो छाप्रोको अधिपति मान्नुसरह हो। हेर, यो कति ठूलो अपमान हो? त्यस्तै तिमीहरू परमेश्वरको अपमान गर्दैछौ। परमेश्वरलाई व्यापक मान्दछौ भने बगैंचाबाट फूलपाती टिपेर किन चढाँउदछौ? श्रीखण्ड घोटेर किन लगाउँदछौ? किन धूप बालेर



अर्पण गर्दछौ? शंख, घण्टा, मुजुरा, मृदङ्ग आदिलाई काठका टुक्राले कुट्ने पिट्ने किन गर्दछौ? परमेश्वर तिम्रा हातमा छ भने हात किन जोड्दछौ? टाउकोमा छ त किन टाउको निहुराउँछौ? अन्न, पानीमा छ भने किन नैवेद्य राख्छौ? पानीमा पनि छ, किन नुहाइदिन्छौ? किनकि ती सबै पदार्थमा त परमेश्वर व्यापक छ।

अर्को कुरा, तिमी व्यापकको पूजा गर्दछौ अथवा व्याप्यको? व्यापक को गर्दछौ भने ढुङ्गा, काठ आदिमाथि चन्दन–पुष्प आदि किन चढाउँदछौ? अनि व्याप्यको पूजा गर्दछौ भने 'हामी परमेश्वरको पूजा गर्दछौं' भनेर किन झूट बोल्दछौ? किन सत्य कुरा 'हामी ढुङ्गा आदिकै पुजारी हौं' भन्दैनौ?

फेरि भन—'**भाव**' सच्चा हो अथवा झूटो हो? सच्चा हो भने परमेश्वर तिम्रो भावको अधीन भएर बाँधिने छ। त्यसो हुँदा तिमी माटोमा सुन चाँदीको, ढुङ्गामा हीरा पन्ना आदिको, समुद्रका फिँजमा मोतीको, पानीमा घिउ, दूध, दही आदिको र धुलोमा पीठो, मैदा, सक्खर आदिको भावना गरेर तिनलाई त्यस्तै किन बनाउन सक्तैनौ? तिमीहरू कहिल्यै दु:खको भावना गर्दैनौ, दु:ख किन हुन्छ त? सधैं सुखको भावना गर्दछौ, सुख किन मिल्दैन? अन्धो व्यक्ति आँखाको भावना गरेर देख्नसक्ने किन हुँदैन? मर्ने भावना कहिल्यै गर्दैनौ अनि किन मर्दछौ? इत्यादि कारणले तिम्रो भावना सच्चा होइन भन्ने बुझिन्छ, किनकि जस्तोमा त्यस्तै गर्नुलाई भावना भनिन्छ। जस्तै आगोलाई आगो, पानीलाई पानी जान्नु–मान्नु भावना हो भने पानीलाई आगो, आगोलाई पानी सम्झनु अभावना हो। जुन वस्तु जस्तो छ त्यसलाई त्यस्तै जान्नु '**ज्ञान**' र उल्टो मान्नु '**अज्ञान**' हो। यस्तै तिमी अभावनालाई भावना र भावनालाई अभावना सम्झिरहेका छौं।

**प्रश्न**—हेर, वेदमन्त्रद्वारा आह्वान नगरेसम्म देवता आउँदैन, आह्वान गर्दैमा झटपट आउँछ र विसर्जन गर्नाले जान्छ।

**उत्तर**—मन्त्र पढेर आह्वान गर्नाले देवता आउने भए मूर्त्ति किन चेतन हुँदैन? अनि विसर्जन गर्नाले जान्छ।

हेर बन्धुहरू, पूर्ण परमात्मा न आउँछ, न जान्छ। तिमी मन्त्रको बलले परमेश्वरलाई बोलाउँछौ भने तिनै मन्त्रबाट आफ्नो मरेको छोराको शरीरमा जीवलाई किन बोलाउँदैनौ? अनि शत्रुको शरीरबाट जीवात्माको विसर्जन गरेर किन मार्नसक्तैनौ? सुन, सोझा–साझा सज्जनवृन्द! यी पोपजी तिमीहरूलाई ठगेर आफ्नो प्रयोजन सिद्ध गर्दछन्। वेदमा



PDFill PDF Editor with Free Writer and Tools

ढुङ्गा आदि मूर्त्तिपूजा र परमेश्वरको आह्वान विसर्जन गर्ने एउटा अक्षर पनि छैन।

**प्रश्न**—**प्राणा इहागच्छन्तु सुखं चिरं तिष्ठन्तु स्वाहा।**
**आत्मेहा गच्छतु सुखं चिरं तिष्ठतु स्वाहा।**
**इन्द्रियाणीहागच्छन्तु सुखं चिरं तिष्ठन्तु स्वाहा॥**

इत्यादि वेदमन्त्र हुँदाहुँदै किन 'एउटै अक्षर पनि छैन' भन्छौ?

**उत्तर**—हेर भाइ, अलिकति त आफ्नो बुद्धिलाई काममा ल्याऊ। यी सबै वाममार्गीहरूका पोपरचित वेदविरुद्ध तन्त्रग्रन्थका कपोलकल्पित पंक्ति हुन्, वेदवाक्य होइनन्।

**प्रश्न**—के तन्त्र झूटो हो त?

**उत्तर**—हो, पूरै झूटो हो। वेदमा आह्वान, प्राणप्रतिष्ठा आदि ढुङ्गा आदिका मूर्त्ति विषयक एउटा मन्त्र पनि नभए जस्तै '**स्नानं समर्पयामि**' आदि वाक्य पनि छैनन्। वेदमा '**पाषाणादिमूर्त्तिं रचयित्वा मन्दिरेषु संस्थाप्य गन्धादिभिरर्चयेत्**' अर्थात् 'ढुङ्गाका मूर्त्ति बनाएर मन्दिरमा स्थापित गरेर, चन्दन, अक्षता आदिले पूजा गर्नुपर्दछ' यस्तो कुरा लेशमात्र पनि छैन।

**प्रश्न**—वेदमा विधान छैन भने खण्डन पनि छैन, अनि खण्डन छ भने पनि '**प्राप्तौ सत्यां निषेधः**' मूर्त्ति भएमा नै खण्डन हुनसक्तछ।

**उत्तर**—वेदमा मूर्त्तिपूजाको विधान त छँदैछैन तर परमेश्वरको ठाउँमा अरू कुनै पदार्थलाई पूजनीय नमान्ने सर्वथा निषेध पनि गरिएको छ। के अपूर्वविधि हुँदैन? हेर यो छ—

**अन्धन्तमः प्र विशन्ति येऽसम्भूतिमुपासते।**
**ततो भूयऽइव ते तमो यऽउ सम्भूत्याꣳ रताः॥ १॥**

—यजुः० अ० ४०। मं० ९॥

**न तस्य प्रतिमाऽअस्ति॥ २॥** —यजुः० अ० ३२। मं० ३॥

**यद्वाचानभ्युदितं येन वागभ्युद्यते।**
**तदेव ब्रह्म त्वं विद्धि नेदं यदिदमुपासते॥ १॥**
**यन्मनसा न मनुते येनाहुर्मनो मतम्।**
**तदेव ब्रह्म त्वं विद्धि नेदं यदिदमुपासते॥ २॥**
**यच्चक्षुषा न पश्यति येन चक्षूंषि पश्यन्ति।**
**तदेव ब्रह्म त्वं विद्धि नेदं यदिदमुपासते॥ ३॥**
**यच्छ्रोत्रेण न शृणोति येन श्रोत्रमिदं श्रुतम्।**
**तदेव ब्रह्म त्वं विद्धि नेदं यदिदमुपासते॥ ४॥**



**यत्प्राणेन न प्राणिति येन प्राणः प्रणीयते।**
**तदेव ब्रह्म त्वं विद्धि नेदं यदिदमुपासते॥ ५॥**

—केनोपनिषद् ख० १। मं० ४–८

ब्रह्मको ठाउँमा असंभूति अर्थात् अनुत्पन्न, अनादि प्रकृति=कारणको उपासना गर्नेहरू अन्धकार अर्थात् अज्ञान र दुःखसागरमा डुब्दछन्। अनि ब्रह्मको ठाउँमा संभूति=कारणबाट उत्पन्न भएका कार्यरूप पृथ्वी आदि भूत, ढुङ्गा र वृक्ष आदि अवयव तथा मनुष्य आदिका शरीरको उपासना गर्नेहरू भने त्यस अन्धकारभन्दा पनि बढी अन्धकार अर्थात् ती महामूर्खहरू धेरै समयसम्म घोर दुःखरूपी नरकमा परेर महाक्लेश भोग्दछन्॥ १॥

सब जगत्मा व्यापक त्यस निराकार परमात्माको प्रतिमा, परिमाण सादृश्य वा मूर्त्ति छैन॥ २॥

जुन ब्रह्म 'इदन्ता'=यो पानी हो, लिनुहोस् आदि भनेजस्तै वाणीको विषय होइन तर जसले धारण गर्नाले र जसको सत्ता हुनाले वाणी आफ्नो कार्य गर्दछ त्यसैलाई ब्रह्म जानेर उपासना गर्नेगर। ऊबाहेक अरू कोही पनि उपासनीय छैन॥ १॥

मनबाट '**इयत्ता**'=यो यत्ति हो आदि गरेर मनन गर्न नसकिने, मनलाई जान्नेलाई नै ब्रह्म सम्झेर तिमी उसैको उपासना गर। त्यस बाहेक त्यस ब्रह्मको ठाउँमा जीव र अन्तःकरणको उपासना नगर॥ २॥

जो आँखाबाट देखिंदैन र जसबाट सबै आँखाले देख्छन्, तिमी त्यसैलाई ब्रह्म जान र त्यसैको उपासना गर। ऊबाहेक अरू सूर्य, विद्युत र अग्नि आदि जडपदार्थको उपासना नगर॥ ३॥

जो कानबाट सुनिंदैन र जसबाट कान सुन्दछन्, त्यसैलाई तिमी ब्रह्म सम्झ र त्यसैको उपासना गर। ऊबाहेक शब्द आदिको उपासना उसको ठाउँमा नगर॥ ४॥

प्राणबाट चलायमान नहुने र प्राणलाई चलायमान गर्नेलाई नै तिमी ब्रह्म सम्झेर उसैको उपासना गर। ऊबाहेक यस वायुको उपासना नगर॥ ५॥

इत्यादि धेरैजसो निषेधका कुरा छन्। भएकाको र नभएकाको पनि निषेध हुन्छ। प्राप्तको—जस्तै कोही कतै बसेको छ भने त्यसलाई त्यहाँबाट उठाउनु, अप्राप्तको—जस्तै हे पुत्र! तिमी चोरी कहिल्यै नगर्नू, कुवामा नपर्नू, दुष्टहरूको संगत नगर्नू, विद्याहीन नरहनू इत्यादि अप्राप्तको पनि निषेध हुन्छ। त्यस्तै मानिसको ज्ञानमा अप्राप्त र

PDFill PDF Editor with Free Writer and Tools

परमेश्वरको ज्ञानमा प्राप्तको निषेध गरिएको छ। यसकारण ढुङ्गा आदि मूर्त्तिको पूजा सर्वथा निषिद्ध छ।

**प्रश्न**—मूर्त्तिपूजा गर्नमा पुण्य हुँदैन भने पाप पनि त हुँदैन?

**उत्तर**—कर्म दुई प्रकारका मात्र हुन्छन्—पहिला **विहित**–कर्त्तव्यताद्वारा वेदमा प्रतिपादित सत्यभाषण आदि, दोस्रा **निषिद्ध**—अकर्त्तव्यताद्वारा वेदमा निषिद्ध मिथ्याभाषण आदि। जसरी विहितकर्म गरेमा धर्म र नगरेमा अधर्म हुन्छ, त्यस्तै निषिद्धकर्म गरेमा अधर्म र नगरेमा धर्म हुन्छ। तिमी वेदमा निषिद्ध मूर्तिपूजा आदि कर्म गर्छौ भने पापी किन भएनौ?

**प्रश्न**—हेर, वेद अनादि हुन्। पहिले त देवता प्रत्यक्षै थिए, त्यसकारण त्यसबेला मूर्त्तिको के काम थियो र? यो परम्परा त पछि तन्त्र र पुराणबाट चलेको हो। मानिसको ज्ञान र सामर्थ्य कम भएपछि परमेश्वरलाई ध्यानमा ल्याउन सकेनन्, अनि मूर्त्तिको ध्यान त गर्न सक्तछन्। यसकारण मूर्त्तिपूजा अज्ञानीहरूका लागि हो। किनकि एक–एक खुड्किला गरेर चढेमा पहाडको टुप्पोमा पुग्न सकिन्छ। पहिलो खुड्किलोलाई नै छोडेर माथि जान चाहेमा जान सकिंदैन? यसकारण मूर्त्ति पहिलो खुड्किलो हो। मानिसले यस मूर्त्तिको पूजा गर्दा–गर्दा ज्ञान भए पछि र अन्त:करण पवित्र भएपछि उसले परमात्माको ध्यान गर्न सक्नेछ। जसरी निशाना लगाउँने व्यक्तिले आरम्भमा स्थूल लक्ष्यमा तीर, गोली वा गोला हान्दा–हान्दा पछि सूक्ष्म लक्ष्यमा पनि निशाना लगाउन सक्ने हुन्छ, त्यस्तै स्थूल मूर्त्तिको पूजा गर्दा–गर्दा पछि सूक्ष्म ब्रह्मलाई पनि प्राप्त गर्दछ। जसरी केटीहरू वास्तविक साथीलाई प्राप्त नभएसम्म नै खेलौनाको खेल खेल्दछन् त्यस्तै किसिमले मूर्त्तिपूजा गर्नु गलत काम होइन।

**उत्तर**—वेदविदित आचरणमा धर्म र वेदविरुद्ध आचरणमा अधर्म हुन्छ भने तिम्रो भनाइबाट पनि मूर्त्तिपूजा गर्नु अधर्म ठहर्दछ। वेदविरुद्ध ग्रन्थहरूको प्रमाण मान्नु नास्तिक हुनु हो। हेर,

**नास्तिको वेद निन्दकः ॥ १ ॥** —मनुस्मृति २।११

**या वेदबाह्याः स्मृतयो याश्च काश्च कुदृष्टयः।**
**सर्वास्ता निष्फलाः प्रेत्य तमोनिष्ठा हि ताः स्मृताः ॥ २ ॥**
**उत्पद्यन्ते च्यवन्ते च यान्यतोऽन्यानि कानिचित्।**
**तान्यर्वाक्कालिकतया निष्फलान्यनृतानि च ॥ ३ ॥**

—मनुस्मृति १२।९५, ९६



मनुजीको भनाइ अनुसार वेदको निन्दा अर्थात् अपमान, त्याग, विरुद्ध आचरण गर्ने व्यक्ति '**नास्तिक**' भनिन्छ ॥ १ ॥

वेदबाहेक कुत्सित व्यक्तिहरूले बनाएका संसारलाई दु:खसागरमा डुबाउने सबै ग्रन्थलाई निष्फल, असत्य, अन्धकाररूप र यसलोक तथा परलोकमा दु:खदायक हुन् ॥ २ ॥

वेदबाहेक बने बनाइका सबै ग्रन्थ आधुनिक हुनाले छिटै नष्ट हुन्छन्। ती ग्रन्थलाई मान्नु झूटो र निष्फल हुन्छ।

यसैगरी 'वेदविरुद्धलाई नमान्नु र वेदाकूल नै आचरण गर्नु धर्म हो' भन्ने विचार ब्रह्मादेखि जैमिनी महर्षिसम्मको छ। किनकि वेद सत्य अर्थको प्रतिपादक हो भने यसबाहेकका सबै तन्त्र, पुराण आदि वेदको विरुद्ध चल्ने=वेदविरुद्ध हुनाले झूठा हुन्। तिनमा बताइएको मूर्तिपूजा पनि अधर्मरूप नै हो।

जड़को पूजा गर्नाले मनुष्यको ज्ञान बढ्दैन, बरू अलिअलि भएको ज्ञान पनि नष्ट हुन्छ। यसकारण ज्ञानीहरूको सेवा र सङ्गतबाट ज्ञान बढ्दछ, ढुङ्गा आदिबाट बढ्दैन। ढुङ्गा आदिको मूर्त्तिपूजाबाट के कसैले कहिल्यै परमेश्वरलाई ध्यानमा ल्याउन सक्तछ? होइन,कहिल्यै सक्तैन। मूर्तिपूजा खुड्किलो होइन, त्यो त एउटा ठूलो भडखारो हो, जसमा परेर व्यक्ति चकनाचूर हुन्छ। अनि त्यस भडखारोबाट निक्लिन नसकेर त्यसैमा मर्दछ। तर घरको चोटा मा पुग्ने लिस्नु जस्तै सानातिना धार्मिक विद्वान्देखि लिएर परम विद्वान् योगीहरूको सङ्गतबाट सद्विद्या र सत्यभाषण आदि आचरण चाहिं परमेश्वरलाई प्राप्त गर्ने खुड्किला हुन्। मूर्तिपूजा गर्दा–गर्दा कुनैपनि ज्ञानी भएको छैन, बरू सबै मूर्तिपूजक अज्ञानी नै रहेर मनुष्य जन्मलाई व्यर्थै खेर फ्यालेर धेरैजसो मरिसके। जो अब छन् वा हुनेछन् ती पनि मनुष्य जन्मका धर्म, अर्थ, काम र मोक्षको प्राप्तिरूपी फलदेखि विमुख भएर व्यर्थै नष्ट हुनेछन्। ब्रह्मको प्राप्ति गर्न स्थूल–लक्ष्य मूर्त्तिपूजा होइन, धार्मिक विद्वान् र सृष्टिविद्या हो। धार्मिकता, विद्वत्ता र सृष्टिविद्याको ज्ञानलाई बढाउँदा–बढाउँदा व्यक्तिले ब्रह्मलाई पनि प्राप्तगर्न सक्तछ। अर्को कुरा, मूर्त्ति बच्चाको खेलजस्तो होइन, तर प्रथम अक्षरको अभ्यास र सुशिक्षा नै बच्चाको खेलजस्तै ब्रह्मप्राप्तिको साधन हो। राम्रो शिक्षा र विद्या प्राप्तगरेर व्यक्ति सच्चा स्वामी परमात्मालाई पनि प्राप्त गर्न सक्तछ।

**प्रश्न**—साकारमा मन सजिलै स्थिर हुने र निराकारमा मन स्थिर हुन कठिन हुनाले मूर्त्तिपूजा हुनु उपयुक्त हुन्छ।



PDFill PDF Editor with Free Writer and Tools

**उत्तर**—साकारवस्तुलाई मनले तुरुन्तै ग्रहण गरेर त्यसैका एक–एक अवयवमा घुम्ने र अर्कातर्फ दगुर्ने हुनाले साकारमा कहिल्यै मन स्थिर हुनसक्तैन। उता निराकार अनन्त परमात्माको ग्रहणमा मन आफ्नो सम्पूर्ण सामर्थ्य लगाएर दौडेपनि त्यसको अन्त भेट्टाउँदैन। अवयवरहित हुनाले चञ्चल पनि रहँदैन र उसैका गुण–कर्म–स्वभावको विचार गर्दा–गर्दा आनन्दमा मग्न भएर स्थिर हुनपुग्दछ। साकारमा मन स्थिर हुनेभए सब जगत्‌को मन स्थिर हुने थियो, किनकि—संसारमा मानिस स्त्री, पुत्र, धन, मित्र आदि साकारमा फँसिरहन्छ तर कसैको पनि मन निराकारमा नलगाएसम्म स्थिर हुँदैन। निरवयव हुनाले निराकारमा मन स्थिर हुन्छ। यसकारण मूर्त्तिपूजा गर्नु अधर्म हो।

मूर्त्तिपूजा गर्न नहुने **दोस्रो** कारण–मूर्त्तिपूजा गरिंदा करोडौं रुपैयाँ मन्दिरहरूमा खर्च गरेर दरिद्र हुन्छन् र उसमा प्रमाद बढ्दछ। **तेस्रो कारण**—स्त्री–पुरुषहरूको मन्दिरमा मेला हुनाले व्यभिचार, झैं–झगडा र रोग आदि उत्पन्न हुन्छन्। **चौथो**—मानिस मूर्तिपूजालाई नै धर्म, अर्थ, काम र मुक्तिको साधन मानेर पुरुषार्थरहित भएर मनुष्य जन्मलाई व्यर्थै गुमाउँछन्। **पाँचौं**—नाना किसिमका विरुद्धस्वरूप, नाम, चरित्रयुक्त मूर्त्तिका पुजारीहरूमा एकमत नष्ट भएर परस्पर विरुद्धमतमा चलेर परस्पर फूट बढाएर देशको नाश गर्दछन्। **छैटौं**—त्यसै मूर्तिको भरमा शत्रुको पराजय र आफ्नो जीत हुने कुरा मानेर बसिरहनाले तिनको पराजय भएर राज्य, स्वतन्त्रता र धनको सुख त्यस्ताका शत्रुको अधीन हुन्छ र आफूभने धोबीको खच्चर र कुमालेको गधा जस्तै शत्रुको वशीभूत भएर अनेकौं किसिमका दुःख पाउँछन्। **सातौं**—कसैले कसैसँग 'म तिम्रो बस्ने आसन वा नाममाथि ढुङ्गा राख्छु' भन्दा त्यो ऊमाथि क्रोधित भएर पिट्ने, गालीगर्ने भएजस्तै परमेश्वरको उपासनाका स्थान हृदय र नाममा ढुङ्गा आदि मूर्त्ति राख्ने दुष्टबुद्धि भएका व्यक्तिको सत्यानाश परमेश्वरले किन नगर्ने? **आठौं**—मूर्त्तिपूजक भ्रान्त भएर मन्दिर–मन्दिर, ठाउँ–ठाउँमा घुम्दा–घुम्दा दुःख पाउँछन्, धर्म, संसार र परमार्थका काम बिगार्दछन्, चोर आदिबाट सताइन्छन् र ठगहरूबाट ठगिइरहन्छन्। **नवौं**—दुष्ट पुजारीहरूलाई धन दिन्छन्, ती पुजारीले त्यस धनलाई वेश्यागमन, परस्त्रीगमन, मद्यपान, मांसाहार, झै–झगडाहरूमा खर्च गर्दछन् यसबाट दाताको सुखको मूल सुकेर दुःख बढ्दछ। **दशौं**—आमा–बाबु आदि माननीयहरूको अपमान गरेर ढुङ्गा आदि मूर्त्तिको सम्मान गर्नाले कृतघ्न भइन्छ। **एघारौं**—ती मूर्तिलाई



PDFill PDF Editor with Free Writer and Tools

कसैले फुटाइदिएमा वा चोरले चोरेमा हाहाकारका साथै रुनुपर्दछ, रुन्छन्। **बाह्रौं**—पुजारीहरू परस्त्रीको सङ्ग र पुजारिनी परपुरुषको सङ्गमा लाग्नाले दूषित भएर स्त्री–पुरुषको प्रेम र आनन्दलाई बर्बाद पार्दछन्। **तेह्रौं**—स्वामी–सेवकमा परस्पर आज्ञापालन आदि ठीक–ठीक नहुनाले परस्पर विरुद्ध विचार भएर नष्ट भ्रष्ट हुन्छन्। **चौधौं**—ध्येयको जडत्त्व धर्म अन्तःकरणद्वारा आत्मामा अवश्य आउने हुनाले जड्‌को ध्यान गर्नेको आत्मा पनि जड्‌बुद्धि हुन्छ। **पन्ध्रौं**—परमेश्वरले वायु, जल आदिको दुर्गन्ध निवारण र आरोग्यताका लागि बनाएका सुगन्धियुक्त पुष्प आदि पदार्थलाई टिपेर कैयौं दिनसम्म आकाशमा सुगन्ध रहेर वायु, जलको शुद्धि गर्ने र पूर्ण सुगन्धिको समयसम्म सुगन्ध भैरहने त्यस फूललाई पुजारीले पहिलेनै नष्ट गरिदिन्छन्। ती फूल आदि हिलो आदिमा मिलेर उल्टो दुर्गन्ध उत्पन्न गर्ने हुन्छन्। के परमात्माले फूल आदि सुगन्धित पदार्थ ढुङ्गामाथि चढाउनका लागि बनाएका हो? **सोह्रौं**—ढुङ्गामाथि चढाइएको फूल, चन्दन, अक्षता आदि सबै मिलेर प्वाल, दुलो वा कुण्डमा परेर पानी र माटोको संयोग हुँदा त्यसबाट मानिसको दिसाको जत्तिकै दुर्गन्ध आकाशमा चढ्दछ र हजारौं जीव त्यसमा परेर त्यसै मर्दछन् र सड्दछन्। मूर्त्तिपूजा गर्नमा यस्ता यस्ता अनेक दोषहरू हुन्छन्। यसकारण सज्जनहरूले ढुङ्गा आदि मूर्त्तिपूजा सर्वथा छाड्नु उचित हुन्छ। ढुङ्गा आदिका मूर्त्तिको पूजा गर्नेहरू उपर्युक्त दोषबाट न बचेका थिए, न बचेकाछन्, न बच्नेछन्।

**प्रश्न**—कुनै किसिमको मूर्त्तिपूजा गर्नु गराउनु हुँदैन भने हाम्रो आर्यावर्त्तमा जुन 'पञ्चदेवपूजा' शब्द चलि आएको छ, त्यो पञ्चायतन पूजा शिव, विष्णु, अम्बिका, गणेश र सूर्य्यको मूर्त्ति बनाएर गरिने पञ्चायतन पूजा हो वा होइन?

**उत्तर**—कुनै किसिमको मूर्त्तिपूजा गर्नुहुँदैन, तर तल लेखिएअनुसार का 'मूर्त्तिमान्' हरूको पूजा अर्थात् सत्कार गर्नुपर्दछ। त्यस पञ्चदेवपूजा वा पञ्चायतनपूजा शब्दको अर्थ धेरै राम्रो छ, तर हिजोआज शिव आदि पाँचको मूर्त्ति बनाएर पूजा गर्ने विद्याहीन मूर्खहरूले त्यसको उत्तम अर्थलाई छोडेर निकृष्ट अर्थलाई ग्रहण गरेका हुन्। तिनको खण्डन त माथि भैसक्यो तर सच्चा 'पञ्चायतन' वेदोक्त र वेदानुकूल अन्यत्र बताइएको देवपूजा र मूर्त्तिपूजा हो। जस्तै—

**मा[ नो ] वधीः पितरं मोत मातरम्॥ १॥** –यजुः०॥

**आचार्य उपनयमानो.......ब्रह्मचारिणमिच्छते॥ २॥**

**अतिथिर्गृहानुपगच्छेत् ॥ ३ ॥** —अथर्व०॥

**अर्चत प्रार्चत प्रियमेधासो अर्चत ॥ ४ ॥** —ऋग्वेदे॥

**त्वमेव प्रत्यक्षं ब्रह्मासि त्वामेव प्रत्यक्षं ब्रह्म वदिष्यामि ॥ ५ ॥**

—तैत्ति०उप० १।१

**कतम एको देव इति स ब्रह्म त्यदित्याचक्षते ॥ ६ ॥**

—शतपथ १४।५।७।१०

**मातृदेवो भव पितृदेवो भव आचार्यदेवो भव अतिथिदेवो भव ॥ ७ ॥** —तैत्ति०उप० १।११

**पितृभिर्भ्रातृभिश्चैताः पतिभिर्देवरैस्तथा।**
**पूज्या पूषयितव्याश्च बहुकल्याणमीप्सुभिः ॥ ८ ॥**

—मनुस्मृति ३।५५

**पूज्यो हि देववत् पतिः ॥ ९ ॥** —मनुस्मृति ५।१४४

**पहिलो**—मूर्तिमती पूजनीय देवता '**आमा**' हुन् अर्थात् सन्तानहरूले तन, मन धनद्वारा आमाको सेवा गरेर प्रसन्न राख्नुपर्दछ। हिंसा अर्थात् कहिल्यै ताडना गर्नुहुँदैन।

**दोस्रो**—सत्कार गर्न योग्य देव '**पिता**' हो, उनको पनि माताको जस्तैगरी सेवा गर्नुपर्दछ ॥ १ ॥

**तेस्रो**—विद्या दिने गुरु वा आचार्य को सेवा तन, मन, धनद्वारा गर्नुपर्दछ ॥ २ ॥

**चौथो**—विद्वान्, धार्मिक, निष्कपटी, सबैको उन्नति चाहने, जगत्मा भ्रमण गर्दै सत्य उपदेशद्वारा सबैलाई सुखी पार्ने '**अतिथि**'को सेवा गर्नुपर्दछ ॥ ३ ॥

**पाँचौं**—पत्नीका लागि पति र पतिका लागि पत्नी पूजनीय हुन्छन् ॥ ४ ॥

यी पाँच मूर्तिमान् '**देव**' हुन्। यिनकै सङ्गतबाट मनुष्य-शरीरको उत्पत्ति, पालन, सत्य शिक्षा, विद्या र सत्य उपदेशको प्राप्ति हुन्छ। यी नै परमेश्वर सम्म पुग्ने खुड्किला हुन्। यिनको सेवा नगरेर ढुङ्गा का मूर्तिको पूजा गर्नेहरू पूरै वेदविरोधी हुन्।

**प्रश्न**—आमा-बाबु आदिको सेवा पनि र मूर्तिपूजा पनि गर्ने गरेमा त कुनै दोष हुनेछैन?

**उत्तर**—ढुङ्गा आदि मूर्तिपूजा पूरै छोड्नु र आमा आदि मूर्तिमान्को सेवा गर्नमा नै कल्याण हुन्छ। आमा आदि साक्षात् प्रत्यक्ष सुखदायक '**देव**'हरूलाई छोडेर अदेव ढुङ्गा आदिमा टाउको ठोक्न स्वीकार गरिनु



ठूलो अनर्थको कुरा हो। आमा, बाबु आदिका समक्ष नैवेद्य वा पूजा-भेटी केही चढाएमा उनीहरूले नै नैवेद्य खानेछन् र भेटी लिनेछन् अनि आफ्नो हात त केही पनि पर्ने छैन भन्ने कारणले नै बाबु आमा आदिको सेवा आदिको सट्टा यो मूर्त्तिपूजालाई मात्र थालिएको हुनुपर्दछ। यसैकारण ढुङ्गा आदिका मूर्त्ति बनाएर, त्यसको अगाडि नैवेद्य राखेर, घंटानाद, टं टं, पूँ पूँ र शङ्ख बजाएर, होहल्ला गरेर औंठो देखाएर अर्थात् '**त्वमङ्गुष्ठं गृहाण भोजनपदार्थं वाऽहं ग्रहीष्यामि**' कसैले कसैलाई झुक्याउन वा खिज्याउन केटाकेटीले 'माछो-माछो भ्यागुतोको' खेल खेलेजस्तै औंठो देखाएर उसको अगाडिबाट सबै पदार्थ लिएर भागेजस्तै लीला यी पुजारीहरू अर्थात् पूजा नाम गरिएको सत्कर्मका शत्रुहरूको छ। यिनीहरू झिलीमिली झल्कने आकर्षक मूर्त्ति बनाएर आफू पनि ठगहरूजस्तै सज-धज बनेर बिचरा मूर्ख अनाथहरूलाई लुट्छन् र आफैं मस्ती लिन्छन्। कुनै धार्मिक राजा भएको भए यी ढुङ्गा प्रेमीलाई ढुङ्गा फुटाउने, रोडा आदि बनाउने तथा घर बनाउने आदि काममा लगाएर खान-पान आदिको निर्वाह हुन योग्य धनादि दिने थियो।

**प्रश्न**—ढुङ्गा आदिकै स्त्रीको मूर्त्ति देख्नाले कामोत्पत्ति भएजस्तै वीतराग शान्तको मूर्त्ति देख्नाले वैराग्य र शान्तिको प्राप्ति किन हुँदैन?

**उत्तर**—त्यस मूर्त्तिको जडत्वधर्म आत्मामा आउने र विचारशक्ति घट्ने हुनाले त्यसो हुनैसक्तैन। विवेकविना वैराग्य, वैराग्यविना विज्ञान र विज्ञानविना शान्ति हुँदैन। अलिकति केही हुन्छ भने पनि त्यो त तिनको सङ्गत, उपदेश र इतिहास आदिलाई देख्नाले हुन्छ, किनकि कसैको गुणदोष नजानी त्यसको मूर्त्तिमात्र देख्नाले प्रीति हुँदैन। गुण-ज्ञान नै प्रीति हुनुको कारण हो। यस्ता मूर्त्तिपूजा आदि गलत कारणबाटै आर्यावर्त्तमा करौडौं मानिस निकम्मा पुजारी, भिक्षुक, अल्छी, पुरुषार्थरहित भएका हुन्। तिनीहरूले नै संसारमा मूर्खता फैलाएका हुन्। यसबाट धेरैजसो झूठ-छल पनि फैलिएको हो।

**प्रश्न**—हेर, काशीमा बादशाह औरङ्गजेबलाई 'लाटभैरव' आदिले ठूला-ठूला चमत्कार देखाएका थिए। मुसलमानहरूले त्यसलाई तोड्न-भत्काउन जाँदा र त्यसमाथि तोप गोला आदि हान्दा ठूला-ठूला भवँराहरू निस्केर सम्पूर्ण फौजलाई व्याकुल पारेर भगाइदिएका थिए।

**उत्तर**—यो ढुङ्गाको चमत्कार होइन, त्यहाँ भवँराका गोला रहेका होलान्। भवँराको स्वभाव क्रूर हुन्छ। तिनलाई कसैले चलाएमा टोक्न दौडिहाल्छन्। अनि त्यहाँ दूधको धाराको चमत्कार हुन्थ्यो भने त्यो त



PDFill PDF Editor with Free Writer and Tools

पुजारीको लीला थियो।

**प्रश्न**—हेर, म्लेच्छलाई दर्शन नदिन महादेव कुवामा र वेणीमाधव एउटा ब्राह्मणका घरमा पुगेर लुकेका थिए, के यो पनि चमत्कार होइन?

**उत्तर**—तिनका कालभैरव, लाटभैरव आदि भूत, प्रेत र गरुड आदि गण रक्षक थिए भने तिनै रक्षकले मुसलमानहरूसँग लडेर तिनलाई किन भगाएनन्? किन आफू अन्तै गएर लुक्नुपर्यो? पुराणहरूमा महादेव र विष्णुले त्रिपुरासुर आदि अनेक अति भयङ्कर दुष्टहरूलाई भस्म गरिदिए भन्ने कथा छन् भने तिनले मुसलमानहरूलाई किन भस्म गरेनन्? यसबाट ती बिचरा ढुङ्गा के लड्न–लडाउन सक्थे र? भन्ने कुरा सिद्ध हुन्छ। मुसलमानहरू मन्दिर र मूर्त्तिलाई भत्काउँदै र फुटाउँदै काशी नजिक आइपुगेपछि पुजारीहरूले त्यस ढुङ्गाको लिङ्गलाई कुवामा हाले र वेणीमाधवलाई ब्राह्मणको घरमा लुकाइदिए। कालभैरवको डरले यमदूत पनि काशीमा जाँदैनन् र प्रलयकालमा पनि ती काशीको नाश हुन दिंदैनन् भने म्लेच्छका दूत त्यहाँ पुग्न किन डराएनन्? र आफ्नो राजमन्दिरको नाश किन हुन दिए? यो सबै पोपलीला हो।

**प्रश्न**—गयामा श्राद्ध गर्नाले पितरका पाप छुटेर त्यहाँको श्राद्धको पुण्यप्रभावले पितर स्वर्ग जान्छन् र पितर आफ्ना हात थापेर पिण्ड ग्रहण गर्दछन्। के यो कुरा पनि झूटो हो त?

**उत्तर**—पूरै झूटो हो। पिण्ड दिएको प्रभाव त्यही हो भने पितरको सुखका निम्ति पुरेतहरूलाई दिएको लाखौं रुपैयाँको उपयोग गयामा वेश्यागमन आदि पापमा गर्दछन्, त्यो पाप किन छुट्‌दैन? अर्को कुरा, हिजोआज पण्डा–पुरेतहरूका हातबाहेक कतै पनि हात थापेको देखिंदैन। यो कुरा पनि कुनैबेला कुनै धूर्त्तले पृथ्वीमा गुफा खनेर त्यसमा कुनै मानिसलाई बसाइदियो होला। कुनै धन भैकनका अन्धा व्यक्तिलाई यसरी ठगेको भए कुनै आश्चर्य छैन। त्यस्तै बैजनाथलाई रावणले ल्याएको थियो भन्ने कुरापनि मिथ्या हो।

**प्रश्न**—हेर, कलकत्ताकी काली र कामाक्षा आदि देवीलाई लाखौं व्यक्ति मान्दछन्। के यो चमत्कार होइन?

**उत्तर**—केही पनि चमत्कार छैन। ती अन्धाहरू भेडाजस्तै एउटाका पछि अरू हिंड्छन्। कुवा, खाल्डोमा पर्दछन्, तर हट्‌नसक्तैनन्। त्यस्तै एउटा मूर्खको पछिलागेर अरूपनि मूर्त्तिपूजारूपी खाल्डोमा फँसेर दुःख पाउँछन्।

**प्रश्न**—लौ यो त भैगयो, तर जगन्नाथजीमा त प्रत्यक्ष चमत्कार



छ। एउटा चोला बदल्दा समुद्रमा आफैं चन्दनको लाठो आइपुग्दछ। चूलोमाथि एउटामाथि अर्कोगरी खष्टेर सात हाँडी राखेमा माथि माथिका हाँडीमा अघि पाक्दछ। त्यहाँ कसैले जगन्नाथको परसादी नखाएमा त्यो कोढी हुन्छ। रथ आफैं चल्दछ, पापीलाई दर्शन हुँदैन। इन्द्रदमनको राज्यमा देवताहरूले मन्दिर बनाएका हुन्। चोला बदल्ने बेला राजा, एउटा पंडा र एउटा सिकर्मी मर्ने आदि चमत्कारलाई तिमी झूटो सिद्ध गर्नसक्ने छैनौ।

**उत्तर**—बाह्र वर्षसम्म जगन्नाथको पूजा गर्ने व्यक्ति विरक्त भएर मथुरा आएको थियो र मलाई भेटेको थियो मैले यी कुराको उत्तर सोद्धा उसले यी सबै कुरा झूटा हुन्, भनेको थियो। तर विचारगर्दा वास्तविकता यो रहेछ—चोला बदल्ने समय आउँदा नौकामा चन्दनको काठ राखेर समुद्रमा हाल्छन्। समुद्र लहरीका कारण त्यो किनारामा आइपुग्दछ। त्यसैलाई लिएर सिकर्मीहरू मूर्ति बनाउँदछन्। खाना बनाउँदा ढोका थुनेर भान्से बाहेक अरू कसैलाई जान वा हेर्न दिंदैनन्। भुईंमा चारैतिर छओटा र बीचमा एउटा चक्राकार चूलो बनाउँदछन्। ती हाँडीलाई मुन्तिर घिउ, माटो र खरानी लगाएर छओटा चूलामा चामल पकाएर, तिनको पिंधलाई माझेर, त्यस बीचको हाँडीमा त्यसै समय चामल हालेर, छओटा चूलाको मुखलाई फलामका तावाले छोपेर दर्शन गर्ने धनाढ्य व्यक्तिलाई बोलाएर देखाउँदछन्। माथि–माथिका हाँडीबाट पाकेको भात निकालेर देखाएर तलको काँचो चामल निकालेर देखाएर तिनीहरूसँग 'हाँडीका लागि केही भेटी राख' भन्दछन्। ती धन भैकनका अन्धा व्यक्ति रूपैयाँ, असर्फी राख्तछन् र कोही त महिनावारी बाँधिदिन्छन्।

शूद्र नीच व्यक्ति मन्दिरमा नैवेद्य ल्याउँछन्। नैवेद्य लगाइसकेपछि ती शूद्र नीच व्यक्तिले जुठो पारिदिन्छन्। पछि कसैले रूपैयाँ तिरेर हाँडी लिएमा त्यसको घरैमा पुर्याइन्छ भने दीनहीन गृहस्थ, साधु–सन्तदेखि शूद्र र अन्त्यजसम्म सबै एउटै पंक्तिमा बसेर एक–अर्काको जुठो खाना खान्छन्। पहिलो पंक्ति उठेपछि तिनै पात वा टपरीमा अरूलाई खान बसाइन्छ। महा–अनाचार हो यो सबै। अनि धेरैजसो मानिस त्यहाँ गएर, तिनको जुठो खानुको साटो आफैं पकाएर खाएर फर्कन्छन् तर कोढ आदि कुनै पनि रोग हुँदैन र त्यस जगन्नाथ पुरीमा बस्नेमा पनि धेरैजसो व्यक्ति परसादी खाँदैनन्, तर तिनलाई पनि कुष्ठ आदि रोग हुँदैनन्। अनि त्यसै जगन्नाथपुरीमा धेरै कोढी छन्। दिनहुँ



PDFfill PDF Editor with Free Writer and Tools

जुठो खानाले पनि रोग छुट्‌तैन।

श्रीकृष्ण र बलदेवकी बहिनी पर्ने सुभद्रालाई दुबै दाजु–भाइको बीचमा पत्नी र आमाको ठाउँमा बसाएको हुनाले यो सबै जगन्नाथमा वाममार्गीहरूले भैरवीचक्र चलाएका हुन् भन्ने बुझिन्छ। भैरवीचक्र नभएको भए यस्तो कहिल्यै हुनसक्ने थिएन।

रथका पाङ्ग्रामा कलाकृति गरिएको छ। तिनलाई सोझो घुमाउनाले घुम्दछन् र रथ हिंड्दछ। मेलाको बीचमा पुग्नेबित्तिकै त्यसको किलोलाई उल्टो घुमाइदिनाले रथ रोकिन्छ। पुजारीहरू 'दान देओ, पुण्य गर, अनि जगन्नाथजी प्रसन्न भएर रथ चलाउनेछन्, आफ्नो धर्म रहनेछ' भनी पुकार्दछन्। भेटी आउने क्रम चलेसम्म यसैगरी पुकारिरहन्छन्। भेटी आइसकेपछि एउटा कुनै ब्रजवासी राम्रा लुगा लगाएर र दोसल्ला ओढेर अगाडि उभिएर हात जोडेर स्तुति गर्दछ—'हे जगन्नाथ स्वामिन्! तपाईं कृपा गरेर रथ चलाउनुहोस्, हाम्रो धर्म राखिदिनुहोस्' इत्यादि भनेर साष्टाङ्ग दण्डवत् प्रणाम गरेर रथमा चढ्दछ। त्यसै समय किलालाई सोझो घुमाइदिन्छन् र जय जयकार गर्दै हजारौं मानिस डोरी तान्दछन् र रथ चल्दछ।

मन्दिर धेरै ठूलो हुनाले धेरै मानिस दर्शन गर्न गएका बेलामा दिउँसै पनि अँध्यारो हुन्छ र दियो बाल्नुपर्दछ। ती मूर्त्तिका अगाडि दुबैतर्फकाले पर्दा तान्नेबित्तिकै मूर्त्ति कोल्टोतर्फ पर्दछ। त्यसैबखत पण्डा पुजारी 'तिमीहरू भेटी राख, तिम्रा पाप छुट्नेछन्, अनि दर्शन हुनेछ, छिटो गर' भनी कराउँछन्। ती बिचरा सोझा मानिस धूर्त्तहरूबाट लुटिन्छन् अनि तुरुन्तै अर्को पर्दा तान्दछन् र दर्शन हुन्छ। अनि जय–जय भन्दै प्रसन्न भएर धक्का खाएर तिरस्कृत भएर फर्कन्छन्।

इन्द्रदमनको कुलका व्यक्ति हालसम्म पनि कलकत्तामा छन्। ऊ धनाढ्य राजा र देवीको उपासक थियो। आर्यावर्त्त देशका व्यक्तिले यसरी खान–पानको झगड़ा मेटाऊन् भन्ने उद्देश्यले उसले लाखौं रुपैयाँ खर्च गरेर मन्दिर बनाउन लगाएको थियो। तर ती मूर्ख–मूर्खतालाई किन छोड्थे र? देव मान्दछौ भने मन्दिर बनाउने शिल्पी–कालीगडलाई नै मान्नु उचित हुन्छ।

राजा, पाण्डा र सिकर्मी त्यसबखत मर्दैनन्, ती तिनै त्यहाँ प्रमुख हुन्छन्। साना व्यक्तिलाई दु:खदिन्थे होलान्। चोला बदल्ने समयमा तिनै उपस्थित रहन्छन्। मूर्त्तिको भित्रको भाग खोक्रो हुन्छ त्यसमा सुनको सम्पुटमा एउटा शालिग्राम राख्दछन्। त्यसलाई धोएर प्रतिदिन



चरणामृत बनाउँछन्। त्यसमा ती सताइएका व्यक्तिहरूले रात्रिको शयन आरतीको बेलामा विषको तेजाब लगाइदिए होलान्। त्यसलाई धोएर तिनले तिनैलाई पियाए होलान् र त्यसैले कुनैबेला ती मरेका होलान्। यसरी मरेका कुरालाई भोजनभट्टहरूले 'जगन्नाथजीले आफ्नो शरीर बदल्ने समयमा तिनै भक्तलाई पनि आफूसँगै लगे' भनी प्रचार फिंजाएको हुनुपर्दछ। अरूको धन ठग्नका निम्ति यस्ता झूठा कुरा धेरैजसो हुनेगर्दछन्।

**प्रश्न**—रामेश्वरमा गंगोत्तरीको जल चढाउँदा लिङ्ग बढ्दछ भन्ने कुरा पनि के झूटो हो?

**उत्तर**—झूठो हो। त्यस मन्दिरमा पनि दिउँसै अँध्यारो रहन्छ। दिन–रात दीपक बालिन्छन्। जलको धारा छोड्दा पानीमा बिजुली चम्केझैं दीपकको प्रतिबिम्ब टल्किन्छ, अरू केही पनि होइन। ढुङ्गो न त घट्छ, न बढ्दछ, त्यो त जत्तिकोत्यत्ति नै रहन्छ. यस्तो लीला गरेर बिचरा निर्बुद्धिहरूलाई ठग्दछन्।

**प्रश्न**—रामेश्वरलाई रामचन्द्रले स्थापित गरेका हुन्। मूर्त्तिपूजा वेदविरुद्ध भएको भए रामचन्द्रले किन मूर्त्तिस्थापना गर्थे र वाल्मीकिले किन रामायणमा लेख्ने थिए?

**उत्तर**—रामचन्द्रको समयमा त्यस लिंग वा मन्दिरको नाम निशान पनि थिएन तर दक्षिणदेशका राम नामक राजाले मन्दिर बनाउन लगाएर लिङ्गको नाम रामेश्वर राखेको थियो भन्ने कुरा ठीकै हो। रामचन्द्रले सीताजीलाई लिएर हनुमान आदिसँग लङ्काबाट हिंडेर आकाशमार्गद्वारा विमानमा बसेर अयोध्या आउँदा सीताजीसँग यसो भनेका थिए—

**अत्र पूर्वं महादेवः प्रसादमकरोद्विभुः।**
**सेतुबन्ध इति विख्यातम्॥**

—वाल्मीकि रामायण लङ्का काण्ड सर्ग १२३। श्लोक २२,२१॥

हे सीता! तिम्रो वियोगमा व्याकुल भएर घुम्दै यसै ठाउँमा मैले चातुर्मास गरेको थिएँ र परमेश्वरको उपासना, ध्यान पनि गर्दथें। उसै सर्वत्र विभु=व्यापक देवहरूको देव महादेव परमात्माको कृपाबाट यहाँ मलाई सबै सामग्री प्राप्त भएका थिए। अनि हेर, मैले यो पुल बनाएर लङ्कामा आएर त्यस रावणलाई मारेर तिमीलाई ल्याएको हुँ। यसबाहेक वाल्मीकि रामायणमा केही पनि त्यस्तो लेखिएको छैन।

**प्रश्न—'रङ्ग है कालियाकान्तको। जिसने हुक्का पिलाया सन्तको'** दक्षिण भारतमा एउटा कालियाकान्तको मूर्त्ति छ। त्यसले



PDFill PDF Editor with Free Writer and Tools

हालसम्म पनि हुक्का तान्ने गर्दछ। मूर्त्तिपूजा झूटो भए यो चमत्कार पनि झूटो ठहर्छ त?

**उत्तर**—झूठो हो, पूरै झूठो। यो सबै पोपलीला हो। त्यस मूर्त्तिको मुख खोक्रो होला, त्यसको पछाडि प्वाल पारेर भित्ताबाट अर्कोतर्फ अर्कै कोठामा नली लगाएका होलान्। पुजारीले चिलिम भर्न लगाएर हुक्कामा लगाएर, मुखमा नली जमाएर पर्दा हालेर निस्कने बित्तिकै पछाडिको व्यक्तिले मुखले तान्दोहोला, अनि यता हुक्का गडगड गर्दो होला। दोस्रो प्वाल भने नाक र मुखसँग जोडिएको हुँदो हो। पछाडिबाट फुक्दा नाक र मुखका प्वालबाट धुवाँ निस्कँदो हो। अनि त्यसैसमय धेरैजसो मूर्खहरूबाट धनादि पदार्थ लुटेर तिनलाई दरिद्र बनाउँदा हुन्।

**प्रश्न**—हेर, डाकोरजीको मूर्त्ति द्वारिकाबाट भक्तजनसँगै आएछ। एउटा सवा रत्ती सुनको टुक्रासँग अनेक मनको मूर्त्ति जोखियो। के यो पनि चमत्कार होइन?

**उत्तर**—त्यसो होइन। त्यो भक्तले मूर्त्तिलाई चोरेर ल्यायो होला र जोखाइको कुरा भने अवश्य पनि कुनै भाँङ्को नशालु व्यक्तिले गफ हाँकेको हुनुपर्दछ।

**प्रश्न**—अनि के त, सोमनाथजी पृथ्वीभन्दा माथि बस्तथे र ठूलो चमत्कार थियो भन्ने कुरा पनि मिथ्या नै हो त?

**उत्तर**—हो, मिथ्या हो। सुन, तल–माथि चुम्बकीय पदार्थ लगाइएका थिए, तिनैको आकर्षणद्वारा त्यो मूर्त्ति बीचमै टिकेको थियो। महमूद–गजनवीले त्यहाँ आएर लड्दा चमत्कार चाहिं यही भयो कि सोमनाथको मन्दिर भत्काइयो, पुजारी भक्तजनको दुर्दशा भयो र दसहजार सेनाले लाखौं सेनालाई धपायो। पोप पुजारी भने पूजा, पुरश्चरम, स्तुति, प्रार्थना गरिरहेका थिए—'हे महादेव, यस म्लेच्छलाई मारिदेऊ, हाम्रो रक्षा गर।' उता आफ्ना चेला राजाहरूलाई सम्झाउँदथे—'हजुर निश्चिन्त रहिबक्स्योस्, महादेवजीले भैरव अथवा वीरभद्रलाई पठाइदिनेछन्। उनले सबै म्लेच्छरूलाई मार्नेछन् वा अन्धा गरिदिनेछन्।' हाम्रो देउता सिद्ध हुनेनै वाला छ। हनुमान्, दुर्गा र भैरवले स्वप्नमा 'हामी सबै काम गरिदिनेछौं' भनेका छन्। आदि ती बिचरा सोझा राजा र क्षत्रियहरू पोपहरूको छक्याइको विश्वासमा परे। कतिका ज्योतिषी पोपहरूले 'अहिले तिमीले चढाइ गर्ने मुहूर्त्त छैन' भने। कुनैले आठौं चन्द्रमा बतायो भने अर्कोले योगिनी अगाडि परेको बतायो। इत्यादि किसिमले झुक्याइरहे। म्लेच्छका फौजले आएर घेरेपछि दुर्दशाका



साथ ती सबै भागे। कतिका पोप–पुजारी र तिनका चेला समातिए। पुजारीहरूले हात जोरेर 'तीन करोड रूपैयाँ दिन्छौं, मन्दिर र मूर्त्तिलाई नभत्काऊ, नफुटाऊ' भने। मुसलमानले जवाफ दिए—'हामी बुतपरस्त= मूर्त्तिपूजक होइनौं, हामी त बुतशिकन=मूर्त्तिभंजक अर्थात् मूर्त्तिको नाश गर्ने हौं।' अनि गएर मन्दिरलाई भत्काइदिए। माथिको छानो भत्केपछि त्यहाँको चुम्बकीय ढुङ्गो अलग्गिनाले मूर्त्ति तल खस्यो। सुनिन्छ, त्यो मूर्त्ति फोर्दा अठार करोड मूल्य बराबरका रत्न निस्केका थिए। पुजारी–पोपमाथि कोर्रा पर्दा तिनीहरू रुन थाले। म्लेच्छहरूले 'ढुकुटी कहाँ छ?' भने। कुटाइ–पिटाइका डरले तुरन्तै खर खजाना सबै बताइदिए। अनि सम्पूर्ण कोश लुटपीट गरेर, पोप र तिनका चेलालाई 'गुलाम' करदाता बनाएर पिंध्ने काम गराए, घाँस खुर्कन लगाए, दिसा–पिसाब उठाउन लगाए र खान भने चनासम्म मात्र दिए। हरे! किन ढुङ्गाको पूजा गरेर सत्यानाशी भयौ? किन परमेश्वरको भक्ति गरेनौ? जुन भक्तिबाट म्लेच्छका दाँत भाँचेर आफ्नो विजय गर्ने थियौ। हेर, जति मूर्त्तिहरूको पूजा गर्यौ, त्यति शूरवीरहरूको पूजा गरेका भए कति रक्षा हुन्थ्यो? पुजारीहरूले ती ढुङ्गाको भक्ति यतिको गरे तर एउटा मूर्त्ति पनि उडेर ती शत्रुहरूको टाउकोमा बज्रन पुगेन। मूर्त्तिकै सेवा गरेझैं कुनै शूरवीर व्यक्तिको सेवा गरेको भए उसले आफ्ना सेवकहरूलाई सकभर बचाउने थियो र ती शत्रुलाई मार्ने थियो।

**प्रश्न**—'द्वारकाजीका रणछोड़जीले नर्सिमहितालाई हुण्डी पठाएर उसको ऋण चुक्ता गरिदिएका थिए' इत्यादि कुरा पनि के झूठा हुन्?

**उत्तर**—कुनै साहुकारले रुपैयाँ दियो होला, त्यसैलाई कसैले 'श्रीकृष्णले पठाएको' भनेर झूटो नाम उडाइदियो होला। संवत् १९१४ सालमा अंग्रेजहरूले मन्दिर मूर्त्तिलाई तोप हानेर उडाउँदा ती मूर्त्ति कहाँ गएका थिए? उता भाघेर जातिका व्यक्तिहरूले धेरै वीरता प्रदर्शित गरेर लडेका र शत्रुलाई मारेका थिए भने मूर्त्तिले त कुनै झिंगाको एउटा खुट्टो भाँच्न पनि सकेनन्। कोही श्रीकृष्णजस्तै भएको भए यिनको उछित्तो पारिदिन्थे। यिनीहरू भागाभाग गर्ने थिए। कसैको रक्षक नै कुटाइ–पिटाइ खान्छ भने त्यसका शरणागत किन पिटिने छैनन्?

**प्रश्न**—ज्वालामुखी त प्रत्यक्ष देवी हुन्, सबैलाई खाइदिन्छिन्। प्रसाद दिंदा आधा खाएर आधा छोडिदिन्छिन्। मुसलमान बादशाहहरूले ती देवीमाथि पानी को नहर हाल्न लगाउँदा र फलामका तावा राख्न लगाउँदा पनि ज्वाला न त निभ्यो, न रोकियो। त्यस्तै हिंगलाज पनि



PDFill PDF Editor with Free Writer and Tools

आधीरातमा पहाडमा सवारी भएकी देखिन्छिन् र पहाडलाई गर्जन गराउँछिन्। चन्द्रकूप बोल्दछ र यो नियन्त्रबाट निस्कनाले पुनर्जन्म हुँदैन। ठुमरा बाँध्नाले पूर्णमहापुरुष कहलाइन्छ भने हिंगलाज पुगेर नआएसम्म आधा महापुरुष भइन्छ। इत्यादि कुरा के मान्नयोग्य होइनन्?

**उत्तर**—होइन। त्यो त ज्वालामुखीबाट आगो=लावा निस्कन्छ। त्यसमा पुजारीहरूले विचित्र लीला गरेका हुन्। खारेको घिउको चम्चामा आगो बल्ने, छुट्टयाउँदा वा फुक्ता निभ्ने र अलिकति घिउलाई खाने, बाँकी छाडिदिने भएजस्तै त्यहाँको कुरा हो। कुनै चुलोमा दन्किएको ज्वालामा हालेको जेपनि भस्म हुने र जङ्गल वा घरमा आगो सल्किनाले सबैलाई त्यस आगोले भस्म गरेजस्तै त्यहाँ एउटा मन्दिर, कुण्ड र यताउति नलको रचनाबाहेक खासकुरा के छ र? हिंगजालमा कुनै सवारी हुँदैन, त्यहाँ हुने सबैकुरा पोप–पुजारी का लीलाबाहेक अरू केही पनि होइन। एउटा पानी र हिलोको कुण्ड बनाइएको छ। यसको मुन्तिरबाट बुलबुला उठ्दछन्। मूर्खहरू त्यसैलाई यात्राको सफलता मान्दछन्। तिनीहरूले धनहरण गर्नका निम्ति योनिको यन्त्र बनाउन लगाएर राखेका हुन्। अनि ठुमरा=जन्तर पनि त्यस्तै पोपलीलाकै हुन्। त्यसबाटै महापुरुष हुनेभए एउटा पशुमाथि ठुमराको भारी बोकाइदिएमा के त्यो महापुरुष हुनेछ? महापुरुष त धेरै उत्तम धर्मयुक्त पुरुषार्थबाट भइन्छ।

**प्रश्न**—अमृतसरको पोखरी अमृतरूप छ, एउटा मुरेठीको फल आधा गुलियो हुन्छ र एउटा भित्तो नुहेपनि झर्दैन। रेवालसरमा बेडा वार–पार तर्दछन्, अमरनाथमा आफैं नै लिङ्ग बन्दछन्, हिमालयबाट परेवाको जोडी आएर सबैलाई दर्शन दिएर जान्छन् भने यो कुरा पनि मान्न योग्य होइन?

**उत्तर**—होइन। त्यस पोखरीको नाममात्र अमृतसर हो। कुनैबेला त्यहाँ जङ्गल हुँदा त्यसको पानी राम्रो–मीठो हुँदो हो। यसैले त्यसको नाम 'अमृतसर' राखिएको होला। पुराणीहरूले मानेजस्तै अमृत हुँदो हो त कोहीपनि किन मर्दो हो? भित्ताको बनावट नै नुहुने तर नलड्ने किसिमको होला। रीठा कलमका पैबन्दी होलान् अथवा गफमात्र होला। रेवालसरमा बेडा तर्दछन् भन्ने कुरामा केही कारीगरी हुनुपर्दछ। अमरनाथमा हिउँका पहाड बन्दछन् भने पानी जमेर स–साना लिङ्ग बन्नुमा कुन ठूलो आश्चर्य हो? अनि परेवाको जोड़ा भने पालिएका हुँदा हुन्, पहाड़को कोल्टोतर्फबाट तिनलाई उडाएर देखाएर मानिस



धनसम्पत्ति हरण गर्दाहुन्।

**प्रश्न**—हरद्वार स्वर्गको द्वार हो, हरकी पैडीमा स्नान गर्नाले पाप छुट्तछन्। तपोवनमा बस्नाले तपस्वी भइन्छ। देव प्रयाग, गंगोत्तरीमा गोमुखको र उत्तरकाशीमा गुप्तकाशी, त्रियुगीनाराणको दर्शन हुन्छ। केदार र बद्रीनारायणको पूजा ६ महिनासम्म मानिस र ६ महिना देवताहरू गर्दछन्। नेपालमा पशुपति महादेवको मुख हो, नितम्ब केदार हो, घुँडा तुङ्गनाथमा र गोडा अमरनाथमा छन्। यिनको दर्शन, स्पर्शन र स्नान गर्नाले मुक्ति हुन्छ। त्यहाँ केदार र बद्रीबाट स्वर्ग जानचाहेमा जान सकिन्छ। इत्यादि कुरा कस्ता हुन्?

**उत्तर**—हरद्वार उत्तरबाट पहाडतर्फ जान एउटा बाटोको आरम्भ हो। 'हरकीपौड़ी' भनेको स्नानका निम्ति बनाइएको खुड्किला समेत रहेको एउटा कुण्ड हो। त्यसमा देश–देशान्तरका मृतकका हाड़ हालिने हुनाले साँच्चै भनौं भने त्यो त 'हाडपैडी' हो। पाप नभोगिकन न त छुट्तछन् न काटिन्छन्। 'तपोवन' जहिले थियो थियो, अब त त्यो 'भिक्षुकवन' छ। तपोवनमा जानाले वा बस्नाले कहिल्यै तप हुँदैन, तप त गर्नाले हुन्छ। त्यहाँ त धेरैजसो झूट बोल्ने पसलेहरूपनि बस्तछन्, के तिनको पनि पाप छुट्नेछ?

'**हिमवतः प्रभवति गङ्गा**' पर्वतको माथिल्लो भागबाट पानी खस्तछ। गोमुखको आकार पैसा ठग्नेहरूले बनाएका होलान् र त्यही पहाड़ पोप–पुजारीहरूको स्वर्ग हो। त्यहाँ उत्तरकाशी आदि ठाउँ ध्यान गर्नेहरूका लागि राम्रो छ तर त्यहाँ पनि व्यापारीहरूको व्यापार नै चल्दछ। '**देवप्रयाग**' पुराणका गफहरूको लीला हो अर्थात् अलखनन्दा र गङ्गा मिलेको ठाउँमा देवता बस्तछन् भन्ने गफ न हाँकेमा त्यहाँ को जान्छ र धन कसले दिने? गुप्तकाशी होइन त्यो त प्रसिद्ध काशी हो। त्यहाँ तीन युगको धुनी त देखिंदैन तर पोप–पुजारीका दस–बीस पुस्ताको भने हुनसक्तछ। त्यो खाखीहरूको धुनी र पारसीहरूको अग्यारी सधैं बलेजस्तै हो। पहाडभित्र ऊष्मा=गर्मी हुन्छ, त्यसैमा तातेर आएको पानीको कुण्ड नै '**तप्तकुण्ड**' हो। त्यसको नजिकै अर्को कुण्डमा माथि गर्मी नभएको ठाउँको पानी आउँछ, यसकारण त्यो चिसो छ। केदारको ठाउँ धेरै राम्रो छ। तर त्यहाँपनि एउटा स्थिर ढुङ्गामाथि पुजारी वा तिनका चेलाले मन्दिर बनाएका छन्। त्यहाँ महन्त, पुजारी, पण्डा–पुरेत धन भैकनका अन्धाहरूबाट धन लिएर विषय भोगको आनन्द लिन्छन्। त्यस्तै बद्रीनारायणमा धेरैजसो ठगविद्यावान् बस्तछन्।



PDFill PDF Editor with Free Writer and Tools

त्यहाँका प्रमुख '**रावलजी**' छन्, एउटी स्त्रीलाई छोडेर अनेक स्त्री राखेका छन्। **एउटा मन्दिरको नाम पशुपति र मूर्त्तिको नाम 'पञ्चमुखी' राखेका छन्। सोधपुछ गर्ने कोही नहुँदा नै यस्ता लीला बढ्दैजान्छन्। तर तीर्थका व्यक्ति जस्तो धूर्त्त धन ठग्ने हुन्छन्, पहाडबासीहरू त्यस्ता हुँदैनन्। त्यहाँको भूमि बडो रमणीय र पवित्र छ।**

**प्रश्न**—विन्ध्याचलमा विन्ध्येश्वरी काली अष्टभुजा प्रत्यक्ष सत्य हुन्। विन्ध्येश्वरी तीन समयमा तीन रूप बदल्दछिन्। उनको टहरोमा एउटा झिंगो पनि हुँदैन। प्रयाग तीर्थराज हो, त्यहाँ टाउको खौरिनाले सिद्धि हुन्छ। गङ्गा–यमुनाको सङ्गममा स्नान गर्नाले इच्छासिद्धि हुन्छ। त्यस्तै '**अयोध्या**' नगरी धेरैपटक उडेर बस्तीसहित स्वर्ग गइन्। '**मथुरा**' सबै तीर्थभन्दा धेरै हो, '**वृन्दावन**' लीला–स्थान हो र गोवर्धन ब्रजयात्रा ठूलो भाग्यले मात्र हुन्छ। सूर्यग्रहणमा कुरुक्षेत्रमा लाखौंको मेला हुन्छ। यी सबै कुरा के मिथ्या हुन्?

**उत्तर**—प्रत्यक्षरूपमा त विन्ध्येश्वरीमा तीन मूर्त्ति आँखैले देखिन्छन् र ती तिनै ढुङ्गाका मूर्त्ति हुन् तथा तीन कालमा तीन प्रकारको रूप देखिने कारण भने पुजारीहरूद्वारा वस्त्र–आभूषण आदि लगाइदिने चातुर्य हो। अनि झिंगा त हजारौं लाखौं हुन्छन्, मैले आफ्नै आँखाले देखेको छु। '**प्रयागमा**' कोही हजाम (नाईं) श्लोक बनाउन जान्ने हुँदो हो, अथवा उसले पोप–पुजारीलाई केही धनदिएर मुण्डनको माहात्म्य बनाएको वा बनाउन लगाएको हुनुपर्दछ। प्रयागमा स्नान गर्नाले स्वर्ग गइन्छ भने घर घर फर्किने कोही पनि त नदेखिनु पर्ने हो, तर सबै घर फर्केका देखिन्छन्। अथवा त्यहाँ कोही डूबेरै मर्यो भने उसको जीव पनि आकाशमा वायुसँग घुमेर पुनः जन्म लिदो नै हो। '**तीर्थराज**' नाम पनि धन ठग्नेहरूले राखेका हुन्। जड़वस्तुमा राजा–प्रजाभाव कहिल्यै हुनसक्तैन। अयोध्यानगरी पूरै बस्ती=कुकुर, गधा, च्यामे, पोडे, चोर, जार आदिसमेत तीनपटक स्वर्ग पुगेको भन्ने कुरा पूर्णतया असम्भव छ। अयोध्या त स्वर्ग गएको छैन, जहाँको त्यहीं छ, तर पोप–पुजारीका मुख र गफमा भने अयोध्या स्वर्गतर्फ उडेको हो। यो शब्दरूपी गफ उड्ने–फिर्ने गर्दछ। यस्तै नैमिषारण्य आदिका कुरा पनि यिनैका लीला हुन् भन्ने बुझ्नुपर्दछ।

'**मथुरा**' तिनैलोकमा निरालो=विशेष त होइन तर त्यहाँ तीन जन्तु भने अवश्य ठूलो लीलाधारी छन्। तिनै तीन किसिमका जन्तुको



कारण जल, थल र अन्तरिक्षमा कसैलाई सुख प्राप्तहुन बडो कठिन हुन्छ। पहिला—'**चौबे**' स्नान गर्न जानेहरूसँग आफ्नो कर लिन पर्खिरहेका र कराइरहेका हुन्छन्—'ल्याऊ यजमान! भाङ्, खुर्सानी र लड्डु खाऔं, पिऔं र यजमानकै जय जय मनाऔं।' दोस्रो—'**कछुवा**' पानीमा टोकिहाल्ने किसिमका हुन्छन्, तिनैको कारण घाटमा स्नान गर्न पनि कठिन हुन्छ। तेस्रो—माथि आकाशमा अर्थात् रुख आदिमा राता–राता मुख भएका **बाँदर** दोपट्टा, टोपी, गहना र जुत्ता पनि छाड्दैनन्। मानिसलाई पनि टोक्छन्, धक्का दिएर लडाउँछन्, मार्दछन्। यी तिनै पोप र पोपका चेलाहरूका पूजनीय हुन्छन्। मानौं चना आदि अन्नबाट कछुवाको, चना–सखर आदिबाट बाँदरको र दक्षिणा तथा लड्डू आदिबाट चौबेहरूको सेवा तिनका सेवकहरू गर्दछन्। अनि वृन्दावन जब लीलास्थान थियो थियो, अब त '**वेश्यावान्**' जस्तै उच्छृङ्खल युवा–युवती र गुरु–चेलीका लीला फैलिरहेछन्। त्यस्तै दीपमालिकाको मेला हुँदा गोवर्द्धन र ब्रजयात्रामा पनि पोपहरूले भनेजस्तै हुन्छ। कुरुक्षेत्रमा पनि उही पेट पाल्ने लीला हो भन्ने बुझ्नुपर्दछ। यिनमा कोही धार्मिक परोपकारी व्यक्ति भएमा ऊ यस पोपलीलादेखि छुट्टै रहन्छ।

**प्रश्न**—सनातनदेखि चलिआएको मूर्त्तिपूजा र तीर्थ कसरी झूठा हुनसक्छन् र?

**उत्तर**—तिमी सनातन केलाई भन्दछौ? परा–पूर्वदेखि चलिआएकोलाई सनातन भनिन्छ। यो मूर्त्तिपूजा र तीर्थ परापूर्वकालदेखि चलिआएको भए वेद र ऋषिमुनिकृत ग्रन्थहरूमा यिनको नाम किन कतै छैन? यो मूर्त्तिपूजा साढे दुई–तीनहजार वर्ष यता वाममार्गीहरू र जैनीहरूबाट चलेको हो। त्यसअघि आर्य्यावर्त्तमा न त मूर्त्तिपूजा थियो, न यी तीर्थ थिए। जैनीहरूले गिरनार, पालिटाना, शिखर, शत्रुञ्जय र आबू आदि तीर्थ बनाएपछि तिनकै देखासिकी यिनीहरूले पनि बनाए। यिनको आरम्भको खोज गर्न चाहनेले पण्डाहरूका सबैभन्दा पुराना बहीखाता र ताम्रपत्र आदि हेरेमा यी सबै तीर्थ पाँचसय वा एक हजार वर्ष यता नै बनेका हुन् भन्ने कुरा निश्चित हुनेछ। एक हजार वर्ष उताको लेख कसैसँग पनि उपलब्ध हुँदैन, यसकारण यी सबै आधुनिक हुन्, न कि सनातन।

**प्रश्न**—'**अन्यक्षेत्रे कृतं पापं काशीक्षेत्रे विनश्यति**' इत्यादि तीर्थका माहात्म्य वा नाम माहात्म्यका कुरा सच्चा हुन् वा होइनन्?



PDFill PDF Editor with Free Writer and Tools

**उत्तर**—होइनन्। पाप छुट्ने भए दरिद्रलाई धन, राजपाट, अन्धालाई आँखा प्राप्त हुनुपर्ने हो, कोढीको कोढ छुट्नुपर्ने हो, तर यस्तो हुँदैन। यसकारण कसैको पाप वा पुण्य छुट्तैन।

**प्रश्न**— **गङ्गा गङ्गेति यो ब्रूयाद्योजनानां शतैरपि।**
**मुच्यते सर्वपापेभ्यो विष्णुलोकं स गच्छति॥ १॥**
**हरिर्हरति पापानि हरिरित्यक्षरद्वयम्॥ २॥**
**प्रातःकाले शिवं दृष्ट्वा निशि पापं विनश्यति।**
**आजन्मकृतं मध्याह्ने सायाह्ने सप्तजन्मनाम्॥ ३॥**

इत्यादि श्लोक पोपपुराणका हुन्। सैकडौं, हजारौं कोस टाढाबाट पनि गङ्गा–गङ्गा भन्नेका सबै पाप नष्ट भएर ऊ विष्णुलोक अर्थात् वैकुण्ठ पुग्दछ॥ १॥ '**हरि**' यी दुई अक्षरको नामको उच्चारणले सबै पाप नष्ट गर्दछ। त्यस्तै राम, कृष्ण, शिव, भगवती आदि नामको माहात्म्य छ॥ २॥ शिवको अर्थात् लिङ्ग या त्यसको मूर्त्तिको दर्शन विहानै गर्ने व्यक्तिको रात्रिमा गरिएको, मध्याह्नमा दर्शन गर्नाले जन्मभरिको तथा सायंकाल दर्शन गर्नाले सातजन्मको पाप छुट्तछ। दर्शनको यो माहात्म्य छ॥ ३॥ के यो झूटो हुनसक्तछ?

**उत्तर**—गङ्गा गङ्गा वा हरे, राम, कृष्ण, नारायण, शिव र भगवती आदि नाम स्मरणले कहिल्यै पाप नछुट्ने हुँदा उक्त कुरा झूटो हो भन्ने कुरामा शङ्कै छैन। त्यसरी पाप छुट्ने भए कोही पनि दुःखी रहने थिएन। हिजोआज पोपलीला अन्तर्गत पाप बढिरहेजस्तै पाप गर्नबाट कोही डराउने पनि छैन। हामीले पाप गरेर नामस्मरण वा तीर्थयात्रा गर्नाले सबै पाप छुट्नेछन् भन्ने विश्वास मूर्खहरूलाई मात्र छ। ती मूर्खहरू यसै विश्वासको आधारमा पाप गरेर यस लोक र परलोकलाई बिगार्दछन्। गरेको पाप वास्तवमा भोग्नैपर्दछ।

**प्रश्न**—त्यसोभए कुनै तीर्थ, नामस्मरण सत्य छ वा छैन?

**उत्तर**—छ। वेदादि सत्यशास्त्रलाई पढ्नु–पढाउनु, धार्मिक विद्वान्हरूको सङ्गत, परोपकार, धर्मानुष्ठान, योगाभ्यास, निर्वैर, निष्कपट, सत्यभाषण, सत्यलाई मान्नु, सत्य व्यवहार गर्नु, ब्रह्मचर्यपालन, आचार्य्य–अतिथि–आमा–बाबुको सेवा, परमेश्वरको स्तुति–प्रार्थना–उपासना, शान्ति, जितेन्द्रियता, सुशीलता, धर्मयुक्त पुरुषार्थ, ज्ञान, विज्ञान आदि शुभ गुण तथा कर्म दुःखहरूबाट पार उतार्ने हुनाले तीर्थ हुन्। जल स्थलमय स्थान विशेष कहिल्यै तीर्थ हुनसक्तैनन्। किनभने '**जना यैस्तरन्ति तानि तीर्थानि**' जे–जसो गर्नाले मानिस दुःखबाट पार उत्रन्छन्



तिनकै नाम तीर्थ हो। जल–स्थल पार उतार्ने होइन डुबाएर मार्ने चाहिं हुन्छन्। बरू समुद्र आदिबाट पार उत्रने साधन डुङ्गा आदिको नाम तीर्थ हुनसक्तछ।

**समानतीर्थे वासी॥ १॥** —अष्टाध्यायी ४।४।१०७

**नमस्तीर्थ्याय च॥ २॥** —यजुर्वेद १६।४२

एउटा आचार्य्यबाट एउटा शास्त्र सँगसँगै पढ्ने सबै ब्रह्मचारी सतीर्थ्य अर्थात् समान तीर्थको सेवन गर्ने हुन्छन्। वेदादिशास्त्र र सत्यभाषण आदि धर्मका लक्षणमा श्रेष्ठ व्यक्तिलाई अन्न आदि पदार्थ दिनु र तीबाट विद्याग्रहण गर्नु आदि तीर्थ भनिन्छन्। नामस्मरण यसलाई भनिन्छ—

**यस्य नाम महद्यशः॥** —यजुर्वेद ३२।३

परमेश्वरको नाम ठूलो यश अर्थात् धर्मयुक्त कर्म गर्नु हो। जस्तै—ब्रह्म, परमेश्वर, ईश्वर, न्यायकारी, दयालु, सर्वशक्तिमान् आदि नाम परमेश्वरका गुण, कर्म, स्वभावबाटै रहेका हुन्। जस्तै—'**ब्रह्म**'=सबैभन्दा ठूलो, '**परमेश्वर**'=ईश्वरहरूको पनि ईश्वर, '**ईश्वर**'=सामर्थ्ययुक्त, '**न्यायकारी**'=कहिल्यै अन्याय नगर्ने, '**दयालु**'=सबैमाथि कृपादृष्टि राख्ने, '**सर्वशक्तिमान्**'=आफ्नै सामर्थ्यबाटै सबजगत्को उत्पत्ति, स्थिति र प्रलय गर्ने, कसैको सहायता नलिने, '**ब्रह्म**'=जगत्का विविध पदार्थ बनाउने, '**विष्णु**'=सबैमा व्यापक भएर रक्षा गर्ने, '**महादेव**'=सबै देवहरूको पनि देव, '**रुद्र**'=प्रलय गर्ने आदि नामको अर्थलाई आफूभित्र धारण गर्नुपर्दछ। अर्थात् ठूला काममा ठूलो हुनु, समर्थहरूमा समर्थहुनु र आफ्ना सामर्थ्यलाई बढाउँदै जानुपर्दछ। कहिल्यै अधर्म गर्नुहुँदैन, सबैमाथि दयाभाव राख्नुपर्दछ। सबै किसिमका साधनलाई समर्थ बनाउनु पर्दछ। शिल्पविद्याबाट नाना किसिमका पदार्थ बनाउनुपर्दछ। सब संसारमा आफ्नो आत्मामा जस्तै सुख–दुःख सम्झनुपर्दछ। सबैको रक्षा गर्नु र विद्वान्हरूमा पनि विद्वान् हुनुपर्दछ। दुष्ट कर्म गर्नेलाई प्रयत्नपूर्वक दण्ड दिनु–दिलाउनु र सज्जनहरूको रक्षा गर्नुपर्दछ। यसरी परमेश्वरका नामहरूको अर्थ जानेर आफ्ना गुण, कर्म, स्वभावलाई परमेश्वरको गुण, कर्म, स्वभावको अनुकूल बनाउँदै जानु नै परमेश्वरको नामस्मरण गर्नु हो।

**प्रश्न—गुरुर्ब्रह्मा गुरुर्विष्णुर्गुरुर्देवो महेश्वरः।**
**गुरुरेव परं ब्रह्म तस्मै श्रीगुरवे नमः॥**

इत्यादि गुरु माहात्म्य त सच्चा हो? गुरुका गोडा धोएर पानी खानु तथा गुरुले आज्ञा दिएअनुसार नै कर्म गर्नुपर्दछ। गुरु लोभी भए



PDFill PDF Editor with Free Writer and Tools

वामनजस्तो, क्रोधी भए नृसिंहजस्तो, मोही भए रामजस्तो र कामी भए कृष्णजस्तो गुरुलाई सम्झनुपर्दछ। गुरुजीले जस्तोसुकै पाप गरेपनि गुरुप्रति अश्रद्धा गर्नुहुँदैन। साधु-सन्त वा गुरुको दर्शन गर्न जाँदा पाइलैपिच्छे अश्वमेधको फल पाइन्छ। यो कुरा ठीक हो वा होइन ?

**उत्तर**—ठीक होइन। ब्रह्मा, विष्णु, महेश्वर र परब्रह्म नाम परमेश्वरका हुन्। गुरु त्यस परमेश्वरको दाँजोमा कहिल्यै पुग्नसक्तैन। यो गुरु माहात्म्य गुरुगीता पनि एउटा ठूलो पोपलीला हो। 'गुरु' त आमा, बाबु, आचार्य र अतिथि हुन्छन्। तिनकै सेवा गर्नु, तीबाट शिक्षा लिनु-दिनु शिष्य र गुरुको काम हो। तर गुरु लोभी, क्रोधी, मोही र कामी छ भने उसलाई सर्वथा छोड्नु र उक्त दुर्गुण त्याग्ने शिक्षा, उपदेश गर्नुपर्दछ। राम्रो मुखले सम्झाउँदा नमानेमा अर्घ्य-पाद्य अर्थात् ताडनादण्ड=कुटपीट गर्नु र त्यसबाट पनि नमानेमा प्राणै लिनमा पनि कुनै दोष हुँदैन। विद्या आदि सद्गुणमा गुरुत्व हुँदैन भने उक्त विद्या आदि नभएको र देखावटी कंठी, तिलक धारण गर्ने र वेदविरुद्ध मन्त्रोपदेश गर्नेहरू गुरु नभएर गोठाला जस्ता हुन्। गोठालाले आफ्ना भेडा बाख्राबाट दूध आदि प्रयोजन सिद्ध गरेजस्तै तिनीहरू पनि शिष्य वा चेला-चेलीको धनहरण गरेर आफ्नो स्वार्थपूर्ति गर्दछन्। तिनीहरू—

**दोहा— गुरु लोभी चेला लालची, दोनों खेलें दाव।**
**भव सागरमें डुबते, बैठ पत्थरकी नाव॥**

गुरु, 'चेला चेलीले केही न केही दिने नै छन्' भन्ने सम्झन्छ र चेला भने 'ठिकै छ, गुरु झूटा किरिया खान र पाप छुटाउने काममा आउने नै छन्' भन्ठान्दछन्। यस्तै लोभ-लालचले गर्दा ती दुबै कसैमुनि ढुङ्गाका डुङ्गामा बसेर समुद्र तर्न खोज्नेहरू समुद्रमा डुबे जस्तै भवसागरको दुःखमा डुब्दछन्। यस्ता गुरु र चेलाको मुखमा धुलो र खरानी परोस् अर्थात् यस्ताले त माटै खाऊन्। त्यस्ताको अगाडि उभिनु पनि हुँदैन। त्यस्ताको नजिक पुग्ने व्यक्ति दुःखसागरमा पर्नेछ। जस्तो पोपलीला पुजारी-पुराणीहरूले चलाए, त्यस्तै यी गोठाला गुरुहरूले पनि लीला मच्चाएका छन्। यो सब स्वार्थीहरूको काम हो। परमार्थी व्यक्ति त आफू दुःख उठाएर पनि जगत्को उपकार गर्न छोड्दैनन्। गुरुमाहात्म्य र गुरुगीता आदि पनि यिनै लोभी, कुकर्मी गुरुहरूले बनाएका हुन्।

**प्रश्न— अष्टादश पुराणानां कर्त्ता सत्यवती सुतः॥ १॥**
**इतिहास पुराणाभ्यां वेदार्थमुपबृंहयेत्॥ २॥**
—महाभारते, आदिपर्व ३।२६७



**पुराणानि खिलानि च॥ ३॥** —मनुस्मृति ३।२३२
**इतिहासपुराणः पञ्चमो वेदानां वेदः॥ ४॥**
—छान्दोग्य उपनिषद् ७।१।४
**दशमेऽहनि किञ्चित्पुराणमाचक्षीत॥ ५॥**
**पुराण विद्या वेद॥ ६॥** —सूत्रम्

अठार पुराणका कर्त्ता व्यासजी हुन्। व्यासवचनको प्रमाण अवश्य मान्नुपर्दछ॥ १॥ इतिहास र पुराण वेदकै अर्थको अनुकूल हुनाले इतिहास, महाभारत, अठार पुराणबाट वेदको अर्थ बुझ्नु-बुझाउनु पर्दछ॥ २॥ पितृकर्ममा पुराण र खिल अर्थात् हरिवंशको कथा सुन्नुपर्दछ॥ ३॥ इतिहास र पुराण पाँचौं वेद भनिन्छन्॥ ४॥ अश्वमेधको समाप्तिमा दसौं दिन अलिकति केही पुराणको कथा सुन्नुपर्दछ॥ ५॥ वेदको अर्थ बताउने हुँदा पुराणविद्या वेद नै हो॥ ६॥ इत्यादि प्रमाणहरूबाट पुराण प्रमाणिक ठहरिन्छन् र पुराणहरूमा मूर्त्तिपूजा र तीर्थस्थलको विधान हुनाले पुराणका प्रमाणबाट मूर्त्तिपूजा र तीर्थहरू प्रामाणिक सिद्ध हुन्छन्॥

**उत्तर**—अठार पुराणका कर्त्ता व्यासजी भएका भए तिनका यतिका झूठा गफ हुने थिएनन्। शारीरकसूत्र, योगशास्त्रकको भाष्य आदि व्यासकृत ग्रन्थ हेर्दा व्यासजी ठूला विद्वान्, सत्यवादी, धार्मिक, योगी थिए भन्ने कुरा बुझिन्छ। उनले यस्ता झुठा कथा कहिल्यै लेख्नेथिएनन्। यसबाट सम्प्रदायी, परस्पर विरोधी व्यक्तिहरूले बनाएका नयाँ कपोलकल्पित ग्रन्थहरूमा व्यासजीका गुणहरूको लेशमात्र पनि थिएन भन्ने बुझिन्छ। वेदशास्त्र विरुद्ध असत्य कुरा लेख्ने काम व्यासजस्ता विद्वान्हरूको होइन, यो काम त वेदशास्त्रविरोधी, स्वार्थी अविद्वान्हरूको हो। सत्यशास्त्रहरूमा इतिहास र पुराण भनेर शिवपुराण आदिको नाम भनिएको होइन। त्यो त—

**ब्राह्मणानीतिहासान् पुराणानि कल्पान् गाथा नाराशंसीरिति॥**

यो ब्राह्मणग्रन्थ र सूत्रहरूको वाक्य हो। ऐतरेय, शतपथ, साम र गोपथ यी ब्राह्मणग्रन्थकै पाँच नाम—'इतिहास, पुराण, कल्प, गाथा र नाराशंसी' छन्। '**इतिहास**'—जस्तै जनक र याज्ञवल्क्यको संवाद, **पुराण**—जगत्को उत्पत्ति आदिको वर्णन, '**कल्प**'—वेदका शब्दहरूको सामर्थ्यको वर्णन र अर्थ निरूपण गर्नु, '**गाथा**'—कसैको दृष्टान्त-दार्ष्टान्तिरूप कथा-प्रसंग भन्नु, '**नाराशंसी**'—मानिसका प्रशंसनीय वा अप्रशंसनीय कर्महरूको कथन गर्नु, यिनको यथार्थ तात्पर्य हो। यिनैबाट वेदार्थको ज्ञान हुन्छ। पितृकर्म अर्थात् ज्ञानीहरूको प्रशंसामा केही सुन्नु



PDFill PDF Editor with Free Writer and Tools

र अश्वमेधको अन्त्यमा पनि यिनैलाई सुन्नुपर्ने कुरा लेखिएको छ। व्यासकृत ग्रन्थलाई सुन्ने–सुनाउने काम व्यासजीको जन्मपछि हुनसक्तछ, त्यसअघि हुनसक्तैन। व्यासजीको जन्म हुनुअघि पनि वेदार्थ पढ्ने–पढाउने, सुन्ने–सुनाउने काम हुन्थ्यो। यसैकारण सबैभन्दा प्राचीन ब्राह्मण–ग्रन्थमा नै यो सबै घटित हुनसक्तछ। यी नयाँ कपोलकल्पित श्रीमद्भागवत्, शिवपुराण आदि मिथ्या वा दूषित ग्रन्थहरूमा उक्त कुरा घटित हुनसक्तैन।

व्यासजीले वेद पढेर, पढाएर, वेदार्थ फैलाएको हुनाले उनको नाम '**वेदव्यास**' भएको हो। वार–पारको मध्यरेखालाई 'व्यास' भनिन्छ यस्तै उनले ऋग्वेदको आरम्भ देखि लिए अथर्ववेदको अन्त्यसम्म चारै वेद पढेका थिए र शुकदेव तथा जैमिनी आदि शिष्यहरूलाई पढाएका पनि थिए। नत्र उनको जन्मको नाम त '**कृष्णद्वैपायन**' थियो। वेदलाई व्यासजीले एकत्रित गरेका हुन् भन्ने कुरा झूटो हो। व्यासजीका पिता, पितामह, प्रपितामह, पराशर, शक्ति, वशिष्ठ र ब्रह्मा आदिले पनि चारै वेद पढेका थिए। व्यासजीले वेद एकत्र गरेका भए उनका बाबु–बराजुले कसरी वेद पढे ?

**प्रश्न**—पुराणमा सबै कुरा झूठा छन् अथवा कुनै कुरा सच्चा पनि छन् ?

**उत्तर**—धेरैजसो कुरा झूठा छन् भने कुनै कुरा घृणाक्षरन्यायले सच्चा पनि छ। सच्चा कुरा जति वेदादि सत्यशास्त्रका र झूठा जति ती पोपका पुराणरूपी घरका हुन्। जस्तै शिवपुराणमा शैवहरूले शिवलाई परमेश्वर मानेर विष्णु, ब्रह्म, इन्द्र, गणेश र सूर्य्य आदिलाई शिवका दास बताए। वैष्णवले विष्णुपुराण आदिमा विष्णुलाई परमात्मा मानेर शिव आदिलाई विष्णुका दास माने। देवीभागवतमा देवीलाई परमेश्वरी र शिव, विष्णु आदिलाई उसका नोकर बनाए। गणेशखण्डमा गणेशलाई ईश्वर र बाँकी सबैलाई दास भने। यी सबै कुरा सम्प्रदायीहरूका होइनन् भने कसका हुन् त ? एउटै मानिसले बनाएको ग्रन्थमा यस्ता परस्परविरुद्ध कुरा हुँदैनन्, अझ विद्वान्ले बनाएकोमा त यस्तो हुनैसक्तैन। यिनमा एउटा कुरालाई सत्य मानेमा दोस्रो झूठो, दोस्रोलाई सत्य माने तेस्रो झूटो र तेस्रोलाई सत्य माने अरू सबै झूटा ठहर्दछन्।

शिवपुराण मान्नेले शिवबाट, विष्णुपुराणीले विष्णुबाट, देवीपुराणका अनुयायीले देवीबाट, गणेशखण्डीले गणेशबाट, सूर्यपुराणीले सूर्यबाट र वायुपुराणीले वायुबाट सृष्टिको उत्पत्ति, प्रलय लेखेर फेरि एक–एकबाट जगतको एउटा–एउटा कारण बताए र तिनको उत्पत्ति एक–



एकबाट भयो भने। यिनीहरूसँग कसैले 'जगत्को उत्पत्ति, स्थिति, प्रलय गर्ने उत्पन्न हुन र उत्पन्न भएको सृष्टिको कारण हुन के कहिल्यै सक्तछ ?' भनी सोधेमा चुपलाग्नुबाहेक केही पनि भन्न सक्तैनन्। अनि यी सबैका शरीरको उत्पत्ति पनि यसैबाट भयो होला। त्यसो हुँदा ती आफैं सृष्टिका पदार्थ र परिच्छिन्न भएर पनि संसारको उत्पत्तिकर्त्ता कसरी हुन सक्छन् ? अनि तिनमा उत्पत्ति पनि अत्यन्त विलक्षण एवं असम्भव किसिमको मानिएको छ। जस्तै—

शिवपुराणमा—शिवले 'म सृष्टि गरूँ' भन्ने इच्छा गर्दा एउटा नारायण जलाशयलाई उत्पन्न गरेर त्यसको नाभिबाट कमल र कमलबाट ब्रह्मा उत्पन्न भयो। उसले यो सबै जलमय देख्यो। पानीको अञ्जलि उठाएर हेरेर पानीमै फाल्यो। त्यसबाट एउटा बुलबुलो उठ्यो र बुलबुलाबाट एउटा पुरुष उत्पन्न भयो। त्यसले ब्रह्मासँग 'हे पुत्र! सृष्टि उत्पन्न गर' भन्यो। ब्रह्माले ऊसँग 'म तेरो पुत्र होइन, तँ मेरो पुत्र होस्' भन्यो। तिनमा विवाद भयो र हजारौं दिव्य वर्षसम्म दुबै पानीमै लडिरहे। तिनको लडाइँ देखेर महादेवले 'जस–जसलाई मैले सृष्टि गर्न पठाएको थिएँ, ती दुबै त लडिरहेछन्' भन्ने सोचे, अनि ती दुबैको बीचबाट एउटा तेजोमय लिङ्ग उत्पन्न भयो र त्यो छिटै आकाशमा फैलिंदै गयो। आश्चर्यचकित भई त्यसको आदि–अन्त्य थाहा पाउने विचार गरे र पहिले आदि–अन्त्य पता लगाएर आउने पिता र पछि पत्ता लगाउने वा पत्ता लगाउन नसक्ने पुत्र हुने निधो दुबैले गरे। विष्णु कछुवाको रूप धारण गरेर तल्तिर लाग्यो र ब्रह्मा हाँसको शरीर धारण गरेर मास्तिर उड्यो। दुबै मन जत्तिकै तेजीका साथ हिंडे। दिव्यसहस्र वर्षसम्म दुबै हिंडिरहे तर त्यसको अन्त्य पाउन सकेनन्। अनि विष्णु तलबाट मास्तिर लाग्यो र ब्रह्मा माथिबाट तल्तिर झर्यो। ब्रह्माले सोच्यो, 'उसले पत्ता लगाइसकेको रहेछ भने मैले पुत्र बन्नुपर्नेछ।' यस्तो विचार गर्दा–गर्दै एउटा गाई र एउटा क्यातुकेको बोट माथिबाट झरे। ब्रह्माले तीसँग 'तिमीहरू कहाँबाट आयौ' ? भनी सोध्यो। तिनले 'हामी हजारौं वर्षदेखि यस लिङ्गको आधारबाट आइरहेका छौं' भने। ब्रह्माले फेरि सोध्यो—'यस लिङ्गको आदि वा अन्त्य छ वा छैन ?' तिनले उत्तर दिए—'छैन'। ब्रह्माले तीसँग भन्यो—'तिमीहरू मसँग हिंड र गाईले चाहिं 'म यस लिङ्गको टाउकोमा दूधको धारा बहाउने गर्दथें' भन्ने साक्षी देऊ र वृक्षले चाहिं 'म पुष्पवर्षा गर्दथें' भन। यस्तो साक्षी बकिदिन्छौ भने म तिमीहरूलाई ठाउँमा पुर्याइदिन्छु।' तिनले 'हामी झूटो साक्षी दिन्नौं'



PDFill PDF Editor with Free Writer and Tools

भने। अनि ब्रह्माले क्रोधित भएर 'यस्तो साक्षी दिंदैनौ भने म तिमीहरूलाई अहिल्यै भस्म गरिदिन्छु' भन्यो। तब दुबैले डराएर 'जसो तिमी भन्छौ त्यस्तै साक्षी दिनेछौं' भने। अनि ती तिनै तल्तिर लागे।

विष्णु पहिल्यै आइपुगेको थियो, ब्रह्मा पनि पुग्यो। ब्रह्माले विष्णुसँग 'थाहा पाइस् वा पाइनस्' भनी सोध्यो। विष्णुले 'मैले यसको थाहा पाइँन' भन्यो। ब्रह्माले 'मैले थाहा पाएँ' भन्यो। विष्णुले 'कुनै साक्षी देऊ' भन्यो। अनि गाई र वृक्षले 'हामी दुबै लिङ्गको टाउकोमा थियौं' भनी साक्षी दिए। त्यत्तिकैमा लिङ्गबाट शब्द निस्कियो र वृक्षलाई सराप्यो—तैंले झूट बोलिस्, यसकारण तेरो फूल म वा अरू कुनै देवतामाथि कहिल्यै चढाइने छैन, कसैले चढायो भने चढाउनेको सत्यानाश हुनेछ। गाईलाई श्राप दियो—'जुन मुखबाट तैंले झूट बोलिस्, त्यसै मुखले दिसा खाने गर्नेछस्। कसैले तेरो मुखको पूजा गर्नेछैन, तर पुच्छरको पूजा गरिनेछ।' ब्रह्मालाई श्राप दियो—'तैंले पनि झूट बोलिस्, अतः संसारमा कतै पनि तेरो पूजा हुनेछैन।' र विष्णुलाई वर दियो—'तैंले सत्य बोलिस्, अतः सर्वत्र तेरो पूजा हुनेछ।'

अनि दुबैले लिङ्गको स्तुति गरे। त्यसबाट प्रसन्न भएर त्यस लिङ्गबाट एउटा जटाधारी मूर्त्ति निस्कियो। मूर्त्तिले 'मैले तिमीहरूलाई सृष्टि गर्न पठाएको थिएँ, किन झगडा गरिरह्यौ?' भन्यो। ब्रह्मा र विष्णुले 'सामानै नभइ हामी कहाँबाट सृष्टि गरौं?' भने। त्यसपछि महादेवले आफ्नो जटाबाट एउटा भस्मको गोलो दियो र 'जाओ, यसैबाट सबै सृष्टि बनाओ' भन्यो। इत्यादि।

**यी पुराण बनाउनेहरूसँग यति त सोध्नैपर्छ कि—जब सृष्टिका तत्त्व र पञ्चमहाभूत पनि थिएनन् भने त्यतिखेर ब्रह्मा, विष्णु, महादेवका शरीर, जल, कमल, लिङ्ग, गाई र क्यातुकेको रुख र भस्मको गोलो के तिम्रा बाबुको घरबाट आएर बजारिए?**

त्यस्तै भागवतमा विष्णुको नाभिबाट कमल, कमलबाट ब्रह्मा, ब्रह्माको दाहिना गोडाको औंठाबाट स्वायंभव, देब्रे औंठाबाट शतरूपा रानी, ललाटबाट रुद्र तथा मरीचि आदि दस पुत्र, तीबाट दस प्रजापति, तिनका तेह्र छोरीको विवाह कश्यपसँग, तीमध्ये दितिबाट दैत्य, दनुबाट दानव, अदितिबाट आदित्य, विनताबाट पक्षी, कद्रूबाट सर्प, सरमाबाट कुकुर, स्याल आदि र अरू स्त्रीहरूबाट हात्ती, घोडा, ऊँट, गधा, भैंसी, घाँस–पात र बबूल आदि वृक्ष काँडासमेत उत्पन्न भए।

अरे रे भागवत बनाउने लालबुझक्कड! के भनौं! तँलाई यस्ता–



यस्ता झूटा, असम्भव कुरा लेख्नमा अलिकति लाज–सरम पनि लागेन? कोरा अन्धो नै भइस्। **स्त्री–पुरुषका रजवीर्यको संयोगबाट मानिस त बन्दछन् तर परमेश्वरको सृष्टिक्रमको विरुद्ध पशु, पक्षी, सर्प आदि कहिल्यै बन्न सक्तैनन्** भने हात्ती, ऊँट, सिंह, कुकुर, गधा र वृक्ष आदि स्त्रीको गर्भाशयमा स्थित हुने सम्भावना कहाँ रहन्छ र? अनि फेरि सिंह आदिले जन्मेर आफ्ना बाबु–आमालाई किन खाएनन्? अझ मनुष्य शरीरबाट पशु, पक्षी, वृक्ष आदि कसरी उत्पन्न हुनसक्तछन्?

यिनीहरूले बनाएको र हालसम्म पनि संसारलाई भ्रमित पारेको यस नितान्त असम्भव लीलाप्रति शोक प्रकट गर्दछु। यस्ता महाझूठा कुरालाई पनि ती अन्धा पोप=पुरेत–पुजारी र बाहिर–भित्रबाट आँखा फुटेका तिनका चेला सुन्दै र मान्दै आइरहेका छन्। ठूलो अचम्म त के हो भने यी मानिसकै हुन् वा अरू केही हुन्? यी भागवत आदि पुराण बनाउनेहरू गर्भमा वा जन्मनेबित्तिकै किन मरेनन्? किनकि यी पापी पोपबाट बचेको भए आर्यावर्त्तदेश दुःखबाट बच्नेथियो।

**प्रश्न**—'जसको विवाह त्यसैको गीत' भनेजस्तै यी कुरामा विरोध हुनसक्तैन। विष्णुको स्तुति गर्दा विष्णुलाई परमेश्वर अरूलाई दास, अनि शिवको गुणगान गर्दा शिवलाई परमात्मा र अरूलाई नोकर चाकर बनाइएको वा बताइएको हो। अर्को कुरा, परमेश्वरको मायाबाट जेपनि हुन वा बन्न सक्तछ। परमेश्वर मानिसबाट पशु आदि र पशु आदिबाट मनुष्य आदिको उत्पत्ति गर्नसक्तछ। हेर, परमेश्वरले कारणविना नै आफ्नो मायाबाटै सम्पूर्ण सृष्टि खडा गरेको छ। त्यसमा घटित हुनसक्ने कुरा कुन चाहिं छ र? परमेश्वर आफूले चाहेअनुसार जेपनि गर्नसक्तछ।

**उत्तर**—अरे सोझा भाइ हो! विवाहमा जसका गीत गाइन्छन्, त्यसैलाई सबैभन्दा ठूलो र अरूलाई सानो त बनाइँदैन, निन्दा गरिंदैन अथवा उसैलाई सबैको बाबु त बनाइँदैन। भन त पोपजी! तिमी चारण र भाटभन्दा पनि बढी झूठा गफी हौ वा होइनौ? जसको पछि लाग्छौ, त्यसैलाई सबैभन्दा ठूलो बनाउँछौ वा बताउँछौ र जसको विरोध गर्दछौ, त्यसलाई सबैभन्दा नीच ठहर गर्दछौ। तिमीलाई सत्य र धर्मसँग के प्रयोजन छ र? तिमीलाई त आफ्नो स्वार्थसँग मात्र मतलब छ। माया मानिसमा हुनसक्तछ। छली, कपटीलाई मायावी भनिन्छ। परमेश्वरमा छल, कपट आदि दोष नहुनाले उसलाई मायावी भन्न सकिन्न। आदि सृष्टिमा कश्यप र कश्यपकी पत्नीहरूबाट पशु, पक्षी, सर्प, वृक्ष आदि सन्तान भएका थिए भने तिनका त्यस्तै सन्तान हिजोआज किन हुँदैनन्?



PDFill PDF Editor with Free Writer and Tools

यस ग्रन्थमा अघि लेखिएको सृष्टिक्रम नै ठीक हो। पोपहरूले भने निम्न ठाउँमा धोका खाएर नै बक-बक गरेका हुन् भन्ने अनुमान छ—

**तस्मात् काश्यप्य इमाः प्रजाः ॥**

—तुलना-शतपथ ७।५।१।५

शतपथमा 'यो सबै सृष्टि कश्यपले बनाएको हो' भनिएको छ।

**कश्यपः कस्मात् पश्यको भवतीति ॥** —निरुक्त

'पश्यक' अर्थात् '**पश्यतीति पश्यः एव पश्यकः**' निर्भ्रम भएर चराचर जगत्, सबै जीव र यिनका कर्म, सकल विद्यालाई यथावत् देख्ने हुनाले सृष्टिकर्त्ता परमेश्वरको नाम 'कश्यप' हो तथा महाभाष्यको '**आद्यन्त-विपर्ययश्च**' यस वचनअनुसार आदिको अक्षर अन्त्यमा र अन्त्यको अक्षर आदिमा आउनाले 'पश्यक' बाट नै '**कश्यप**' भएको हो। यसको यथार्थ अर्थ नजानेर भाङ् खाएर सृष्टिविरुद्ध कुरा बताउनमा आफ्नो जन्म नष्ट गरेका हुन्।

जस्तै मार्कण्डेयपुराणको दुर्गापाठमा देवहरूका शरीरबाट तेज निस्किएर एउटी देवी बनी। त्यस महिषासुरलाई मारी। रक्तबीजको शरीरबाट एउटा थोपो रगत भुईंमा खस्ता त्यस्तै खालका रक्तबीज उत्पन्न हुनाले सब जगत्मा रक्तबीज भरिनु, रगतको खोलो बग्नु आदि धेरैजसो झूठा गफ लेखिएका छन्। रक्तबीजबाट पूरै जगत् भरिपूर्ण थियो भने देवी, देवीको सिंह र उसका सेना कहाँ बस्तथे? अनि रक्तबीज देवीभन्दा टाढा-टाढा थिए भन्छौ भने 'सम्पूर्ण जगत् रक्तबीजले भरिएको थिएन' भन्ने कुरा मान्नुपर्दछ। फेरी भरिएकै भए पशु, पक्षी, मनुष्य आदि प्राणी र पानीमा बस्ने ग्राह, कछुवा, माछा, वनस्पति आदि वृक्ष कहाँ रहन्थे? 'ती सबै त्यस दुर्गापाठ बनाउने पोपका घरमा भागेर पुगेका होलान् त?' भन्ने कुरा नै सोच्नुपर्ने हुन्छ। हेर, छेउ-टुप्पो केही नभएको कस्तो असम्भव गफ भाँङ्को लहरमा उडाएका छन्?

अब 'श्रीमद्भागवत' भनिनेको लीला सुन। ब्रह्माजीलाई नारायणले चतुःश्लोकी भागवतको उपदेश गरे—

**ज्ञानं परमगुह्यं मे यद्विज्ञानसमन्वितम्।**
**सरहस्यं तदङ्गञ्च गृहाण गदितं मया ॥**

—श्रीमद् भागवत् २।९।३०

**अर्थ**—हे ब्रह्माजी! विज्ञान र रहस्ययुक्त, धर्म, अर्थ, काम, मोक्षको अङ्ग मेरो परमगुह्यज्ञानलाई तिमी मबाट ग्रहण गर।

ज्ञानलाई विज्ञानयुक्त भनेपछि त्यसलाई परम भन्नु अर्थात् श्रेष्ठ



ज्ञानको विशेषण राख्नु व्यर्थै हुन्छ र गुह्य विशेषणबाट रहस्य पनि पुनरुक्त छ। मूल श्लोक नै पुनरुक्त भएपछि अरू अनर्थक किन हुँदैन? भागवतको मूल नै झूटो छ भने उसको वृक्ष झूटो किन छैन? नारायणले ब्रह्माजीलाई वर दिए—

**भवान् कल्पविकल्पेषु न विमुह्यति कर्हिचित् ॥**

—श्रीमद् भागवत २।९।३६

तपाईं कल्प=सृष्टि र विकल्प=प्रलयमा पनि कहिल्यै मोहित हुनुहुनेछैन। यहाँ यसो भनिएको छ भने दशमस्कन्धमा (भागवत १०। अ० १३, १४) ब्रह्माले मोहित भएर बाछा चोरेको कुरा छ। यी दुवैमा एउटा कुरा सच्चा भए अर्को झूटो ठहर्दछ। यस्तै किसिमले यी दुवै कुरा झूठा हुन्। वैकुण्ठमा राग, द्वेष, क्रोध ईर्ष्या, दुःख हुँदैन भने वैकुण्ठको ढोकामा सनकादिकलाई किन रिस उठ्यो त? त्यहाँ रिस उठेको थियो भने त्यो स्वर्ग होइन। त्यसबखत जय-विजय द्वारपाल थिए। स्वामीको आज्ञापालन गर्नु आवश्यक थियो। उनीहरूले सनक आदिलाई रोके भने के अपराध भयो त? यस प्रसङ्गमा अपराधविना नै श्राप लाग्नसक्तैन। 'पृथ्वीमा झर' भन्ने श्राप लागेको कुराबाट त्यहाँ पृथ्वी थिएन भन्ने कुरा सिद्ध हुन्छ। आकाश, वायु, अग्नि र जल हुँदो हो त त्यस्तो मन्दिर र जल के मा टिकेको थिए? जय-विजयले फेरि 'महाराज! हामी पुनः वैकुण्ठमा कहिले फर्कनेछौं?' भनी सनकादिको स्तुति गरे। उनीहरूले 'प्रेमपूर्वक नारायणको भक्ति गर्यौ भने सातौं जन्ममा र विरोधपूर्वक भक्ति गर्यौ भने तेश्रो जन्ममा वैकुण्ठ प्राप्त गर्नेछौ' भने। (भागवत ३। अ० १५, १६)

यसमा विचारणीय कुरा के भने जय-विजय नारायणका नोकर थिए। उनको रक्षा र सहायता गर्नु नारायणको कर्त्तव्य कर्म थियो। कसैले आफ्ना नोकरलाई अपराधविना नै दुःख दिन्छन् र उनका स्वामी त्यस्ता दुःख दिनेलाई दण्ड दिंदैनन् भने जसले पनि त्यसका नोकरचाकरको दुर्दशा गर्ने नै भयो। नारायणले जय विजयको सत्कार गर्नु र सनकादिक-लाई प्रशस्त दण्ड दिनु उचित हुन्थ्यो। किनकि उनीहरूले भित्र आउने जिद्दी किन गरे? नोकरहरूसँग किन लडे? र श्राप किन दिए? ती नोकरचाकरको सट्टा सनकादिलाई चाहिं पृथ्वीमा झार्नु नारायणको न्याय हुन्थ्यो। यतिको अन्धेरखाता नारायणको घरमा छ भने वैष्णव भनिने उसका सेवकको जति दुर्दशा गर्ने नै भयो। नारायणले जय विजयको सत्कार गर्नु र सनकादिकलाई प्रशस्त दण्ड दिनु उचित



PDFill PDF Editor with Free Writer and Tools

हुन्थ्यो। किनकि उनीहरूले भित्र आउने जिद्दी किन गरे? नोकरहरूसँग किन लडे? र श्राप किन दिए? ती नोकरचाकरको सट्टा सनकादिलाई चाहिं पृथ्वीमा झार्नु नारायणको न्याय हुन्थ्यो। यतिको अन्धेरखाता नारायणको घरमा छ भने वैष्णव भनिने उसका सेवकको जति दुर्दशा भए पनि थोरै हुन्छ।

ती हिरण्याक्ष र हिरण्यकशिपु भएर जन्मिए (भाग० ३।१७, १८)। तीमध्ये हिरण्याक्षलाई वराहले मार्यो। त्यसको कथा यसरी लेखिएको छ—उसले पृथ्वीलाई गुन्द्री बेरेझैं बेरेर सिरान हालेर सुत्यो (गरुड पु०उ०ख० २६।३)। विष्णुले वराहको स्वरूप धारण गरेर उसको टाउको मुनिबाट पृथ्वीलाई मुखमा हाल्यो (भागवत ३। अ० १८, १९)। हिरण्याक्ष उठ्यो। दुबैको लडाइँ भयो। वराहले हिरण्याक्षलाई मारिदियो।

यिनीहरूसँग 'पृथ्वी गोलो छ वा चकटी जस्तो?' भनी सोधेमा केही भन्नसक्ने छैनन्। पौराणिकहरू त भूगोलविद्याका शत्रु हुन्। पृथ्वीलाई बेरेर सिरानमै राख्यो भने ऊ आफू केमा सुत्यो त? अनि वराहजी केमाथि खुट्टा राखेर दौडेर आइपुगे? वराहजीले पृथ्वीलाई मुखमा हालेपछि ती दुबै केमा उभिएर लडे त? त्यहाँ टेक्ने अरू कुनै ठाउँ त थिएन। तर भागवत आदि पुराण बनाउने पोपका छातीमा उभिएर लडे होलान्? तर पोप के मा सुतेको हुँदो हो? यो कुरा झूठा गफीका घरमा अर्को गफाडीले आएर, मिथ्यावादीका घरमा अरू झूटा व्यक्ति आउँदा आफ्नो गफ किन घटाउने? भने जस्तै हो।

अब रह्यो हिरण्यकशिपुको कुरा। उसको छोरो प्रल्हाद थियो, ऊ बडो भक्त थियो। उसको बाबु उसलाई पढ्न भनी पाठशाला पठाउँदथ्यो। तब ऊ अध्यापकहरूसँग 'मेरो सिलोटमा राम-राम लेखिदेऊ' भन्दथ्यो। बाबुले यो कुरा थाहा पाएर 'तँ मेरो शत्रुको भजन किन गर्दछस्?' भन्यो। तर छोरो मानेन। अनि उसको बाबुले उसलाई बाँधेर पहाडबाट खसाल्यो, कुवामा हाल्यो, तर उसलाई केही भएन। अनि हिरण्यकशिपुले एउटा फलामको थामलाई आगोमा तपाएर प्रल्हादसँग भन्यो—'तेरो इष्टदेव राम सच्चा हो भने तँ यसलाई समात्ताले पनि डढ्नेछैनस्। प्रल्हाद थाम समात्न अगि बढ्यो। डढ्नबाट जोगिने छु वा छैन' भन्ने शङ्का उसको मनमा भयो। त्यत्तिकैमा नारायणले त्यस थाममा साना-साना कमिला हिंडायो। प्रल्हादलाई निश्चय भयो र थामलाई समातिहाल्यो। थाम फाट्यो। त्यसबाट नृसिंह निस्कियो र उसले



हिरण्यकशिपुलाई समातेर पेट चिरेर मार्यो। अनि प्रल्हादलाई प्यारका साथ चाट्न थाल्यो। प्रल्हादसँग 'वर माग' भन्यो। उसले आफ्नो पिताको सद्गति होओस् भन्ने वर माग्यो। नृसिंहले 'तेरा एक्काईस पुस्ताको सद्गति भयो' भनी वर दियो।

ल हेर, यो पनि गफीको दाजू गफाडी नै हो। कुनै भागवत सुन्ने वा सुनाउनेलाई समातेर पहाडको माथिबाट लडाएमा कसैले बचाउने छैन, सबै चकनाचूर भएर मर्ने नै छन्। प्रल्हादलाई उसको बाबु पढ्न पठाउँथ्यो त उसले के गलत काम गर्यो? अनि त्यो मूर्ख प्रल्हाद भने पढ्न छोडेर वैरागी बन्न चाहन्थ्यो। आगोले रन्किएको थामबाट कमिलाको ताँती हिंडेको र प्रल्हादले त्यसलाई छुँदा नडढेको कुरा सच्चा मान्नेलाई त्यस्तै खम्बामा टाँसिदिनुपर्दछ। त्यो व्यक्ति डढेन भने ऊ पनि ढढेको थिएन भन्ने जान्नुपर्दछ। अनि नृसिंह किन डढेन त?

पहिल्यै सनकादिले तेस्रो जन्ममा वैकुण्ठमा आउने वर दिएका थिए। के त्यो कुरा तिम्रा नारायणले बिर्सियो? भागवतका अनुसार ब्रह्मा, प्रजापति, कश्यप, हिरण्याक्ष र हिरण्यकशिपु चौथो पुस्तामा पर्दछ। प्रल्हादका एक्काईस पुस्ता हुँदै नभई 'एक्काईस पुस्ताको सद्गति भयो' भन्नु कतिसम्म प्रमादको कुरा हो? अनि फेरि तिनै हिरण्याक्ष, हिरण्यकशिपु-रावण, कुम्भकर्ण अनि फेरि शिशुपाल, दन्तवक्र भएर (भागवत ७। अ० १) जन्मिए भने नृसिंहको वर कहाँ उड्यो त? प्रमादीहरू नै यस्ता प्रमादका कुरा सुन्दछन् र मान्दछन्, विद्वान्हरू यस्ता कुरा सुन्दैनन्, मान्दैनन्।

पूतना र अक्रूरजीको विषयमा हेर—

**रथेन वायुवेगेन॥** —भागवत १०।३९।३८

**जगाम गोकुलं प्रति॥** —भागवत १०।३८।२४

कंसले पठाउँदा **अक्रूरजी** वायुको जत्तिकै वेगले दौडने घोडाहरूको रथमा बसेर सूर्योदय हुँदा हिंडेर (भागवत १०।३८।१) चार माइल टाढा रहेको गोकुलमा सूर्यास्त हुँदा पुगे (भागवत १०।३८।२४)। अर्थात् ती घोडा दिनभरि भागवत बनाउनेकै चारैतिर घुमिरहेका हुँदाहुन् अथवा बाटो बिराएर भागवत बनाउनेको घरमा पुगेर घोडा हाँक्ने र अक्रूरजी सुतिरहे होलान्? पूतनाको शरीर छ कोस चौडा र धेरै लामो बताइएको छ (भागवत १०।६।१४)। कृष्णजीले उसला मारेर मथुरा र गोकुलको बीचमा फालिदिए। यसो हुँदो हो त मथुरा र गोकुल दुबै थिचिएर यस पोपजीको घर पनि पुरिनु पर्दथ्यो। अजामेलको ऊटपटांग



PDFill PDF Editor with Free Writer and Tools

कथा लेखिएको छ—अजामेलले नारदको भनाइ मानेर आफ्नो छोराको नाम 'नारायण' राख्यो। मर्नेबेला उसले आफ्नो छोरालाई बोलायो। त्यत्तिकैमा नारायण आइपुगे। के नारायण 'उसले मलाई होइन आफ्नो छोरालाई बोलाएको हो' भन्ने उसको अन्तःकरणको भावलाई जान्दैनथे। नामको माहात्म्य यस्तै हो भने हिजोआज पनि नारायणलाई स्मरण गर्नेहरूका दुःख छुटाउन उनी किन आउँदैनन्? यो कुरा सत्य हो भने कैदीहरू नारायण-नारायण गरेरै किन छुट्तैनन्?

यस्तै सुमेरु पर्वतको परिमाण ज्योतिषशास्त्रको विरुद्ध लेखिएको छ (श्रीमद्भागवत ५।१६।७)। प्रियव्रत राजाको रथका पाङ्ग्राको डोबले समुद्र बनेको (श्रीमद्भागवत ५।१६।२), पृथ्वी उनन्चास करोड योजन छ भन्ने (श्रीमद्भागवत ५।२०।३८) आदि मिथ्या कुराका गफ भागवतमा थुप्रै छन्, यिनको कुनै वारपार छैन।

यो भागवत गीत-गोविन्द बनाउने जयदेवको भाइ बोबदेवले बनाएको हो। उसले आफैंले रचेको 'हिमाद्रि' नामक ग्रन्थमा 'श्रीमद्भागवतपुराण मैले नै बनाएको हुँ' भनेको छ। त्यस लेखका तीन पत्र मसँग थिए। तिनमा एउटा हरायो। त्यस पत्रमा भएका श्लोकको आशययुक्त दुईवटा श्लोक मैले बनाएर निम्नानुसार लेख्दै छु। मूल हेर्न चाहनेले 'हिमाद्रि' ग्रन्थमा हेर्नुपर्दछ—

**हिमाद्रेः सचिवस्यार्थे सूचना क्रियतेऽधुना।**
**स्कन्धाऽध्यायकथानां च यत्प्रमाणं समासतः॥ १॥**
**श्रीमद्भागवतं नाम पुराणं च मयेरितम्।**
**विदुषा बोबदेवेन श्रीकृष्णस्य यशोऽन्वितम्॥ २॥**

नष्ट भएका पत्रमा यस्तै श्लोक थिए। अर्थात् राजाका सचिव हिमाद्रिले बोबदेव पण्डितसँग भने—तिमीले रचेको पूरै भागवतलाई सुन्ने फुर्सत मलाई छैन। यसकारण संक्षेपमा जान्नेछु। तदनुकूल नै त्यस बोबदेवले निम्नलिखित सूचीपत्र बनाएको थियो। तीमध्ये दस श्लोक त्यस हराएको पत्रमा परे। एघारौं श्लोकदेखि यहाँ लेखिन्छ। तर लेखेका यी श्लोक सबै बोबदेवरचित हुन्—

**बोधयन्तीति हि प्राहुः श्रीमद्भागवतं पुनः।**
**पञ्च प्रश्नाः शौनकस्य सूतस्यात्रोत्तरं त्रिषु॥ ११॥**
**प्रश्नावतारयोश्चैव व्यासस्यानिर्वृतिः कृतात्।**
**नारदस्यात्र हेतूक्तिः प्रतीत्यर्थं स्वजन्म च॥ १२॥**



**सुप्तघ्नं द्रोण्यभिभवस्तदस्त्रात्पाण्डवा वनम्।**
**भीष्मस्य स्वपदप्राप्तिः कृष्णस्य द्वारकागमः॥ १३॥**
**श्रोतुः परीक्षितो जन्म धृतराष्ट्रस्य निर्गमः।**
**कृष्णमर्त्यत्यागसूचा तत पार्थमहापथः॥ १४॥**
**इत्यष्टादशभिः पादैरध्यायार्थः क्रमात् स्मृतः।**
**स्वपरप्रतिबन्धोनं स्फीतं राज्यं जहौ नृपः॥ १५॥**
**इति वै राज्ञो दाढर्योक्तौ प्रोक्ता द्रोणिजयादयः॥ १६॥**
**इति प्रथमः स्कन्धः॥ १॥**

यस्तै किसिमले बोबदेव पण्डितले बाह्रै स्कन्धको सूचीपत्र बनाएर हिमाद्रि सचिवलाई दिएको थियो। विस्तारमा हेर्न चाहनेले बोबदेव रचित हिमाद्रिग्रन्थमा हेर्नुपर्दछ। यस्तै किसिमले अरू पुराणहरूको पनि लीला बुझ्नुपर्दछ। तर सबै पुराण एकभन्दा अर्को उन्नाइस, बीस, एक्काईस गरी बढचढ गरेर लीलायुक्त छन्।

हेर, श्रीकृष्णको चरित्र महाभारतमा अत्युत्तम छ। उनको गुण, कर्म, स्वभाव र चरित्र आप्तपुरुषहरूसरह नै छ। महाभारतमा श्रीकृष्णजीले जन्म देखि मरणसम्म कुनै पनि अधर्म वा खराब कर्म गरेको उल्लेख पाइँदैन, यस भागवत बनाउनेले भने उनीमाथि अनुचित र मन-माना दोष लगाएका छन्। दूध, दही, नौनीघिउ आदिको चोरीको दोष लगाइयो, कुब्जा दासीसँग समागम, पर-स्त्रीसँग रासमण्डल क्रिया आदि मिथ्या दोष श्रीकृष्णजीमा लगाइएका छन्। यसलाई पढे-पढाएर, सुने-सुनाएर अरू मतावलम्बीहरूले श्रीकृष्णजीको धरैजसो निन्दा गर्दछन्। यो भागवत नभएको भए श्रीकृष्णजस्ता महात्माहरूको झूटो निन्दा किन र कसरी हुने थियो र?

शिवपुराणमा बाह्र ज्योतिर्लिङ्ग बताइएका छन्। त्यसको सर्वथा असम्भव कथा छ। नाम ज्योतिर्लिङ्ग राखिएको छ तर तिनमा प्रकाशको लेश पनि छैन। रात्रिमा दियो नदेखाई अँध्यारोमा लिङ्ग पनि देखिदैनन्। यी सबै पोपजीका लीला हुन्।

**प्रश्न**—वेद पढ्ने सामर्थ्य नरहेपछि स्मृति, स्मृति पढ्ने बुद्धिपनि नरहेपछि शास्त्र र शास्त्र पढ्ने सामर्थ्य पनि नरहेपछि पुराण बनाइए। अनि पुराण स्त्री र शूद्रका लागिमात्र बनाइएका हुन् किनकि यिनलाई वेद पढ्ने-सुन्ने अधिकार छैन।

**उत्तर**—पढ्ने-पढाउने गर्नाले सामर्थ्य बढ्ने हुनाले र वेद पढ्ने-सुन्ने अधिकार सबैलाई रहेको हुनाले उक्त कुरा मिथ्या हो। हेर, गार्गी



PDFill PDF Editor with Free Writer and Tools

आदि स्त्रीहरूले र छान्दोग्य उपनिषद्‌मा जानुश्रुति नामक शूद्रले पनि रैक्यमुनिकहाँ वेद पढेको थियो। यजुर्वेदको २६औं अध्यायको दोस्रो मन्त्रमा स्पष्टरूपमा वेद पढ्ने-सुन्ने अधिकार मनुष्यमात्रलाई छ। त्यसोहुँदा यस्ता यस्ता मिथ्या ग्रन्थ बनाएर मानिसहरूलाई सत्यग्रन्थबाट विमुख पारेर आफ्नो स्वार्थ सिद्ध गर्ने व्यक्ति महापापी किन होइनन्?

हेर, यिनीहरूले ग्रहको यस्तो चक्र चलाए कि त्यसले विद्याहीन मानिसलाई ग्रस्त पारेको छ।

**'आ कृष्णेन रजसा०'** ॥ १ ॥–सूर्य्य का मन्त्र। –यजुर्वेद ३३।४३

**'इमं देवाऽअसपत्नꣳ सुवध्वम्०'** ॥ २ ॥–चन्द्र। —यजुर्वेद ९।४०

**'अग्निर्मूर्द्धा दिवः ककुत्पतिः०'** ॥ ३ ॥–मङ्गल। —यजुर्वेद ३।१२

**'उद्बुध्यस्वाग्ने०'** ॥ ४ ॥–बुध। —यजुर्वेद १५।५४

**'बृहस्पते अतियदर्यो०'** ॥ ५ ॥ –बृहस्पति। –यजुर्वेद २६।३

**'शुक्रमन्धसः'** ॥ ६ ॥ –शुक्र। –यजुर्वेद १९।७५

**'शन्नो देवीरभिष्टय०'** ॥ ७ ॥ –शनि। –यजुर्वेद ३६।१२

**'कया नश्चित्र आ भुव०'** ॥ ८ ॥ –राहु। और –यजुर्वेद २७।३९

**'केतुं कृण्वन्नकेतवे०'** ॥ ९ ॥ –केतु की कण्डिका कहते हैं। —यजुर्वेद २९।३७

यसलाई केतुको कण्डिका भन्दछन्। (आ कृष्णे०) यो सूर्यको र भूमिको आकर्षण ॥ १ ॥ दोस्रो राजगुण विधायक ॥ २ ॥ तेस्रो अग्नि परमेश्वर ॥ ७ ॥ आठौं मित्र ॥ ८ ॥ र नवौं ज्ञान ग्रहण विधायक मन्त्र हो। यी मन्त्र ग्रहहरूका वाचक होइनन्। अर्थ नजान्नेले भ्रमजालमा परेका छन्।

**प्रश्न**—ग्रहहरूको फल हुन्छ वा हुँदैन?

**उत्तर**—पोपलीलाको जस्तो फल हुँदैन। तर सूर्य चन्द्रका किरणद्वारा उष्णता, शीतता अथवा ऋतुवत् कालचक्रको सम्बन्धमात्र द्वारा आफ्नो स्वभावको अनुकूल-प्रतिकूल सुख-दुःखका निमित्त हुन्छन्। तर 'सुन, महाराज, साहुजी वा यजमान! आज तिम्रा आठौं चन्द्र सूर्य आदि क्रूर ग्रह घरमा आएका छन। अढैयाको शनिश्चर आरम्भ भएको छ। तिमीलाई ठूलो विघ्न हुनेछ। घरबाट छुटाएर परदेश घुमाउनेछ। तर तिमीले ग्रहहरूको दान, जप, पाठ-पूजा गराएमा दुःखदेखि बच्नेछौ।' आदि भन्ने पोपलीला गर्नेहरूसँग 'सुन पोपजी! तिम्रो र ग्रहको के सम्बन्ध



छ? ग्रह के वस्तु हो?' भनी सोध्नुपर्दछ।

**पोपजी— दैवाधीनं जगत्सर्वं मन्त्राधीनाश्च देवताः।**
**ते मन्त्रा ब्राह्मणाधीनास्तस्माद् ब्राह्मणदैवतम्।**

हेर, कस्तो प्रमाण छ! देवताहरूको अधीन सारा जगत्, मन्त्रहरूको अधीन सबै देवता र ती मन्त्र ब्राह्मणहरूका अधीन हुनाले ब्राह्मण **'देवता'** भनिन्छन्, किनकि जुन चाह्यो त्यसै देवतालाई मन्त्रका बलले बोलाएर, प्रसन्न गरेर काम सिद्ध गराउने अधिकार हामी ब्राह्मणलाई नै छ। हामीमा मन्त्रशक्ति नभएको भए तिमीजस्ता नास्तिकले हामीहरूलाई संसारमा टिक्नै दिने थिएनन्।

**सत्यवादी**—चोर, डाकू आदि कुकर्मीहरू पनि तिम्रा देवताहरूकै अधीन हुँदाहुन्? देवता नै तीबाट दुष्ट काम गराउँदाहुन्। यस्तै हो भने तिम्रा देवता र मानिसहरूमा केही पनि फरक रहनेछैन। मन्त्र तिम्रा अधीन छन् र तीबाट तिमी जे पनि गराउन सक्तछौं भने ती मन्त्रद्वारा देवताहरूलाई अधीन पारेर, राजाहरूका ढुकुटी उठाउन लगाएर आफ्नै घरमा भरेर किन आनन्द भोग्दैनौ? घर-घरमा शनैश्चर आदिको, तेल आदिको छायादान लिन किन भट्किरहन्छौ? जसलाई तिमी कुबेर मान्दछौ, त्यसलाई अधीनमा गरेर चाहेजति धन लिने गर। विचरा गरीबहरूलाई किन लुट्तछौ?

तिमीलाई दान दिनाले ग्रह प्रसन्न र नदिनाले अप्रसन्न हुने भए हामीलाई सूर्य आदि ग्रहहरूको प्रसन्नता वा अप्रसन्नता प्रत्यक्ष देखाऊ। एउटालाई आठौं सूर्य, चन्द्र र अर्कोलाई तेस्रो परेको छ भने ती दुबैलाई जेठको महिनामा तातेर रन्किएको भुइँमा जुत्ता नलगाई हिंडाऊ। यसो गर्दा ग्रह प्रसन्न हुनेका गोडा, शरीर नपोलिने तथा ग्रह क्रोधित हुनेका गोडा आदि डढ्ने हुनुपर्दछ। यस्तै पौष महिनामा दुबैलाई नांगै गरेर पूर्णेको रातमा रातभर खुला मैदानमा राख्ता एउटालाई शीत लाग्ने र अर्कोलाई केही नहुने भएमा ग्रह क्रूर र सौम्य हुन्छन् भन्ने कुरा मानिने छ।

अनि के ग्रह तिम्रा नाता-गोतामा पर्दछन्? र तिम्रा चिठ्ठी-पत्र वा तार-आवा तिनीहरूकहाँ आउने जाने गर्दछन्? अथवा तिमी वहाँ या उनीहरू तिमीकहाँ आउने-जाने गर्दछौ? तिमीमा मन्त्रशक्ति छ भने तिमी आफैं राजा वा धनाढ्य किन हुँदैनौ? अथवा आफ्ना शत्रुहरूलाई किन वशीभूत पार्दैनौ?

ईश्वरको आज्ञा=वेदको विरुद्ध पोपलीला चलाउने व्यक्ति नास्तिक



PDFill PDF Editor with Free Writer and Tools

हुन्छ। कसैले तिमीलाई ग्रहदान नदिई आफूमाथिको ग्रहको ग्रहदानलाई आफैं भोग्दछ भने तिमीलाई चिन्ता किन ? तिमीलाई नै ग्रहदान दिनाले ग्रह प्रसन्न हुन्छन्, अरूलाई दिनाले प्रसन्न हुँदैनन् भन्छौ भने के तिमीले ग्रहहरूको ठेक्का लिएका छौ ? ठेक्का नै लिएका छौ भने सूर्य आदिलाई आफ्नै घरमा बोलाएर डढेर मर।

वास्तविकता त के हो भने सूर्य आदि लोक जड़ छन्। ती न त कसैलाई दुःख दिने चेष्टा गर्न सक्तछन्, न सुख दिने। तर ग्रहदानबाट आफ्नो गुजारा चलाउने तिमी सबै ती ग्रहका मूर्त्ति हौ किनकि ग्रह शब्दको अर्थ पनि तिमीहरूमा नै घटित हुन्छ। **'ये गृहणन्ति ते ग्रहाः'** ग्रहण गर्नेको नाम ग्रह हो। तिम्रा चरण राजा, रईस , सेठ, साहू–महाजन र दरिद्रहरूकहाँ नपुगेसम्म कसैलाई नवग्रहको स्मरण पनि हुँदैन। तिमीहरू साक्षात् सूर्य शनैश्चर आदि मूर्त्तिमान् क्रूर रूप धारण गरेर ती माथि चढेपछि केही ग्रहण नगरी तिनलाई कहिल्यै छोड्दैनौ। अनि तिम्रो ग्रासमा नपर्नेको निन्दा नास्तिक आदि शब्दद्वारा गर्दै डुल्छौ।

**पोपजी**—ज्योतिषको प्रत्यक्ष फल हेर। आकाशमा रहेका सूर्य, चन्द्र र राहु–केतुको संयोगरूप ग्रहणको बारेमा पहिल्यैदेखि बताइदिन्छौं। जसरी यो कुरा प्रत्यक्ष छ, त्यस्तै ग्रहहरूको फल पनि प्रत्यक्ष हुन्छ। हेर, ग्रहद्वारा नै धनी–गरीब, राजा–रङ्क, सुखी–दुःखी हुन्छन्।

**सत्यवादी**—यो ग्रहणरूप प्रत्यक्ष फल गणित विद्याको हो, न कि फलित लीलाको। गणितविद्या सच्चा र फलित विद्या भने स्वाभाविक सम्बन्धजन्य बाहेक झूटो हो। जस्तै उल्टो–सोझो घुम्ने पृथ्वी र चन्द्रको गणितद्वारा फलानो समय, फलानो देश र अवयवमा सूर्य वा चन्द्रको ग्रहण हुनेछ भन्ने कुरा स्पष्ट विदित हुन्छ। जस्तै—

**छादयत्यर्कमिन्दुर्विधुं भूमिभाः ॥**

यो **'सिद्धान्त शिरोमणि'** (ग्रहलाघव चन्द्रग्रहणाधिकार ५।४) को वाक्य हो। यस्तै 'सूर्य्य सिद्धान्त' आदिमा पनि छ। अर्थात् सूर्य र पृथ्वीको बीचमा चन्द्रमा आउँदा **'सूर्यग्रहण'** तथा सूर्य र चन्द्रमाको बीचमा पृथ्वी पर्दा **'चन्द्रग्रहण'** हुन्छ। अर्थात् चन्द्रमाको छायाँ पृथ्वीमा र पृथ्वीको छायाँ चन्द्रमामा पर्दछ। सूर्य प्रकाशरूप हुनाले त्यसमा कुनैको छायाँ पर्दैन। जसरी शरीर आदिको छायाँ प्रकाशमान सूर्य वा दियोको उल्टो पर्दछ, त्यस्तै ग्रहणमा पनि बुझ्नुपर्दछ।

व्यक्ति आफ्ना कर्मबाट धनी, गरीब, प्रजा, राजा, रङ्क आदि बन्दछन्, ग्रहबाट होइन। धेरैजसो ज्योतिषीहरू आफ्ना छोरा–छोरीको विवाह



ग्रहहरूको गणितविद्याअनुसार गर्ने गराउने गर्दछन् अनि उनमा पनि परस्पर विरोध वा विधवा वा विधुर हुन्छन्। फल सच्चा भए यस्तो हुने थिएन। यसकारण कर्मको गति सच्चा हो र सुख–दुःख भोगमा ग्रहगति कारण होइनन्।

ग्रह आकाशमा र पृथ्वी पनि आकाशमा धेरै टाढा छन्। कर्त्ता र कर्मसँग यिनको साक्षात् सम्बन्ध छैन। कर्म र कर्मका फलको कर्त्ता, भोक्ता जीव र कर्मका फल भोगाउने परमात्मा हो।

तिमी ग्रहहरूको फल मान्दछौ भने 'जुन' क्षणमा एउटा मानिसको जन्म हुन्छ, जसलाई तिमी ध्रुवात्रुटि मानेर जन्मपत्र बनाउँदछौ त्यसै समयमा भूगोलमा अर्को मानिसको जन्म हुन्छ वा हुँदैन ? भन्ने कुराको जवाफ देऊ। हुँदैन भन्छौ भने त्यो झूट हुनेछ र हुन्छ भन्छौ भने एउटा चक्रवर्ती भएजस्तै भूगोलमा अर्को चक्रवर्ती राजा किन हुँदैन ? अँ, 'यो हाम्रो पेट भर्ने लीला हो' भन्नसक्तछौ भने कसैले यस कुरालाई मात्र पत्याउन सक्नेछ।

**प्रश्न**—के गरूड़पुराण पनि झूटो हो ?

**उत्तर**—हो, पूरै झूटो हो।

**प्रश्न**—त्यसो भए मरेका जीवको कुन गति हुन्छ त ?

**उत्तर**—जस्ता उसका कर्म हुन्छन्।

**प्रश्न**—यमराज राजा, चित्रगुप्त मन्त्री र उसका बडा भयङ्कर गण गाजलको पर्वत जस्तै शरीरधारी हुन्छन् र उनीहरू जीवलाई समातेर लैजान्छन्। पाप–पुण्यअनुसार नरक–स्वर्गमा हाल्दछन्। त्यसको निम्ति अर्थात् वैतरणी नदी तर्न दान–पुण्य, श्राद्ध–तर्पण, गोदान आदि गरिन्छन्। यी सबैकुरा कसरी झूठा हुन सक्तछन् र ?

**उत्तर**—यी सबैकुरा पोपलीलाका मिथ्या गफ हुन्। अन्तका जीव त्यहाँ जाने भए र धर्मराज, चित्रगुप्त आदिले तिनको न्याय गर्ने भए ती यमलोकका जीवका पापको न्याय गर्न न्यायाधीश रहेको अर्को यमलोक मान्नुपर्ने हुन्छ। अनि यमका गणहरूका शरीर पर्वतजस्तै हुन्छन् भने ती किन देखिंदैनन् ? त्यसोभए मर्ने जीवलाई लिन जाँदा साना द्वारमा तिनको एउटा औंलो पनि पस्नसक्तैन ? फेरि सडक गल्लीमा तिनीहरू किन अड्किंदैनन् ? तिनले सूक्ष्म शरीर पनि धारण गर्दछन् भन्छौ भने तिनले पर्वतजस्तै पहिलेको शरीरका ठूला–ठूला हाडलाई पोपजीको घरबाहेक अरू कहाँ राख्नेछन् र ? वनमा डढेलो लाग्दा एक्कासी धेरै कमिला आदि जीवका शरीर छुट्तछन्, तिनलाई समात्न असंख्य यमका



PDFill PDF Editor with Free Writer and Tools

गण आउने भए त्यहाँ त अन्धकार हुनुपर्दछ ? अनि तिनीहरू जीवहरूलाई समात्न दगुर्दा तिनका शरीर परस्पर ठोकिएर, पहाडका ठूला–ठूला शिखर टुटेर पृथ्वीमा खसेजस्तै तिनका ठूला–ठूला अवयव गरुडपुराण सुनाउने र सुन्नेका आँगनमा खस्नेछन् र ती थिचिएर मर्नेछन्। अथवा घरको ढोका वा सडकै रोकिने छ, अनि ती कसरी निस्कन र हिंड्न सक्लान् ?

श्राद्ध–तर्पण, पिण्डदान आदि ती मरेका जीवसम्म त पुग्दैन तर मृतकका एजेन्ट पुरेत पोपका घर, पेट र हातसम्म भने अवश्य पुग्दछ। वैतरणीका निम्ति लिइएको गोदान पनि पोपको घर अथवा कसाइ आदिको घरसम्म पुग्दछ। वैतरणीमा गाई त पुग्दैन भने कसको पुच्छर समातेर तर्नेछ र ? अनि फेरि हात त यहीं डढाइन्छ वा गाडिन्छ भने पुच्छरलाई कसरी समात्ने छ र ? यस प्रसङ्गमा एउटा दृष्टान्त उपयुक्त देखिन्छ—

एउटा जाट=सोझो छेत्री थियो। त्यसको घरमा तीनपाथी दूध दिने एउटा धेरै राम्रो गाई थियो। त्यसको दूध साह्रै मीठो हुन्थ्यो। कहिलेकाहीं त्यस दूधको स्वाद पोप=पुरेतले पनि चाख्न पाउँथे। जाटका ती पुरोहित 'जाटको बूढो बाबू मर्नेबेला हुँदा यसै गाईको संकल्प गराउनेछु' भन्ने विचार गरिरहन्थे। दैवसंयोगले केही दिनपछि त्यस जाटको बाबुको मर्ने समय आयो। जिब्रो चल्न बन्द भयो र खाटबाट उतारेर भुइँमा सुताए अर्थात् प्राण छुट्ने समय आइपुग्यो। त्यसबखत जाटका इष्टमित्र र नाता–गोताका मानिस पनि भेला भएका थिए। पोपजीले भने—'यजमान! अब तिमी यसका हातबाट गोदान गराऊ।' जाटले रु० १०।– दस रुपैयाँ झिकेर बाबुको हातमा राखेर 'संकल्प पढ' भने। पोपजीले भन्यो 'वा! के बाबु बारम्बार मर्दछन् ? अहिले त सर्वोत्तम, दूध दिने र बूढो नभएको साक्षात् गाई ल्याऊ। यस्तो गाईको दान गराउनु पर्दछ।'

**जाट**—हामीकहाँ त एउटै गाई छ। त्योविना हाम्रा केटा–केटीको निर्वाह हुनेछैन। यसकारण त्यो त दिन्न, बरु २०/– बीस रुपैयाँ दिन्छु र संकल्प पढिदेऊ। यो रुपैयाँले अर्को दुहुनु गाई लिनू।

**पोपजी**—वा रे वा! तिमी गाईलाई आफ्ना बाबुभन्दा पनि बढी ठान्दछौ ? के तिमी आफ्ना बाबुलाई वैतरणी नदीमा डुबाएर दु:ख दिन चाहन्छौ ? तिमी त खुबै सुपुत्र भयौ!!! अनि त सबै कुटुम्बीहरू पोपजीका तर्फ भैगए, किनकि ती सबैलाई पोपजीले पहिल्यै भ्रममा



पारिराखेका थिए। त्यसबेला पनि पोपजीले संकेत गरे र सबैले मिलेर जबर्जस्ती त्यसै गाईको दान तिनै पोपलाई गराए। त्यसबखत जाट केही पनि बोलेन। उसको बाबु मर्यो। उता पोपजी बाछी सहित गाई र दुहुने बाल्टिन लिएर आफ्नो घर गाई, बाछालाई बाँधेर बाल्टिन राखेर जाटको घर फर्के र श्मशानभूमिमा गएर दाहकर्म गराए। त्यहाँ पनि अलिअलि पोपलीला चलाए। पछि दशगात्र, सपिण्डी आदि गराउँदा पनि जाटलाई ठगे। अरू ठूला ब्राह्मणनामधारी र भोकाहरूले पनि धेरैजसो मालसामान ठग्नसम्म ठगे। सबै क्रिया भैसकेपछिसम्म जाटले छर–छिमेक आदिबाट खोजीमेली गरेर दूधको निर्वाह गर्यो। चौथौं दिन बिहानै जाट पोपजीको घर पुग्यो। पोपजी गाई दुहेर, बाल्टिन भरेर, उठ्न आँट्तै थिए। यत्तिकैमा जाट पुग्यो। उसलाई देखेर पोपजीले भने—आउनुहोस् यजमान! बस्नुहोस्।

**जाटजी**—पुरेतबाजे! तिमी पनि यता आऊ।

**पोपजी**—ल, ल, दूध राखेर आउँछु।

**जाटजी**—होइन–होइन। दूधको बाल्टिन यता ल्याऊ। बिचरा पोपजी गएर बाल्टिन जाटको अगाडि राखी बसे।

**जाटजी**—तिमी त ठूला झूटा रहेछौ।

**पोपजी**—के झूट गरें र ?

**जाटजी**—तिमीले गाई किन लिएका थियौ ? भन।

**पोपजी**—तिम्रा बुवालाई वैतरणी नदी तार्नका निम्ति।

**जाटजी**—त्यसोभए तिमीले गाईलाई त्यहाँ वैतरणी नदीको किनारमा किन पुर्याएनौ ? हामी त तिम्रो विश्वासमा पर्यौं र तिमीले भने गाईलाई आफ्नै घरमा पो बाँधेछौ। नजाने मेरा बुवाले वैतरणीमा कति गोता खाए होलान्!!

**पोपजी**—होइन, होइन! यस दानको पुण्यको प्रभावले वहाँ अर्को गाई बनेर तिम्रो बुवालाई पारि उतारिदियो होला।

**जाटजी**—वैतरणी नदी यहाँबाट कति टाढा र कतातर्फ छ ?

**पोपजी**—अनुमानअनुसार लगभग तीस करोड कोस टाढा छ। किनकि उनन्चास करोड योजनको पृथ्वी छ। त्यो वैतरणी नदी नैर्ऋत्य दिशामा छ।

**जाटजी**—यति टाढाबाट तिम्रो चिट्ठी वा तारको समाचार गएको हुँदो हो, अनि 'त्यहाँ पुण्यको गाई बन्यो, त्यसले फलानाको बाबुलाई पार उतार्यो' भन्ने त्यसको उत्तर पनि आयो होला, त्यो देखाऊ।



PDFill PDF Editor with Free Writer and Tools

**पोपजी**—हामीसँग त 'गरुडपुराण' मा लेएिका कुराबाहेक अरू कुनै चिट्ठी–पत्र ल्याउने हल्कारा आदि कोही छैन।

**जाटजी**—यस गरुडपुराणलाई हामी कसरी साँचो मानौं ?

**पोपजी**—जसरी सबै मान्दछन्।

**जाटजी**—यो पुस्तक तिम्रा पुर्खाले तिम्रो जीविकाको निम्ति बनाएका हुन्। किनकि पितालाई आफ्नो पुत्रबाहेक अरू कोही त्यति प्रिय हुँदैन। मेरा बुबाले मलाई चिट्ठी–पत्र वा तार पठाएमा म आफैं वैतरणीको किनारमा गाई पुर्याउनेछु र उनलाई पार उतारेर फेरि गाईलाई घरमा ल्याएर त्यसको दूध म र मेरा छोरा–छोरीले पिउनेछन्। त्यो दूधले भरिएको बाल्टिन यता ल्याऊ। यति भनेर गाई बाछो लिएर जाट आफ्नो घरतर्फ लाग्यो।

**पोपजी**—तिमी दान गरेर फिर्ता लिंदैछौ। तिम्रो सत्यानाश हुनेछ।

**जाटजी**—चुप लाग। नत्र भने तेह्र दिनसम्म दूध नहुनाले हामीले पाएको दु:खको बदलासमेत लिनेछु। अनि पोपजी चुप लागे र जाट आफ्नो गाई बाछो लिएर घर पुग्यो।

यस्तै जाटजीसरहका व्यक्ति भएमा संसारमा पोपलीला चल्दैन। यिनीहरूको भनाइअनुसार दशगात्रका पिण्डबाट दस अङ्ग सपिण्डी गर्नाले शरीरसँग जीवको मेल भएर अङ्गुष्ठमात्र शरीर बनेर अनि योमलोक जान्छ भने मर्दाबखत यमदूतहरू आउनु व्यर्थै हुन्छ। त्यसोभए त यमदूतहरू तेह्र दिनपछि आउनुपर्दछ। अनि त्यसरी शरीर बनेर भए आफ्ना स्त्री, सन्तान र इष्टमित्रका मोहले किन फर्केर आउँदैनन् ?

**प्रश्न**—स्वर्गमा केही पनि पाइँदैन। यहाँ जुन वस्तु जेजति दान गरिन्छ, त्यही त्यहाँ पाइन्छ। यसकारण सबै कुरा दान गर्नुपर्दछ।

**उत्तर**—तिम्रो त्यस स्वर्गभन्दा त यही लोक राम्रो छ। यहाँ धर्मशाला छन्, मानिस दान दिन्छन्, इष्टमित्र र जातिमा विभिन्न निम्ता प्रशस्त पाइन्छन्, राम्रा राम्रा लुगा पाइन्छन् भने तिम्रो भनाइअनुसार स्वर्गमा केही पनि पाइँदैन। यस्तो निर्दय, कृपण, कंगाल स्वर्गमा पोपजी नै गएर बिग्रियून्, त्यहाँ सज्जन व्यक्तिहरूको के काम ?

**प्रश्न**—तिम्रो भनाइमा यमलोक र यम छैनन् भने जीव मरेर कहाँ जान्छन् र यिनको न्याय कसले गर्दछ ?

**उत्तर**—तिम्रो गरुडपुराणमा भनिएको कुरा त प्रमाण होइन। तर वेदोक्त कुरा प्रमाण हुन्छ। जस्तै—

**यमेन** ऋ० १०।१४।८, **वायुना** अथर्व० २०।१४१।२



**सत्यराजन्** यजु:० २०।४

इत्यादि वेदवचनबाट 'यम' नाम वायुको हो भन्ने निश्चय हुन्छ। जीव शरीरलाई छोडेर अन्तरिक्षमा वायुसँग रहन्छ र सत्यकर्त्ता पक्षपातरहित परमात्मा 'धर्मराज' हो, उही सबैको न्याय गर्दछ।

**प्रश्न**—तिम्रो भनाइमा कसैलाई पनि गोदान आदि दिनुपर्दैन र दानपुण्य केही पनि गर्नुपर्दैन भन्ने सिद्ध हुन्छ।

**उत्तर**—तिम्रो यो भनाइ पनि व्यर्थै हो। किनकि सुपात्रलाई, परोपकारीहरूको लागि परोपकार निम्ति सुन, चाँदी, हीरा, मोती, माणिक्य, अन्न, जल, स्थान, वस्त्र, गाई आदि दान अवश्य गर्नु उचित हुन्छ, तर कुपात्रलाई कहिल्यै केही दिनुहुँदैन।

**प्रश्न**—कुपात्र र सुपात्रको के लक्षण हो ?

**उत्तर**—छली, कपटी, स्वार्थी, विषयी, काम, क्रोध, लोभ, मोहयुक्त, अरूको हानि गर्ने, लम्पटी, मिथ्यावादी, अविद्वान्, कुसंगी, अल्छी, कोही दाता छ भने ऊसँग बारम्बार माग्ने, धरना दिने, 'दिन्न' भन्दा पनि जिद्दी गरेर माँगिरहने, असन्तोषी, नदिनेको निन्दा गर्ने, सराप्ने र गाली दिने, कसैले अनेक पटक सेवा गरेर एकाध पटक सेवा नगरे त्यसको शत्रु बन्ने, माथि बाट साधुको भेष बनाएर जनतालाई भ्रममा पारेर ठग्ने, आफूसँग केही वस्तु भए पनि छैन भन्ने, सबैलाई फसल्याङ्ग–फुस्लुङ्ग पारेर स्वार्थ सिद्ध गर्ने, रात–दिन भिक्षा माग्नमात्र लागिरहने, निम्त्याइएमा भाँङ् आदि मादक द्रव्यको खुब सेवन गरेर धेरैजसो अरूको वस्तु खाइदिने अनि उन्मत्त भएर प्रमादी हुने, आफ्नो स्वार्थ सिद्धिका लागि सत्यमार्गको विरोध गर्ने र झूठमार्गमा हिंड्ने, त्यस्तै आफ्ना चेलालाई आफ्नैमात्र सेवा गर्ने उपदेश दिने, अरू योग्य व्यक्तिको सेवा गर्ने उपदेश नदिने, सद्विद्या आदि प्रवृत्तिको विरोधी, जगत्का व्यवहारको विरोधी अर्थात् पति, पत्नी आमा, बाबु, सन्तान, राजा, प्रजा, इष्ट, मित्र आदिलाई यी सबै झूठा हुन् र जगत् पनि मिथ्या हो भनेर यिनमा घृणा उब्जाउने आदि दुष्ट उपदेश इत्यादि कुरा हुनु कुपात्रका लक्षण हुन्।

र ब्रह्मचारी, जितेन्द्रिय, वेदादि विद्या पढ्ने–पढाउने, सुशील, सत्यवादी, परोपकारप्रिय पुरुषार्थी, उदार, निरन्तर विद्या–धर्म को उन्नति गर्ने, धर्मात्मा, शान्त, निन्दा–स्तुतिमा हर्षशोक नगर्ने, निर्भय, उत्साही, योगी, ज्ञानी, सृष्टिक्रम, वेदाज्ञा र ईश्वर का गुण, कर्म, स्वभावअनुसार व्यवहार गर्ने, न्याययुक्त, पक्षपातरहित, सत्य उपदेश र सत्यशास्त्रलाई



PDFill PDF Editor with Free Writer and Tools

पढ्ने–पढाउने, परीक्षक, कसैको चापलुसी नगर्ने, प्रश्नहरूका यथार्थ समाधान गर्ने, आफ्नो आत्माजस्तै अरूको पनि सुख–दुःख, हानि–लाभ आदि सम्झने, अविद्या आदि क्लेश, हठ, दुराग्रह, अभिमान आदि नभएको, अपमानलाई अमृतजस्तै र मान–सम्मानलाई विषजस्तै सम्झने, सन्तोषी, कसैले प्रीतिपूर्वक जति दिन्छ त्यसैमा प्रसन्न रहने, एकपटक आपत्कालमा माग्दा नदिनाले वा दिन्न भन्नाले पनि दुःख वा गलत चेष्टा नगर्ने, त्यहाँबाट तुरुन्त फर्कने, उसको निन्दा नगर्ने, सुखी व्यक्तिहरूसँग मित्रता, दुःखीसँग करुणा, पुण्यात्माहरूसँग आनन्दित र पापीहरूसँग उपेक्षा अर्थात् रागद्वेषरहित भएर रहने, सत्यमानी, सत्यवादी, सत्यकारी, निष्कपट, ईर्ष्या–द्वेषरहित, गम्भीर आशय भएको, सत्पुरुष, धर्मयुक्त र दुष्टाचारदेखि सर्वथा रहित, आफ्नो तन, मन, धनलाई परोपकारमा लगाउने, अरूको सुखका लागि आफ्नो प्राण पनि अर्पित गर्ने आदि शुभगुणयुक्त व्यक्ति सुपात्र हुन्छन्। तर दुर्भिक्ष आदि आपत्कालमा अन्न, जल, वस्त्र, औषधि, पथ्य र स्थान प्राप्त गर्ने अधिकार सबै प्राणीमात्रको हुन्छ।

**प्रश्न**—दाता कति किसिमका हुन्छन्?

**उत्तर**—तीन प्रकारका—उत्तम, मध्यम र निकृष्ट। देश, काल र पात्रलाई जानेर सत्यविद्या र धर्मको उन्नतिरूप परोपकारका निम्ति दिने व्यक्ति **उत्तम दाता** भनिन्छ। कीर्ति वा स्वार्थका लागि दिने व्यक्ति **मध्यम दाता** हुन्छ। आफ्नो वा अरूको केही उपकार गर्न नसक्ने भएर वेश्यागमन आदिमा वा दुराचारी, भाट आदिलाई दिने, दिंदा तिरस्कार, अपमान आदि कुचेष्टा गर्ने, पात्र–कुपात्रको केही भेद नजान्ने, गुणी–अवगुणी सबैलाई एक समान सम्झने, विवाद, लडाई–झगडा, अरू धर्मात्मालाई दुःख दिएर सुखी हुनका लागि दान गर्ने व्यक्ति **अधम (निकृष्ट) दाता** हुन्छ। अर्थात् परीक्षापूर्वक विद्वान् धर्मात्माहरूको सत्कार गर्ने उत्तम, परीक्षा गरेर वा नगरी आफ्नो प्रशंसाको निम्ति दिने मध्यम र सोच–विचाररहित निष्फल दान दिने व्यक्ति नीच दाता भनिन्छ।

**प्रश्न**—दानको फल यहीं प्राप्त हुन्छ वा परलोकमा?

**उत्तर**—सर्वत्र हुन्छ।

**प्रश्न**—स्वयं प्राप्त हुन्छ अथवा फल दिने अरू कोही छ?

**उत्तर**—फल दिने ईश्वर छ। जसरी कुनै चोर, डाँकू आफैं कारागारमा जान चाहँदैन, राजाले उसलाई अवश्य पठाउँछन्, धर्मात्माहरूको सुखको रक्षा गर्दछन्, तिनलाई सुख भोगाउँछन्, डाकू



PDFill PDF Editor with Free Writer and Tools

आदिदेखि बचाएर तिनलाई सुखी राख्तछन्, त्यस्तै परमात्माले सबैलाई पाप–पुण्यका दुःख र सुखरूप फल यथावत् भोगाउँछन्।

**प्रश्न**—यी गरुडपुराण आदि ग्रन्थ वेदको अर्थ वा वेदको पुष्टि गर्दछन् वा गर्दैनन्?

**उत्तर**—गर्दैनन्। यी त वेदका विरोधी हुन् र वेदको उल्टो चल्दछन्। तन्त्र पनि त्यस्तै हुन्। जसरी कुनै मानिस एउटाको मित्र र सबै संसारको शत्रु हुन्छ, त्यस्तै पुराण र तन्त्रलाई मान्ने व्यक्ति हुन्छ, किनकि यी ग्रन्थ एक–अर्कासँग विरोध गराउँदछन्। यिनलाई मान्नु कुनै विद्वान्को काम होइन, यिनलाई मान्नु त अविद्वत्ता हो।

हेर, शिव पुराणमा त्रयोदशी, सोमवार, आदित्यपुराणमा रविवार, चन्द्रखण्डमा सोम ग्रहग्रस्त मङ्गल, बुध, बृहस्पति, शुक्र, शनैश्चर राहुकेतुको, वैष्णवको एकादशी, वामनको द्वादशी, नृसिंह वा अनन्तको चतुर्दशी, चन्द्रमाको पूर्णमासी, दिक्पालहरूको दशमी, दुर्गाको नवमी वसुहरूको अष्टमी, मुनिहरूको सप्तमी, कार्तिकस्वामीको षष्ठी, नागको पञ्चमी, गणेशको चतुर्थी, गौरीको तृतीया, अश्विनीकुमारको द्वितीया, आद्यादेवीको प्रतिपदा र पितरको अमावस्या, यी दिन पुराणरीतिले उपवास गर्ने दिन हुन् तथा सर्वत्र 'यी वार र तिथिमा अन्न–पान ग्रहण गर्ने मानिस नरकगामी हुनेछ' भनिएकोछ। यस अनुसार पोप र पोपका चेलाहरूले कुनै वार वा कुनै तिथिमा भोजन गर्न नहुने ठहर्दछ, किनकि खान–पान गरेमा नरकगामी हुनेछन्।

निर्णयसिन्धु, धर्मसिन्धु, व्रतार्क आदि प्रमादी व्यक्तिहरूले बनाएका ग्रन्थमा एक–एक व्रतको ठूलो दुर्दशा गरिएको छ। जस्तै–एकादशीमा शैव दशमीविद्धा, कोही द्वादशीमा एकादशी व्रत गर्दछन्। अर्थात् यस्तो विचित्र पोपलीला छ कि भोकभोकै मर्नमा पनि वाद–विवाद नै गर्दछन्। एकादशीको व्रत चलाउनमा पनि आफ्नो स्वार्थ नै छ, दया केही पनि छैन। ती भन्दछन्—**एकादश्यामन्ने पापानि वसन्ति॥** भएभरका पाप एकादशीका दिन अन्नमा बस्तछन्। यस पोपसँग 'त्यसमा कसका पाप बस्तछन्? तेरा वा तेरा बाबुका?' भनी सोध्नुपर्दछ। भएभरकापाप एकादशीमा अन्नमा गएर रहन्छन् भने एकादशीका दिन कसैलाई पनि दुःख रहनुहुँदैन। यस्तो त हुँदैन, उल्टो भोक आदिका कारण दुःख हुन्छ। पापको फल दुःख हो। यसकारण भोकै मर्नु पाप हो। यसको ठूलो माहात्म्य बताएका छन्। यसको कथा सुनेर–सुनाएर धेरै व्यक्ति ठगिन्छन्। ती मध्ये एउटा कथा यस्तो छ—

ब्रह्मलोकमा एउटी वेश्या थिई। उसले केही अपराध गरी। उसले पृथ्वीमा खस्ने श्राप पाई अनि उसले 'म पृथ्वीमा खसेर पुनः स्वर्गमा कसरी आउन सक्नेछु?' भन्ने स्तुति गरी। श्राप दिनेले भन्यो—'कुनै वेला तँलाई कसैले एकादशीको व्रतको फल दियोभने तँ स्वर्गमा आउनेछेस्।' ऊ विमानसहित कुनै नगरमा खसी। त्यहाँको राजाले ऊसँग—'तँ को होस्?' भनी सध्यो। उसले सबै वृत्तान्त भनेर सुनाई र भनी—'कसैले मलाई एकादशीको फल अर्पण गरेमा म फेरि पनि स्वर्ग जान सक्तछु।' राजाले सहरभरि खोज्न लगायो। एकादशीको व्रत गर्ने कोही पनि भेट्टिएन। एकदिन कुनै शूद्र पति–पत्नीमा झगडा भएको थियो। क्रोधका कारण पत्नी रात–दिन भोकै बसेकी थिई। दैवसंयोगले त्यसदिन एकादशी नै परेछ। उसले राजाको सिपाहीसँग भनी—'मैले एकादशी सम्झेर व्रत गरेको त होइन, तर त्यसदिन अकस्मात् भोकै रहेकी थिएँ। अनि ती राजपुरुषले त्यसलाई राजाकहाँ ल्याए। राजाले ऊसँग 'यस विमानलाई छोइदेऊ' भन्यो। उसले छोइदिई र छुनेबित्तिकै विमान मास्तिर उड्यो। यो त नजानिकनै गरिएको एकादशीव्रतको फल हो भने जानेर गरेमा त्यसको फलको कुरा गरेर साध्य होला र?

अरे रे बुद्धिका अन्धा हो! यो कुरा सत्य हो भने हामी स्वर्गमा नभएको एउटा पानको बीडा स्वर्गमा पठाउन चाहन्छौं। सबै एकादशी व्रत गर्नेहरू आ–आफ्नो फल देऊ। एउटा बीडा मास्तिर गयो भने अनि लाखौं करोडौं पान त्यहाँ पठाऔंला र हामी पनि एकादशी व्रत गर्न थाल्नेछौं। अनि यसो भएन भने तिमीहरूलाई भोकै मर्नुपर्ने यस आपत्कालबाट बचाउनेछौं।

चौबीस एकादशीका नाम छुट्टा–छुट्टै राखेका छन्। कुनैको 'धनदा', कुनैको 'कामदा', कुनैको 'पुत्रदा' र कुनैको 'निर्जला'। धेरैजसो दरिद्र, धेरै कामी र धेरै निर्वशी व्यक्ति एकादशी व्रत गरेर बूढा भए, मरेरै पनि गए तर उनलाई धन, कामना वा सन्तान केही पनि प्राप्त भएन। जेठ महिनाको शुक्लपक्ष जस्तो एक घडीसम्म पनि पानी नपाउँदा मानिस व्याकुल हुने समयमा व्रत गर्नेहरूलाई ठूलो दुःख प्राप्त हुन्छ। खासगरी बङ्गालमा सबै विधवा स्त्रीहरूको ठूलो दुर्दशा एकादशीको दिन हुन्छ। यस्तो लेख्ता यस निर्दयी कसाईको मनमा केही पनि दया पलाएन। नत्रभने 'निर्जलालाई सजला र पौष महिनाको शुक्लपक्षको एकादशीको नाम निर्जला राखेको भएपनि केही बेस हुन्थ्यो। तर यस पापीलाई दयासँग के प्रयोजन र? कोही मरोस् वा बाँचोस्, पोपजी=पुरेत–



PDFill PDF Editor with Free Writer and Tools

पुजारीको पेट राम्ररी भरिए पुग्दछ।

गर्भवती, भर्खरै विवाहिता स्त्री, केटा वा युवा व्यक्तिले त कहिल्यै उपवास गर्नु हुँदैन। कसैले उपवास गर्ने छ भने पनि पेटमा अजीर्ण भएको, भोक नलागेको दिनमा सर्बत वा दूध पिएर बस्नुपर्दछ। भोकमा नखाने र भोकविना खाने दुबै किसिमका व्यक्ति रोगसागरमा गोता खाएर दुःख पाउँछन्। यी प्रमादीहरूले लेखेका, बताएका कुराको प्रमाण कसैलेपनि मान्नुहुँदैन।

अब गुरु–शिष्य मन्त्रोपदेश र मतमतान्तरका चरित्रको व्यवहार बताइन्छ—

मूर्त्तिपूजक सम्प्रदायीहरू प्रश्न गर्दछन्—वेद अनन्त छन्। ऋग्वेदका एक्काईस, यजुर्वेदका एकसय एक, सामवेदका एकहजार र अथर्ववेदका नौ शाखा छन्। तिनमा थोरै शाखा उपलब्ध छन्, बाँकी सबै लोप भएका छन्। तिनमै मूर्त्तिपूजा र तीर्थहरूको प्रमाण होला। नभएको भए पुराणमा कहाँबाट आए त? कार्यलाई देखेर कारणको अनुमान गरिन्छ भने पुराणहरूलाई देखेर मूर्त्तिपूजाको अनुमान गर्नमा के शङ्का रहन्छ र?

**उत्तर**—कुनै वृक्षका शाखा जुन वृक्षका हुन्छन् त्यस वृक्षजस्तै हुन्छन् फरक हुँदैनन्। हाँगा साना होऊन् अथवा ठूला, तर उनमा विरोध हुनसक्तैन। जस्तै जति शाखा उपलब्ध छन् तिनमा ढुङ्गा का मूर्ति र जल–स्थल–विशेष तीर्थहरूको प्रमाण पाइँदैन भने ती लुप्त शाखाहरूमा पनि थिएनन्। चार वेद त पूर्णरूपमा उपलब्ध छँदैछन्, शाखा तिनका विरुद्ध हुन् सक्तैनन् र जो वेदविरुद्ध छन् , तिनलाई कसैले पनि शाखा सिद्ध गर्नसक्तैन। यसैअनुसार पुराण वेदका शाखा होइनन्, यी त सम्प्रदायी व्यक्तिहरूले बनाएका परस्पर विरुद्ध ग्रन्थ हुन्।

वेदलाई तिमी परमेश्वरकृत मान्दछौ वा मनुष्यकृत?

परमेश्वरकृत।

वेदलाई परमेश्वरकृत मान्दछौ भने '**आश्वलायनादि**' ऋषिमुनिका नामबाट प्रसिद्ध ग्रन्थ लाई वेद किन मान्दछौ? जसरी हाँगा र पातलाई हेरेर पीपल, बर र आँप आदि वृक्ष चिनिन्छन्, त्यस्तै ऋषिमुनिले बनाएका वेदाङ्ग, चारै ब्राह्मण, अङ्ग, उपाङ्ग र उपवेद आदिबाट वेदको अर्थ जानिन्छ। यसैकारण यी ग्रन्थलाई '**शाखा**' मानिएको हो। वेदविरुद्धको प्रमाण र वेदानुकूलको अप्रमाण हुनसक्तैन।

तिमीले वेदका लुप्त शाखाहरूमा मूर्त्ति आदिको कल्पना गर्दछौ भने कसैले यस्तो पक्ष पनि प्रस्तुत गर्नेछ कि—लुप्त शाखाहरूमा वर्णाश्रमव्यवस्था उल्टो अर्थात् अन्त्यज, शूद्रादिको नाम ब्राह्मणादि, ब्रह्मणादिको नाम शूद्र, अन्त्यज आदि, अगमनीया गमन, अकर्त्तव्य कर्त्तव्य, मिथ्याभाषण आदि धर्म, सत्यभाषण आदि अधर्म आदि लेखिएको होला। यस्तो अवस्थामा तिमीले पनि हामीले दिएकै उत्तर दिनेछौ। अर्थात् 'वेद र प्रसिद्ध शाखाहरूमा जस्तो ब्राह्मणादिको नाम ब्राह्मण आदि र शूद्रादिको नाम शूद्रादि लेखिएको छ त्यस्तै लुप्तशाखाहरूमा पनि मान्नु पर्दछ। नत्रभने वर्णाश्रम व्यवस्था सबै चौपट हुनेछन्।'

अँ, जैमिनी, व्यास र पतञ्जलिका समयसम्म सबै शाखा विद्यमान थिए वा थिएनन्? थिए भने तिमी कहिल्यै निषेध गर्न सक्नेछैनौ। थिएनन् भन्छौ भने शाखा हुने कुराकै के प्रमाण? हेर, जैमिनीले मीमांसामा सबै कर्मकाण्ड, पतञ्जलिमुनिले योगशास्त्रमा सबै उपासनाकाण्ड र व्यासमुनिले शारीरकसूत्रहरूमा सम्पूर्ण ज्ञानकाण्ड वेदानुकूल लेखेका छन्। उनमा ढुङ्गा आदि मूर्त्तिपूजा वा प्रयाग आदि तीर्थहरूको नाम पनि लेखिएको छैन। कहाँबाट लेख्ने र? वेदमा भएको भए न लेख्थे, नलेखी छोड्ने थिएनन्। यसकारण लुप्त शाखाहरूमा पनि यी मूर्तिपूजा आदिको प्रमाण थिएन। यी सबै शाखा वेद होइनन्, किनकि यिनमा ईश्वरकृत वेदका प्रतीक राखेर व्याख्या र सांसारिक व्यक्तिहरूको इतिहास पनि लेखिएको छ। यसकारण यिनलाई कहिल्यै वेद मान्न सकिंदैन। वेदमा त केवल मनुष्यलाई विधिको उपदेश गरिएको छ। कुनै मानिसको नाम मात्र पनि छैन। यसकारण मूर्त्तिपूजाको सर्वथा खण्डन छ।

हेर, मूर्त्तिपूजाबाट श्री रामचन्द्र, श्रीकृष्ण, नारायण, शिव आदिको ठूलो निन्दा र उपहास हुन्छ। ती ठूला महाराजाधिराज र उनका पत्नीहरू सीता, रुक्मिणी, लक्ष्मी र पार्वती आदि महारानी थिए भन्ने कुरा सबैलाई थाहै छ। तर तिनका मूर्त्ति बनाएर मन्दिर आदिमा राखेर पुजारीहरूले उनीहरूका नामबाट भिक्षा माँग्ने गरेर उनीहरूलाई भिखारी बनाइरहेछन्—

'आओ महाराज! साहुजी। दर्शन गर। बस, चरणामृत ग्रहण गर, केही भेटी चढाऊ। महाराज! सीता–राम, कृष्ण–रुक्मिणी वा राधाकृष्ण, लक्ष्मीनारायण र महादेव–पार्वतीजीलाई तीन दिनदेखि बालभोग वा



राजभोग अर्थात् जलपान या केही खानेकुरा प्राप्त भएको छैन। आज यिनीहरूसँग केही छैन। रानीजी! वा सेठानीजी! सीता आदिका लागि टप वा फुली बनाइदेऊ। अन्न आदि पठाऊ अनि त राम कृष्ण आदिलाई भोग लगाइने छ।'

'वस्त्र सबै च्यातिइसकेका छन्। मन्दिरका कुना सबै लडिसके। माथिबाट चुहिन्छ। अलि–अलि जे–केही बाँकी थियो, त्यो सबै दुष्ट चोरले लग्यो। केही ऊन्दर=मूसाले काटेर नष्ट पारिदिए। हेर, एकदिन मूसाले यस्तो अनर्थ गर्यो कि यिनका आँखा पनि झिकेर लिईभाग्यो। अनि हामीले चाँदीका बनाउन नसकेर कौडी=सीपीका आँखा लगाएका छौं।'

रामलीला र रासमण्डल पनि गराउँछन्। सीताराम, राधाकृष्ण नाचिरहेछन्, राजा महन्त आदि उनका सेवक भने आनन्दपूर्वक बसेकाछन्। मन्दिरमा सीता, राम आदि उभिएका हुन्छन् र पुजारी वा महन्तजी भने आसन वा गद्दीमाथि तकिया लगाएर बसिरहेका हुन्छन्। भयंकर गर्मीमा पनि ताल्चा लगाएर भित्र थुनिदिन्छन्, आफूभने सुहाउँदो हावामा पलंग आदि ओछ्याएर सुत्दछन्। धेरै पुजारीहरू आफ्ना नारायणलाई सानो डिब्बामा बन्द गरेर माथिबाट कपडा आदिले बेरेर बाँधेर गलामा झुण्ड्याइराख्छन्। बाँदर्नीले आफ्ना बच्चालाई छातीमा झुण्ड्याइराखे जस्तै ती भगवानलाई पुजारीले झुण्ड्याएका हुन्छन्। कसैले मूर्त्तिलाई तोड–फोड गर्यो भने 'सीतारामजी, राधाकृष्णजी र शिवपार्वतीजीलाई दुष्टहरूले तोडफोड गरे' भनेर छाती पिटेर चिच्याउँछन्, कराउँछन्। 'अब योग्य शिल्पीले बनाएको संगमरमरको अर्को मूर्त्ति मगाएर स्थापन र पूजा गर्नुपर्यो। नारायणलाई घिउ नभई भोग लगाइँदैन। धेरै नभए पनि अलिकति अवश्य पठाइदिनु होला' इत्यादि कुरा मूर्त्तिमाथि सिद्ध गर्दछन्। रासमण्डल वा रामलीलाको अन्त्यमा सीताराम वा राधाकृष्णलाई भिक्षा माग्न लगाउँछन्। कतै मेला–उत्सव छ भने कुनै केटाको टाउकोमा मुकुट राखेर कन्हैया बनाएर बाटाको छेउमा बसाएर भिक्षा माग्न लगाउँछन्। इत्यादि कति दु:खका कुरा हुन् भन्ने विचार तपाईंहरू नै गर्नुहोला।

नत्र भने के सीता–राम आदि यस्ता दरिद्र र भिखारा थिए? यो तिनको उपहास र निन्दा होइन भने के हो त? यसबाट आफ्ना माननीय व्यक्तिहरूको निन्दा हुन्छ। यी माननीयहरूको समयमा सीता, रुक्मिणी, लक्ष्मी र पार्वतीलाई सडकमा वा कुनै घरमा उभ्याएर पुजारीहरूले



PDFill PDF Editor with Free Writer and Tools

'आओ, यिनको दर्शन गर र केही भेटी–पूजा राख' भनेका भए यी मूर्खले यसो भन्दैमा सीता–राम आदिले न त यस्तो काम गर्नेथिए, न यसो गर्न दिनेथिए। बरु यस्तो उपहास गर्नेलाई दण्ड नदिई छोड्ने थिएनन्। अँ, तीबाट दण्ड नपाएपछि यिनकै कर्मबाट पुजारीहरूलाई धेरैजसो मारपीट, लुटपाट, मूर्त्तिचोरी, मूर्त्तितोड्नु आदिरूपी प्रसाद मूर्त्तिविरोधीहरूको तर्फबाट दिलाए र अझै पनि मिल्दैछ र यो कुकर्म नछोडेसम्म यो प्रसाद प्राप्त भैनै रहनेछ।

आर्यावर्त्तको प्रतिदिन ठूलो हानि, ढुङ्गा आदि मूर्त्तिपूजा गर्नेहरूको पराजय यिनै कर्मबाट हुन्छ भन्ने कुरामा कुनै सन्देह छैन, किनकि पापको फल दुःख हुन्छ। यिनै ढुङ्गा आदि मूर्त्तिको विश्वासले धेरैजसो हानि भैसक्यो। यसलाई नछोडेमा दिन प्रतिदिन यो हानि बढ्दैजानेछ। यिनमा वाममार्गी सबैभन्दा ठूला अपराधी हुन्। यिनीहरू चेला बनाउँदा कुनै साधारण मानिसलाई—

**दं दुर्गायै नमः। भं भैरवाय नमः। ऐं ह्रीं क्लीं चामुण्डायै विच्चे॥**

इत्यादि मन्त्रहरूको उपदेश गर्दछन्। बंगालमा खासगरी एकाक्षरी मन्त्रको उपदेश गर्दछन्। जस्तै—

**ह्रीं, श्रीं, क्लीं**॥ इत्यादि। अनि धनाढ्य व्यक्तिको पूर्णाभिषेक गर्दछन्। यस्तै दश महाविद्याका मन्त्र—

**ह्रां, ह्रीं, ह्रूं वगलामुख्यै फट् स्वाह**॥ कतै कतै—**हूं फट् स्वाहा॥**

यी हुन् र मारण, मोहन, उच्चाटन, विद्वेषण, वशीकरण आदि प्रयोग गर्दछन्। मन्त्रबाट त त्यस्तो केही पनि हुँदैन तर क्रियाबाट नै सबै कुरा गर्दछन्। कसैलाई मार्ने प्रयोग गर्दा एकातर्फ प्रयोग गराउनेबाट धन लिएर जसलाई मार्नुपर्ने छ त्यसको पुतला वा मूर्तिजस्तो पिठो वा माटोको बनाउँछन्। उसको छाती, नाभि र कण्ठमा छुरा घोप्छन्। आँखा, हात, गोडामा कीला ठोक्छन्। त्यसमाथि भैरव वा दुर्गाको मूर्त्ति बनाएर हातमा त्रिशूल दिएर उसको हृदयमा लगाउँछन्। एउटा वेदी बनाएर मासु आदिको होम गर्न थाल्दछन् भने अर्का तर्फ दूत आदि पठाएर विष आदिद्वारा त्यस व्यक्तिलाई मार्ने उपाय गर्दछन्। आफ्नो पुरश्चरणको बीचमै कसैले त्यस व्यक्तिलाई मारिहाल्यो भने आफूलाई भैरव देवीको सिद्धिसम्पन्न बताउँछन्। "**भैरवो भूतनाथश्च**" इत्यादि पाठ गर्दछन्।

**मारय–मारय, उच्चाटय–उच्चाटय, विद्वेषय–विद्वेषय, छिन्धि–छिन्धि, भिन्धी–भिन्धी, वशीकुरु–वशीकुरु, खादय–भक्षय,**



**त्रोटय–त्रोटय, नाशय–नाशय, मम शत्रून् वशीकुरु–वशीकुरु, हुं फट् स्वाहा॥**

इत्यादि मन्त्र जप्तछन्। मद्यमांस आदि यथेष्ट खानेपिउने गर्दछन्। भृकुटीको बीचमा सिन्दूरको रेखा तान्दछन्। कहिलेकाहीं काली आदिका निम्ति कुनै मानिसलाई समातेर मारेर, होम गरेर, त्यसको मासु पनि अलि–अलि खान्छन्। भैरवीचक्रमा नजाने, मद्यमांस नखाने, नपिउने व्यक्तिलाई मारेर होम गरिदिन्छन्। तिनमा जुन '**अघोरी**' हुन्छ त्यसले त मरेका मानिसको मासु पनि खान्छ। **अजरी–बजरी** गर्ने तान्त्रिकहरू त दिसा–पिसाब पनि खान्छन्, पिउँछन्।

एउटा **चोलीमार्ग** र अर्को **बीजमार्गी** पनि हुन्छन्। चोलीमार्गीहरू एउटा गोप्य ठाउँ वा भुइँमा एउटा ठाउँ बनाउँछन्। त्यहाँ सबैका पति, पत्नी, छोरा, छोरी, दिदी, बहिनी, आमा, बुहारी आदि सबै जम्मा भएर सबै मिलेर मासु खान्छन्, रक्सी पिउँछन्, एउटी स्त्रीलाई नांगै पारेर सबै पुरुषले उसको गुप्तेन्द्रियको पूजा गर्दछन् र उसको नाम दुर्गादेवी राख्छन्। त्यस्तै एउटा पुरुषलाई नांगो पारेर सबै स्त्रीहरूले उसको गुप्तेन्द्रियको पूजा गर्दछन्। रक्सी धोकेकोधोक्यै गरेर उन्मत्त भएपछि सब स्त्रीहरू चोली अर्थात् छातीका वस्त्रलाई माटोको एउटा ठूलो घ्याम्पोमा हालेर एउटा–एउटा पुरुषले त्यसमा हात हालेर जसको हातमा जसको वस्त्र पर्दछ ऊ आमा, बहिनी, छोरी, बुहारी जोसुकै भएपनि त्यसबखतका लागि त्यो त्यसैको पत्नी हुन्छे। परस्पर कुकर्म गर्दछन् र धेरै नशा चढ्नाले जुत्ता आदिद्वारा हानाहान गरेर लड्ने भिड्ने पनि गर्दछन्। बिहान केही अँध्यारो छँदैमा आ–आफ्ना घर जान्छन् अनि आमा आमा, छोरी छोरी, बहिनी बहिनी र बुहारी बुराही नै हुन्छन्। अर्को कुरा, बीजमार्गी भने स्त्री पुरुषको समागम गरेर पानीमा वीर्य हालेर मिलाएर पिउँछन्। यी नालायक लाछीहरू विद्या विचार सज्जनता आदिरहित भएर यस्ता कुकृत्यलाई मुक्तिका साधन मान्दछन्।

**प्रश्न**—शैव मतावलम्बीहरू त ठिकै हुन्छन् होइन?

**उत्तर**—कसरी ठीक हुनु। 'जस्तो प्रेतनाथ त्यस्तै भूतनाथ'। जसरी वाममार्गी मन्त्रोपदेश आदिद्वारा अर्काको धन हरण गर्दछन्, त्यस्तै शैव पनि 'ॐ नमः शिवाय' इत्यादि पञ्चाक्षरादि मन्त्रको उपदेश गरेर, रुद्राक्ष, भस्म धारण गरेर माटो र ढुङ्गा आदिका लिङ्ग बनाएर पुज्दछन् र 'हर–हर बं बं' तथा बोकाको शब्दजस्तै मुखबाट 'बड बड' शब्द निकाल्दछन्। यसो गर्नाको कारण चाहिं ताली बजाउनाले र 'बं बं'



PDFill PDF Editor with Free Writer and Tools

शब्द बोल्नाले पार्वती प्रसन्न र महादेव अप्रसन्न हुन्छन् भन्ने कुरा बताउँछन्, किनकि भस्मासुरको अगाडिबाट महादेव भाग्दा 'बं बं' र ठट्टा गरेको ताली बजेको थियो। त्यस्तै गाला बजाउनाले पार्वती अप्रसन्न र महादेव प्रसन्न हुन्छन् रे। किनकि पार्वतीका पिता दक्षप्रजापतिको टाउको काटेर अग्निमा होमेर उसको गिंडमा बोकाको टाउको लगाइएको थियो। गाला बजाउनुलाई त्यसैको नक्कल मान्दछन्। शिवरात्रि, प्रदोषव्रत आदिबाट मुक्ति हुन्छ भन्ठान्दछन्। यस कारण जसरी वाममार्गी भ्रान्त छन्, त्यस्तै शैव पनि भ्रमित छन्। यिनमा खासगरी कनफट्टा नाथ, गिरी, पुरी, वन, आरण्य, पर्वत, सागर तथा गृहस्थ पनि शैव हुन्छन्। कोहीकोही दुबै घोडामा चढ्दछन् अर्थात् वाममत र शैवमत दुवैलाई मान्दछन् र कति त वैष्णव पनि हुन्छन्। उनीहरूको—

**अन्तः शाक्ता बहिश्शैवः सभामध्ये च वैष्णवाः।**
**नानारूपधराः कौला विचरन्तीह महीतले॥**

यो तन्त्रको श्लोक हो। भित्र शाक्त अर्थात् वाममार्गी, बाहिर शैव अर्थात् रुद्राक्ष, भस्म धारण गर्ने र सभामा वैष्णव भनिन्छन् अर्थात् 'हामी विष्णुका उपासक हौं' भन्दछन्। यस्ता नाना रूप धारण गरेर वाममार्गीहरू पृथ्वीमा विचरण गर्दछन्।

**प्रश्न**—वैष्णव त ठिकै छन्?

**उत्तर**—के ठीक हुन्थे र। जस्ता उनीहरू छन्, त्यस्तै यी हुन्। वैष्णवहरूका लीला त हेर! आफूलाई विष्णुका दास मान्दछन्। तिनीमा चक्राङ्कित श्रीवैष्णव आफूलाई सर्वोपरि मान्दछन्, तर ती केही पनि होइनन्।

**प्रश्न**—केही पनि किन होइनौं? सबै नै हौं। हेर, ललाटमा नारायणको चरणारविन्द जस्तै तिलक र बीचमा पहेंलो रेखा श्री हुन्छ, यसैले हामी '**श्रीवैष्णव**' भनिन्छौं। एउटा नारायणबाहेक अरू कसैलाई मान्दैनौं। महादेवका लिङ्गको दर्शन पनि गर्दैनौं। किनकि त्यसो गर्नाले हाम्रो मस्तकमा विराजमान श्रीलाई लाज लाग्दछ। '**आलमन्दार**' आदि स्तोत्रको पाठ गर्दछौं। मन्त्रपूर्वक नारायणको पूजा गर्दछौं। मासु खाँदैनौं, जाँड-रक्सी आदि पिउँदैनौं। अनि हामी ठीक किन होइनौं?

**उत्तर**—तिम्रो यस तिलकलाई हरिपदको आकृति र यस पहेंलो रेखालाई श्री मान्नु व्यर्थै छ। किनकि हात्तीको मस्तकलाई चित्र-विचित्रको पारे जस्तै यो त तिम्रा हातको कारीगरी र ललाटको चित्र हो। तिम्रो मस्तकमा विष्णुका गोडाको चिह्न कहाँबाट आयो? के कसैले वैकुण्ठमा



गएर विष्णुका गोडाको चिह्न ललाटमा राखेर ल्याएको हो?

**विवेकी**—अनि श्री जड़ छ वा चेतन?

**वैष्णव**—चेतन छ।

**विवेकी**—त्यसोभए यो रेखा जड़ हुनाले यो श्री होइन। हामी 'श्री बनाइएको हो वा नबनाई भएको हो' भनी सोद्धछौं। बनाइएको होइन भने यो श्री होइन, किनकि यसलाई त तिमी दिनहुँ आफ्नै हातले बनाउँदछौ, अनि यसरी दिनहुँ बनाइने श्री हुँदै होइन। तिम्रो मस्तकमा श्री नै हो भने कैयौं वैष्णवहरूको मुखमण्डल नराम्रो अर्थात् शोभारहित किन देखिन्छ? ललाटमा श्री लगाएर, घरघरमा भिक्षा माग्दै र सदावर्त लिएर पेट भर्दै किन डुल्छौ? मस्तकमा श्री भिरेर कामचाहिं महादरिद्रका गर्दछौं, यी अत्यन्त घृणा र लज्जाका कुरा हुन्?

यिनमा एउटा '**परिकाल**' नामक वैष्णव भक्त थियो। त्यो चोरी, डकैती, छल-कपट गरेर अर्काको धन हरण गरेर वैष्णवहरूकहाँ पुर्याएर प्रसन्न हुने गर्दथ्यो। एकपटक चोरी गर्न जाँदा लुट्न-चोर्नलायक कुनै पदार्थ प्राप्त भएन र व्याकुल भएर यताउति घुमिरहेको थियो। नारायण 'मेरो भक्तले दुःख पाएछ' भन्ने सोचेर, महाजनको रूप धारण गरेर, औंठी आदि आभूषण भिरी रथमा बसेर परिकालको अगाडि आए। परिकालले रथको नजिक पुगेर महाजनसँग भन्यो—'सबै सामान तुरुन्त खोल, नत्र मार्नेछु।' खोल्दा-खोल्दै औंठी खोल्न ढिलो भयो। परिकालले नारायणको औंलो काटेर औंठी लियो। नारायणले अत्यन्त प्रसन्न भएर चतुर्भुज शरीर धारण गरेर दर्शन दिएर भने—'तिमी मेरा ठूला भक्त हौ। लूटमार चोरी आदि गरेर पनि सब धन प्राप्त गरेर वैष्णवहरूको सेवा गर्ने हुनाले तिमी धन्य छौ।' अनि उसले गएर सबै गर-गहना वैष्णवहरूका समीप राखिदियो।

एकपटक कुनै साहुकारले परिकाललाई नोकर बनाएर जहाजमा बसाएर अर्कै देशमा लग्यो। त्यहाँबाट जहाजमा सुपारी भर्यो। परिकालले एउटा सुपारीलाई फोरेर आधा टुक्रो पारेर साहुजीसँग भन्यो—'यो मेरो आधा कुड्को सुपारी जहाजमा राखिदेऊ र जहाजमा आधा सुपारी परिकालको छ भनेर लेखिदेऊ'। साहुजीले—'तिमीले चाहे हजार सुपारी लिए पनि हुन्छ' भन्दा परिकालले—'होइन, म अधर्मी होइन, झूटो बोलेर लिन्न, मलाई त आधा चाहिन्छ' भन्यो। व्यापारी सोझो सज्जन थियो, उसले लेखेर दियो। जहाज आफ्नो देशको बन्दरगाहमा आइपुगेर सुपारी उतार्ने तैयारी हुँदा परिकालले—'मेरो आधी सुपारी



PDFill PDF Editor with Free Writer and Tools

देऊ' भन्यो। व्यापारीले त्यही आधा कुड्को सुपारी दिन खोज्यो तर परिकालले 'मेरो त जहाजमा आधा सुपारी छ, भाग लगाउनुपर्दछ' भनेर झगडा गर्न थाल्यो। झगडा राजपुरुषसम्म पुग्यो। परिकालले– व्यापारीले लेखेको देखाएर 'यसले आधा सुपारी दिन लेखेको छ' भन्यो व्यापारीले धेरै समझायो तर उसले मानेन। जहाको सम्पूर्ण आधा सुपारी लिएर वैष्णवहरूलाई अर्पण गर्यो। अनि त वैष्णव धेरै प्रसन्न भए। उनीहरू हालसम्म पनि त्यस चोर, डाकू परिकालको मूर्त्ति मन्दिरमा राख्तछन्। यो कथा भक्तमालमा लेखिएको छ। बुद्धिमान् व्यक्तिहरूले विचार गर्नुपर्दछ कि वैष्णव, उनका सेवक र नारायण यी तिनै चोरमण्डली हुन् वा होइनन्?

यद्यपि मतमतान्तरमा कोही केही ठीक पनि हुन्छन् तथापि त्यस मतमा रहेर सर्वथा ठीक कोही पनि हुनसक्तैन। अब वैष्णवहरूमा जस्तो टुट–फुट छ र बेग्लाबेग्लै तिलक कण्ठी आदि धारण गर्दछन्, त्यसबारे लेखिन्छ। रामानन्दी छेउमा गोपीचन्दन र बीचमा रातो लगाउँछन्, त्यस्तै नीमावत दुवैतर्फ पातलो रेखा र बीचमा कालो थोप्लो, माधव कालो रेखा, गौड बंगाली कचौरा जस्तै र रामप्रसादी दुवै चन्द्राकार रेखाको बीचमा एउटा सेतो बाटुलो टीको लगाउँदछन् आदि। यिनका विलक्षण विलक्षण भनाइ छन्–रामानन्दी रातो रेखालाई लक्ष्मीको चिह्न, नारायणको हृदयमा श्री र कृष्णचन्द्रको हृदयमा राधा विराजमान भएको बताउँछन्।

भक्तमालमा एउटा कथा छ। कुनै एउटा मानिस रूखमुनि सुतिरहेको थियो। सुतेकै अवस्था मर्यो। माथिबाट कागले विष्टा गरिदियो। त्यो उसको मस्तकमा तिलकाकार भएर पर्यो। त्यहाँ उसलाई लिन यमका दूत आए र त्यत्तिकैमा विष्णुका दूत पनि आइपुगे। दुबैको विवाद भयो। यमका दूतले 'यसलाई हामी यमलोक लैजान्छौं, यो हाम्रो स्वामीको आज्ञा हो' भने। विष्णुका दूतले—'हाम्रा स्वामीको आज्ञा यसलाई वैकुण्ठ लैजानेछ, हेर, यसको ललाटमा वैष्णवी तिलक छ, तिमीहरूले यसलाई कसरी लानपाउँछौ छौ?' भने। अनि त यमका दूत चुपचाप लागेर फर्के। विष्णुका दूतले उसलाई सुखपूर्वक वैकुण्ठ लगे। नारायणले उसलाई वैकुण्ठमा।

हेर, अपर्झट आफैं तिलक बनेको माहात्म्य त यस्तो छ भने आफ्नै प्रीति र हातबाट तिलक लगाउनेहरू नरकबाट छुटेर वैकुण्ठ पुग्नमा के आश्चर्य छ त?



हामी सोद्धछौं—जब सानो तिलक लगाउनाले त वैकुण्ठ गइन्छ भने सबै मुखभरि लिप्नाले, मुखमा कालोमोसो दल्नाले अथवा शरीरभरि लिप्नाले वैकुण्ठभन्दा पनि पर पुग्छौ वा पुग्दैनौ? यसकारण यी सबै कुरा व्यर्थै हुन्।

अब यिनमा धेरैजसो **खाखी** सम्प्रदायका व्यक्ति मुढाको लंगोली (ढेरी) लगाएर धुनी ताप्ने, जटा बढाउने र सिद्धको भेष धारणगर्ने गर्दछन्। बकुल्लाजस्तै ध्यानावस्थित भैटोपल्छन्। गाँजा, भाँङ्, चरेसको दम लगाउँछन्। राता–राता आँखा पार्छन्। सबैसँग मुठ्ठी–मुठ्ठी पिंधेको अन्न र एक–एक पैसा माग्दछन्, गृहस्थका केटाहरूलाई भड्काएर लैजान्छन्। तिनमा धेरैजसो ज्यामीहरू हुन्छन्। कसैले विद्या पढ्न चाहेमा पनि पढ्न दिंदैनन्। उनीहरू भन्छन्—

**''पठितव्यं तदपि मर्त्तव्यं दन्तकटाकटेतिकिं कर्त्तव्यम्?''**
सन्तहरूले विद्या पढेर के काम? किनकि विद्या पढ्नेहरू पनि मर्दछन् भने किन दाँत कट्कटाउने? साधुहरूले त चारधाम डुल्नु, सन्तहरूको सेवा गर्नु र रामजीको भजन गर्नु नै पर्याप्त हुन्छ।

कुनै मूर्खले अविद्या को मूर्त्ति नदेखेको भए खाखीजीको दर्शन गरेहुन्छ। खाखीको नजिक जाने व्यक्ति उनका बाबु–आमा सरह नै किन नहोओस्, सबैलाई उनीहरू बच्चा–बच्ची भन्ने गर्दछन्। खाखीजस्तै रुंखड, सुंखड्, गोदड़िया, जमातिया, सुतरेसाई, अकाली, कनफटा, जोगी, औघड् आदि सबै एकनासै हुन्।

एउटा खाखीको चेलो '**श्री गणेशाय नमः**' धोक्दै–धोक्दै कुवामा पानी भर्न पुग्यो। त्यहाँ पण्डित बसेको थियो। पण्डितले उसलाई—'**स्त्रीगनेसाजनमे**' भनि घोकोको देखेर भन्यो—अरे साधु! तिमी अशुद्ध घोक्दै छौ।'**श्री गणेशाय नमः**' यस्तो घोक। त्यो चेलोले तुरन्तै लोटा भरेर गुरुछेउ पुगेर भन्यो—'यो बाउन मैले घोकेकोलाई असुध भन्दैछ।' यसो सुन्ने बित्तिकै खाखी तुरन्तै उठ्यो र कुवामा गएर पण्डितसँग भन्यो—तँ मेरो चेलोलाई भड्काउँछस्। तँ गुरुको ताबेदारले के पढेको छस् र? हेर्, तैंले एक किसिमको पाठ जानेको छस्, हामी तीनप्रकारको पाठ जान्दछौं—

'स्त्रीगनेसाजन्नमे'; 'स्त्रीगनेसायन्न मे', 'स्त्रीगनेसाय नमे'।

**पण्डित**—सुन साधुजी! विद्याको कुरा धेरै कठिन हुन्छ, नपढिकन आउँदैन।

**खाखी**—जा जा! हामीले धेरै विद्वान्हरूलाई लतारेका छौं, तिनलाई



PDFill PDF Editor with Free Writer and Tools

भाँङ् घोटेर सबैलाई उडाइदिएका छौं। सन्तहरूको घर ठूलो छ। तँ बिचरा के जान्दछस् र?

**पण्डित**—हेर, तिमीले विद्या पढेका भए यस्ता अपशब्द बोल्ने थिएनौ। तिमीलाई सबै किसिमको ज्ञान हुन्थ्यो।

**खाखी**—ए! तँ हाम्रो गुरु हुन्छस्? तेरो उपदेश हामीलाई चाहिंदैन।

**पण्डित**—बुद्धि नै नभएपछि कहाँबाट पाइयोस् र चाहियोस्। उपदेश सुन्न र बुझ्नका लागि विद्या चाहिन्छ।

**खाखी**—सबै शास्त्र पढेर पनि साधु-सन्तलाई नमान्ने व्यक्तिले केही नपढेको सम्झनुपर्दछ।

**पण्डित**—हो, हामी सन्तहरूको सेवा गर्दछौं, तर तिमीजस्ता हुल्याहाहरूको सेवा गर्दैनौं। किनकि सज्जन, धार्मिक, विद्वान्, परोपकारी व्यक्तिलाई नै '**सन्त**' भनिन्छ।

**खाखी**—हेर, हामी दिनरात नांगै बस्तछौं, धुनी ताप्छौं, गाँजा, चरेसका सयौं दम लगाउँछौं। तीन-तीन औखोरा भाँङ् पिउँछौं। गाँजा, भाँङ्, धतुराका पातको साग पकाएर खान्छौं। संखिया र अफीम पनि तुरुन्तै निल्दछौं। नशामा डुबेर रात-दिन निस्फिक्री रहन्छौं। दुनियाँलाई केही गन्दैनौं। भिक्षा मागेर सुख्खा रोट पकाएर खान्छौं। रातभरि हामी नजिक सुत्नेलाईसमेत निन्द्रा नलाग्नेगरी खोकिरहन्छौं, इत्यादि सिद्धिहरू र साधुपन हामीभित्र हुँदा-हुँदै पनि तँ किन हाम्रो निन्दा गर्दछस्? ए मोरा, अझै चेत्। हामीलाई दिक्क लाइस् भने तँलाई हामी भस्म गरिदिनेछौं।

**पण्डित**—यी सबै लक्षण असाधु, मूर्ख र नालायकका हुन्, साधुका होइनन्। सुन, '**साध्नोति पराणि धर्मकार्याणि स साधुः**' धर्मयुक्त उत्तम काम गर्ने, सदा परोपकारमा लागिरहने, कुनै दुर्गुण नभएको, विद्वान् र सत्य उपदेशद्वारा सबैको उपकार गर्नेलाई '**साधु**' भनिन्छ।

**खाखी**—जा जा! तँलाई साधुका कर्म के थाहा? सन्तहरूको घर ठूलो छ। कुनै सन्तसँग यसरी निहुँ नखोज्नू, नत्रभने एउटा चिम्टा उठाएर हान्योभने तेरो टाउको फुट्नेछ।

**पण्डित**—भई गयो खाखी जी! जाऊ, आफ्नो आसनमा जाऊ, हाम्रा सामु धेर रिस नपोख। तिमीलाई थाहा छ राज्यशासन कस्तो छ भनेर? कसैलाई मार्यौभने समातिनेछौ, जेल सजाय भोग्नुपर्नेछ, बेतका कोर्रा खानेछौ। अथवा कसैले तिमीलाई नै हान्यो वा मार्योभने के गर्नेछौ? यो त साधुको लक्षण होइन।



**खाखी**—हिंड् ए चेला। कुन राक्षसको मुख देखाइस् तैंले?

**पण्डित**—तिमीले कुनै महात्माको संगत गरेका भए यस्ता जड्मूर्ख रहने थिएनौ।

**खाखी**—हामी आफैं महात्मा हौं। हामीलाई अरू कुनैको आवश्यकता छैन।

**पण्डित**—भाग्यहीन मानिसमा नै तिम्रो जस्तो बुद्धि र घमण्ड हुन्छ।

खाखी आफ्नो आसनमा र पण्डित आफ्नो घर गए। साँझको आरतीपछि त्यस खाखीलाई बूढो सम्झेर धेरैजसो खाखीहरूले डण्डोत-डण्डोत भनी साष्टाङ्ग गरेर बसे। त्यस खाखीले 'ओ रामदासिया! तैंले के पढेकोछस्?' भनी सोध्यो।

**रामदास**—महाराज! मैले 'बेस्नुसहसरनाम' पढेको छु।

**खाखी**—ओ गोविन्दासिया! तैंले चाहिं के पढेकोछस् नि?

**गोविन्ददास**—मैले फलाना खाखीजीबाट 'रामसतबराज' पढेको छु। त्यसैबखत रामदासले 'महाराज! तपाईंले के पढ्नुभएको छ?' भनी सोध्यो।

**खाखी**—हामीले गीता पढेका छौं।

**रामदास**—कोसँग पढ्नुभएको?

**खाखी**—जा हट्। हामी कुनै गुरुलाई मान्दैनौं। हेर्! हामी 'परागराज' मा बस्तथ्यौं। हामीलाई एक अक्खर आउँदैनथ्यो। कुनै लामो धोतीधारी पण्डितलाई देख्नेबित्तिकै गीताको गुटिका तेर्स्याएर 'यस सिउर भएको अक्खरको के नाम हो?' भनी सोद्धा-सोद्धा अठार अध्ये गीता घोक्यौं। गुरु एउटा पनि बनाएनौं।

यस्ता विद्याका शत्रुकहाँ अविद्याले घर बनाएर नबसे कहाँ जाओस् त? यिनीहरू नशा, प्रमाद, लडाइँ, खाने, सुत्ने, खैंजडी ठटाउने, घण्टा, घडियाल, शङ्ख बजाउने, धुनी-चिता राख्ने, नुहाउने-धुने, यताउति व्यर्थै घुम्ने-फिर्नेबाहेक कुनै राम्रो काम गर्दैनन्। बरु कसैले ढुङ्गा पगाल्न सक्ला तर यी खाखीका आत्मामा ज्ञान दिलाउन गाह्रो पर्दछ, किनकि तिनमा धेरैजसो शूद्रवर्णका, ज्यामी, किसान, डोले आदि आफ्नो ज्यालादारी छोडेर खाख=खरानी घसेर वैरागी खाखी बनेका हुन्छन्। तिनले विद्या वा सत्सङ्ग आदिको माहात्म्य बुझ्नसक्तैनन्।

यीमध्ये नाथहरूका मन्त्र—'**नमः शिवाय**', खाखीका—'**नृसिंहाय नमः**', रामावतका—'**श्रीरामचन्द्राय नमः**' अथवा '**सीतारामाभ्यां**



PDFill PDF Editor with Free Writer and Tools

**नमः**', कृष्णको उपासकका—'**श्रीराधाकृष्णाभ्यां नमः**' '**नमो भगवते वासुदेवाय**' र बङ्गालीहरूका—'**गोविन्दाय नमः**' यी मन्त्रलाई कानमा पढ्नाले मात्र यिनीहरूमा शिष्य बनाइन्छन्। अनि यस्ता–यस्ता शिक्षा दिन्छन् कि बच्चा! झोली–तुम्बाको मन्त्र पढ—

**जल पवितर स्थल पवितर और पवितर कुवा।**
**शिव कहे सुन पार्वती, तूम्बा पवितर हुआ।।**

के यस्ता व्यक्तिको योग्यता, कहिल्यै साधु वा विद्वान् हुने अथवा जगत्को उपकार गर्ने खालको हुनसक्तछ? खाखी रातदिन मुढा, जंगली गुइँठा, नर्कट बाल्ने गर्दछन्। एक महिनामा कैयौं रूपैयाँको दाउरा डढाएर सिध्याउँछन्। एक महिनामा लाग्ने दाउराको मूल्य बराबरको कम्बल किनेमा एक प्रतिशत धनबाट आनन्दपूर्वक बस्न सकिन्छ। तर तिनलाई यति बुद्धि कहाँबाट आउँदो हो र? त्यसै धुनीमा ताप्नाले उनीहरूले आफ्ना नाम पनि तपस्वी राखेका हुन्। यसरी तपस्वी भइनेभए जङ्गली मानिस यीभन्दा बढी तपस्वी ठहरिनेछन्। जटा बढाउनाले, खरानी घस्नाले वा तिलक लगाउनाले तपस्वी भइनेभए जसले पनि यति गर्न सक्तथ्यो। यिनीहरू बाहिरका देखाव त्यागस्वरूपी र भित्रका महासंग्रही हुन्छन्।

**प्रश्न**—'कबीरपन्थी' त ठिकै हुन्?

**उत्तर**—होइनन्।

**प्रश्न**—किन होइनन्? ती त ढुङ्गा आदि मूर्त्तिपूजाको खण्डन गर्दछन्। कबीरसाहेब फूलबाट जन्मेका थिए र अन्त्यमा बिलाए पनि फूलमै। ब्रह्मा, विष्णु महादेवको जन्म नहुँदै पनि कबीरसाहेब थिए। उनी ठूला सिद्ध थिए। वेद, पुराणले पनि नजानेका कुरा कबीरदास जान्दथे। सोझो बाटो त कबीरले नै देखाएका हुन्। यिनको मन्त्र '**सत्यनाम कबीर**' आदि हो।

**उत्तर**—ढुङ्गालाई छोडेर पलंग, डसना, तकिया, खराउ, ज्योति अर्थात् दियो आदिको पूजा गर्नु ढुङ्गाका मूर्तिको पूजा गर्नुभन्दा कम होइन। फूलबाट जन्मने र अन्त्यमा फूल नै हुने कबीरसाहेब भुसुना वा कोपिला थिए र?

यसबारेमा निम्न कुरा सुनिन्छ र त्यो सत्य हुनसक्तछ। काशीमा कुनै बुनकर=कपडा बुन्ने पेसा गर्ने व्यक्ति बस्तथ्यो। उसका कुनै सन्तान थिएनन्। एकपल्ट बिहानै मिर्मिरेमा ऊ कुनै गल्लीमा हिंडिरहेको थियो। सडकको छेउमा फूलले भरिएको एउटा डालोमा त्यसै रात



जन्मिएको एउटा बालकलाई देख्यो। उसले त्यस बच्चालाई उठाएर घर लगी आफ्नी पत्नीलाई दियो। उसले त्यसको पालन–पोषण गरी। ऊ ठूलो भएपछि कपडा बुन्ने काम नै गर्दथ्यो। ऊ संस्कृत पढ्न कुनै पण्डितकहाँ गयो। त्यस पण्डितले उसको अपमान गर्यो। उसले भन्यो—'हामी बुनकर जातिलाई पढाउँदैनौ'। यसैगरी ऊ अनेक–पण्डितहरूकहाँ गयो। तर कसैले पढाएन। अनि उटपटांग भाषा बनाएर स्वजातीय र निम्नजातीय व्यक्तिहरूलाई सम्झाउन थाल्यो। एकतारे लिएर बजाउँथ्यो, भजन गाउँथ्यो। खासगरी पण्डित, वेद, शास्त्र आदिको निन्दा गर्नेगर्दथ्यो। केही मूर्ख व्यक्ति त्यसको जालमा फँसे। पछि ऊ मरेपछि त्यसका चेला चेपेटाहरूले उसलाई सिद्ध बताए। उसले बाँचुन्जेल बनाएका कविता, भजनलाई नै उसका चेलाहरूले पढ्न थाले। कान थुन्दा सुनिने शब्दलाई 'अनहत नाद' को सिद्धान्त बताए। मनको वृत्तिलाई 'सुरति' भने। उसलाई त्यो अनहत शब्द सुन्न लगाउनु पर्दछ भन्नथाले। त्यसैलाई सन्त र परमेश्वरको ध्यान बताए। 'काल त्यहाँसम्म पुग्दैन' भने। बन्दरी–जस्तै तिलक लगाउँदछन् र श्रीखण्ड आदि काठको कठी बाँध्छन्। विचार गरेर त हेर, के यसो गरेर आत्माको उन्नति र ज्ञानको वृद्धि हुनसक्छ? यो मत केटाकेटीको खेलसरहको लीलामात्र है।

**प्रश्न**—पंजाब प्रदेशमा नानकजीले एउटा पन्थ चलाएका छन्। उनी पनि मूर्त्तिको खण्डन गर्दथे। उनले धेरैलाई मुसलमान हुनबाट बचाए। उनी साधु पनि भएनन्, गृहस्थ नै रहे। हेर, उनले मन्त्रको उपदेश दिएका छन्। यसैबाट उनको आशय राम्रो थियो बन्ने बुझिन्छ।

**ओं सत्यनाम कर्त्ता पुरुष निर्भोनिर्वैर अकालमूर्त्त अजोनि सहभं गुरुप्रसाद जप। आदि सच, जुगादि सच, है भी सच, नानक होसी भी सच।।** जपजी पौडी १ ॥

'**ओ३म्**' जसको सत्य नाम हो, त्यो कर्त्ता पुरुष भय र वैररहित, अकालमूर्त्ति=कालमा र जुनिमा नआउने र प्रकाशमान छ, गुरुको कृपाले त्यसैको जप गर। त्यो परमात्मा आदिमा सत्य थियो, युगहरूको आदिमा सत्य थियो, वर्तमानमा सत्य छ र सत्य नै रहनेछ।

**उत्तर**—नानकजीको आशय त राम्रो थियो तर उनमा विद्या भने केही पनि थिएन। अँ, त्यस ठाउँको गाउँले भाषा भने जान्दथे। वेदादि शास्त्र र संस्कृत अलिकति पनि जान्दैनथे। जान्ने भएका भए 'निर्भय' शब्दलाई किन 'निर्भो' लेख्थे र? यस कुराको उदाहरण उनले बनाएको '**संस्कृतीस्तोत्र**' छ। उनी संस्कृतमा पनि आफ्नो प्रभाव जमाउन चाहन्थे,



PDFill PDF Editor with Free Writer and Tools

तर नपढिकन कसरी संस्कृत जान्न सकिन्छ र ? अँ, कहिल्यै संस्कृत सुन्दैनसुनेका गाउँलेहरूको अगाडि संस्कृति बनाएर संस्कृतका पनि पण्डित भएहोलान्। उनमा आफ्नो मान, प्रतिष्ठा र आफ्नो विशेष ख्यातिको इच्छा नभएको भए कहिल्यै यसो गर्ने थिएनन्। उनलाई आफ्नो प्रतिष्ठाको इच्छा अवश्य थियो। नत्रभने जस्तो भाषा जान्दथे, त्यस्तै भनिरहन्थे, साथै 'मैले संस्कृत पढेकै छैन' पनि भनिदिन्थे। केही अभिमान उनमा भएको हुनाले नै मान–प्रतिष्ठाका निम्ति केही दम भरेका होलान्। यसैकारण, उनका ग्रन्थमा ठाउँ–ठाउँमा वेदको निन्दा र स्तुति पनि छ। किनकि यसो नगरेका भए कसैले पनि उनीसँग वेदको अर्थ सोध्नेथियो र नजान्दा उनको प्रतिष्ठा नष्ट हुने थियो। यसकारण पहिल्यै आफ्ना शिष्यसामु कतैकतै वेदको विरोधमा बोल्दथे र कतैकतै वेदको लागि राम्रो पनि भनेका छन्, किनकि कतै पनि ठीक नभनेका भए जनताले उनलाई नास्तिक भन्नेथिए। जस्तै—

**वेद पढत ब्रह्मा मरे, चारों वेद कहानि।**
**सन्त कि महिमा वेद न जानी ॥ ब्रह्मज्ञानी आप परमेश्वर ॥**

के वेद पढ्नेहरूचाहिं मरेर गए र नानकचाहिं आफूलाई अमर सम्झन्थे ? के उनीचाहिं मरेनन् ? वेद त सबै विद्याको भण्डार हो, तर चारै वेदलाई कथा भन्नेका सबै कुरा कथामात्र हुन्। मूर्खहरूको नाम सन्त हुन्छ भने ती विचराले वेदको महिमा कहिल्यै जान्नसक्तैनन्। नानकजीले वेदको मान–सम्मान गरेका भए उनको सम्प्रदाय चल्ने थिएन। उनी गुरु बन्न पनि सक्नेथिएनन्, किनकि उनले आफैं संस्कृतविद्या नपढेका हुनाले अरूलाई पढाएर शिष्य कसरी बनाउन सक्थे र ?

साँचो कुरा के हो भने पंजाबमा नानकजी हुँदा त्यहाँ संस्कृतविद्या छँदैथिएन र पंजाब मुसलमानहरूबाट पीडित थियो। त्यसबेला उनले केही व्यक्तिहरूलाई मुसलमान हुनबाट बचाए। नानकजीको समयमा उनको कुनै सम्प्रदाय थिएन र उनका धेरैजसो शिष्य पनि थिएनन्। किनकि अविद्वान्हरूमा एउटा चाल के हुन्छ भने मरेपछि उनलाई सिद्ध बनाउँदछन् र पछि धेरैजसो माहात्म्य देखाएर ईश्वरसमान मान्न थाल्दछन्।

अँ, नानकजी ठूला धनाढ्य र धनधान्यसम्पन्न साहू थिएनन् तर उनका चेलाहरूले 'नानकचन्द्रोदय' र 'जन्मशाखी' आदिमा नानकजीलाई ठूला सिद्ध र ठूलो ऐश्वर्यसम्पन्न बताएकाछन्। नानकजीले ब्रह्मासँग भेटघाट गरे, धेरै कुराकानी गरे, सबैले यिनको सम्मान गर्दथे,



PDFill PDF Editor with Free Writer and Tools

नानकजीको विवाहमा धेरैजसो घोडा, रथ, हात्ती, सुन, चाँदी, मोती, पन्ना आदि रत्नले सजि–सजाउ र अमूल्य रत्नहरूको पारावार थिएन भन्नेकुरा लेखेको छ। यी सबै गफ होइनन् त के हुन् ? यसमा यिनका चेलाहरूको दोष छ, नानकजीको होइन।

उता नानकजीपछि उनका छोराबाट **उदासी** सम्प्रदाय चल्यो र रामदास आदिबाट **निर्मल** सम्प्रदाय चल्यो। कत्तिका गद्दीवालाहरूले भाषा बनाएर ग्रन्थमा राखेकाछन् अर्थात् यिनका दसौं गुरु गोविन्द सिंह भए। गुरु गोविन्द सिंहपछि त्यस ग्रन्थमा कसैको भाषा मिलाइएन। तर उनको समयसम्म रहेका सबै सानातिना पुस्तकहरूलाई जम्मा गरेर एउटै जिल्द हाले। यिनीहरूले पनि नानकजीपछि धेरैजसो भाषा बनाए। पुराणका झूठा कथा जस्तै कतिले कथा बनाए। तर आफैं ब्रह्मज्ञानी बनेर कर्म उपासना छोडेर यिनका शिष्य यतै लाग्दैगए। यसबाट ठूलो विकृति आयो। नत्रभने नानकजीले केही ईश्वरको भक्तिविशेष लेखेका थिए, त्यही गर्दै आएका भए राम्रै थियो। यता उदासी 'हामी ठूला हौं' भन्दछन्, निर्मल सम्प्रदायी आफैंलाई ठूलो बताउँछन् भने अकाली र सूतरहसाई आफैंलाई सर्वोपरि बताउँछन्।

यिनमा गुरु गोविन्दसिंहजी शूरवीर भए। मुसलमानहरूले उनका मानिसलाई दिएको धेरैजसो दुःखको बदला उनी लिन चाहन्थे, तर यिनीसँग केही साधन थिएन। उता मुसलमानहरूको राज्यशासनको वर्चस्व बढिरहेको थियो। यिनले एउटा पुरश्चरण गराए। 'देवीले वर र तरवार दिएर **मुसलमानसँग** लड, तिम्रो जीत हुनेछ भनेकी छन्' भन्ने हल्ला फिंजाए। धेरै व्यक्ति उनको समर्थनमा लागे। अनि उनले वाममार्गीले 'पञ्च मकार', चक्रांकितले 'पञ्च संस्कार' चलाइएझैं 'पञ्च ककार' चलाए अर्थात् यिनका पाँच ककार युद्धमा उपयोगी थिए।

**पहिलो**—'केश' अर्थात् कपाल पाल्नाले लडाइँमा लाठी आदि र तरवार आदिबाट पनि केही बचावट हुनेछ।

**दोस्रो**—'कंगन'=बाला, अकालीहरू टाउकोमा दोपट्टामा राख्दछन् तथा हातमा 'बाला' लगाउँछन्। यसबाट हात र टाउको बचाउन सकियोस् भन्ने उद्देश्य हो।

**तेस्रो**—कट्टु। यसबाट दौड्न र उफ्रन सजिलो हुन्छ। धेरैजसो अखडाका पहलवानहरू पनि यसबाट शरीरको मर्मस्थान सुरक्षित रहोस् र कुनै कुरामा अड्किनु नपरोस् भन्ने उद्देश्यले धारण गर्दछन्।

**चौथो**—'काँइयो'। यो कपाल कोर्न काम लाग्छ।

**पाँचौ**—काचू वा कटार अर्थात् चक्कू, कतै शत्रुसँग भेट भई झैं-झगड़ा भएको खण्डमा काम लागोस् भनेर राखिन्छ।

गुरु गोविन्द सिंहजीले त्यस समय र परिस्थिति अनुकूल आफ्नै बुद्धिमानीले उक्त कुरा चलाएका थिए। अब वर्तमान समयमा ती सामान राख्न केही उपयोगी हुँदैन। तर लडाइँको उद्देश्यले तोकिएका काम-कुरा वा कर्त्तव्यहरूलाई अब धर्मसँग जोडिएको छ।

यिनीहरू मूर्त्तिपूजा त गर्दैनन्, तर त्योभन्दा बढी ग्रन्थको पूजा गर्दछन्, के यो मूर्तिपूजा होइन? कुनै जडपदार्थको अगाडि टाउको निहुँराउनु वा उसको पूजा गर्नु सबै '**मूर्त्तिपूजा**' हो। जसरी मूर्त्तिपूजा गर्नेहरूले आफ्ना पसल थापेर जीविकाको उपाय गरे, त्यस्तै यिनीहरूले पनि गरेका छन्। जसरी पुरेत-पुजारीहरू मूर्तिको दर्शन गराएर भेटी चढाउन लगाउँछन्, त्यस्तै नानकपन्थीहरू ग्रन्थको पूजा गर्दछन्, गराउँछन् र भेटी पनि चढाउन लगाउँछन् अर्थात् मूर्त्तिपूजा गर्नेहरू जति वेदप्रति आस्था र मान्यता राख्छन्, यी ग्रन्थसाहेबलाई मान्नेहरू त्यति पनि गर्दैनन्। अँ, के गर्नु यिनीहरूले त वेदलाई देखे-सुनेका नै थिएनन् भन्न सकिन्छ। यिनीहरूले देख्न-सुन्न पाएका भए हठ-दुराग्रह नभएका सबै सम्प्रदायका बुद्धिमान् व्यक्ति वेदमतमा नै लाग्ने थिए। तर यिनीहरूले धेरैजसो खानपान सम्बन्धी झंझट भने हटाएका छन्। जसरी यो खानपानसम्बन्धी झंझटलाई हटाए, त्यस्तै विषयासक्ति, दुरभिमान पनि हटाएर वेदमतको उन्नति गरेमा धेरै राम्रो कुरा हुनेछ।

**प्रश्न**—दादूपन्थीको मत त राम्रै छ?

**उत्तर**—राम्रो त वेदमार्ग हो। त्यसलाई समाउन सक्छौ भने समात। नत्रभने सधैं गोता खाइरहनु पर्नेछ। यिनको मतमा दादूजीको जन्म गुजरातमा भएको थियो। पछि जयपुरमा आएर 'आमेर' मा बसे। तेलीको काम गर्दथे। यसलाई ईश्वरको सृष्टिको विचित्र लीला नै भन्नुपर्दछ कि दादूजीले पनि आफ्नो पूजा गराउन थाले। अब वेदशास्त्रका सबै कुरा छोडेर 'दादूराम-दादूराम' झज्दा नै मुक्ति हुन्छ भन्ने कुरा स्वीकार गरिएको छ। सत्य उपदेशक नभएपछि यस्ता-यस्ता मतमतान्तरका झैं-झगडा चल्ने गर्दछन्।

केही समयअघि देखि शाहपुराबाट एउटा 'रामसनेही' मत चलेको छ। उनीहरूले सम्पूर्ण वेदोक्त धर्मलाई छोडेर '**राम राम**' पुकार्नु नै राम्रो मानेका छन्। त्यसैमा ज्ञान, ध्यान, मुक्ति मान्दछन्। तर भोकलाग्दा 'राम नाम' बाट रोटी-तरकारी निस्कँदैन, किनकि खानपान आदि त



गृहस्थका घरमा नै पाइन्छन्। ती पनि मूर्त्तिपूजालाई धिक्कार भन्दछन् तर आफू स्वयं मूर्त्ति बनिरहेका छन्। धेरैजसो महिलावर्गको संगतमा रहन्छन्। किनकि रामजीलाई 'रमा' नभई आनन्द मिल्नैसक्तैन।

एउटा 'रामचरण' नाम गरेको साधु भयो, यसको मत मुख्यरूपमा मेवाड़को 'शाहपुरा' स्थानबाट चलेको हो। ती '**राम-राम**' भन्नुलाई नै परममन्त्र र यसैलाई सिद्धान्त मान्दछन्। तिनका सन्तदासजी आदिको वाणी रहेको एउटा ग्रन्थ छ, त्यसमा यसो लेख्छन्—

उनको वचन—

**भरम रोग तब ही मिट्या, रट्या निरंजन राइ।**
**तब जम का कागज फट्या, कट्या कर्म तब जाइ॥ १॥**

—साखी॥ ६॥

यसमा यो कुरा बुद्धिमान्हरूका लागि विचारणीय छ कि 'राम राम' भन्नाले भ्रम अर्थात् अज्ञान वा यमराजको पापानुकूल शासन या गरिएका कर्म कहिल्यै छुट्न सक्छन् वा सक्तैनन्? यो त केवल मानिसलाई पापै-पापमा फँसाउनु र मनुष्य जन्मलाई नष्ट गर्नु हो। यिनीहरूका मुख्य गुरु 'रामचरण' का वचन—

**महमा नांव प्रतापकी, सुणौ सखण चित्त लाइ।**
**रामचरण रसना रटौ, क्रम सकल झड जाइ॥ १॥**
**जिन जिन सुमऱ्या नांव कूं, सो अब उतऱ्या पार।**
**रामचरण जो वीसऱ्या सो ही जम के द्वार॥ २॥**
**रामविना सब झूट बतायो। राम भजत छूट्या सब क्रम्मा॥**
**चंद अरु सूर देइ परकम्मा। राम कहे तिन कूं भई नाहीं॥**
**तीन लोक में कीरति गाहीं। राम रटत जम जोर न लागै॥**
**राम नाम लिख पथर तराई। भगति हेति औतार ही धरही॥**
**ऊँच नीच कुछ भेद विचारै। सो तो जनम आपणो हारै॥**
**सन्तां कै कुल दीसै नाहीं। राम राम कह राम रम्हाहीं॥**
**ऐसो कुण जो कीरति गावै। हरि हरि जन कौ पार न पावै॥**
**राम संतांका अन्त न आवै। आप आपकी बुद्धि सम गावै॥**

—नामप्रताप

**यिनको खण्डन**—पहिलो कुरा त रामचरण आदिका ग्रन्थ देख्ता ऊ एउटा साधारण गाउँले मानिस थियो, उसले केही पढेको थिएन भन्ने बुझिन्छ। नत्रभने यस्ता झूठा गफ किन लेख्तथ्यो र? यिनलाई राम-राम भन्नाले कर्म छुट्नेछन् भन्ने भ्रममात्र छ। यी त केवल आफ्नो



PDFill PDF Editor with Free Writer and Tools

र अरूको पनि जन्मलाई खेर फाल्दछन् त्यत्ति हो। यमको भय=डर, त्रास त धेरै ठूलो छ तर राजकीय प्रहरी, चोर, डाकू, बाघ, सर्प, बिच्छी र लामखुट्टेको भय पनि यसरी छुट्नसक्तैन। रात दिन राम–राम जप्ने गरेपनि केही फाइदा हुने छैन। जसरी सखर सखर भन्नाले मात्र मुख गुलियो हुँदैन त्यस्तै सत्य बोल्नु आदि कर्म नगरी राम–राम भन्नाले केही पनि हुनेछैन र राम राम गर्नाले यिनका रामले सुन्दैन भने जीवनभर राम राम भनिरहे पनि सुन्नेछैन। अनि सुन्दछ भने फेरि राम–राम गर्नु पनि बेकारै हुन्छ। यिनीहरूले आफ्नो पेट भर्नका निम्ति र अरूको पनि जीवन नष्ट गर्नका लागि एउटा पाखण्ड खडा गरेका हुन्। यो ठूलो आश्चर्यको कुरा छ कि हामी के देखिरहेका छौं भने यिनीहरूले नाम त राखेका छन् रामस्नेही, तर काम गर्दछन् राँडस्नेहीका। जता हेर त्यतै रंडी नै रंडीहरूले कथित सन्तहरूलाई घेरिरहेका हुन्छन्। यस्ता–यस्ता पाखण्ड नचलेका भए आर्य्यावर्त्त देशको दुर्दशा किन हुन्थ्यो र? यिनीहरू आफ्ना चेलालाई जुठो खुवाउँछन् र महिलावर्ग पनि पूरै लम्पसार परेर दण्डवत् प्रणाम गर्दछन्। एकान्तमा पनि महिलाहरू र कथित साधुका बैठक भई नै रहन्छन्।

यिनीहरूको दोस्रो शाखा मारवाड़को 'खेड़ापा' नामक गाउँबाट चलेको हो। त्यसको इतिहास यस्तो छ—

एउटा ढेढ जातिको रामदास नामक व्यक्ति बडो चलाख थियो। उसका दुईवटी पत्नी थिए। पहिले ऊ धेरै दिनसम्म औघड=अघोरी भएर कुकुरसँग खाने गर्दथ्यो। पछि ऊ वामी कूण्डापन्थी र त्यसपछि रामदेवको कामडिया=अर्थात् राजपूताना देशमा च्यामेहरूद्वारा भगवा वस्त्र रंगाएर सुनाइने 'शब्द' भनिने रामदेव आदिका गीत ती च्यामे र अरू जातिका मानिसलाई सुनाउने भयो। ऊ आफ्ना दुबै पत्नीसँग गाउँथ्यो। यसरी घुम्दाघुम्दै जोधपुर राज्यको एउटा ठूलो गाउँ 'सीथल' मा ढेढहरूको गुरु 'हर–रामदास' लाई भेट्यो। उसले उसलाई 'रामदेव' पन्थ बताएर आफ्नो चेलो बनायो। त्यस रामदासले खेडापा गाउँमा आफ्नो ठाउँ बनायो र यता यसको मत चल्यो भने उता शाहपुरामा रामचरणको मतको प्रचार भयो। उसको इतिहास पनि यस्तो सुनिन्छ—ऊ जयपुरको बनियाँ=व्यापारीजातिको थियो। उसले 'दाँतडा' गाउँमा एउटा साधुबाट भेष ग्रहण गर्यो र उसैलाई गुरु बनायो। अनि शाहपुरामा आएर आफ्नो प्रभाव जमायो। सोझा–सोझा मानिसमा पाखण्ड जरो छिट्टै गाडिन्छ, त्यस्तै त्यहाँ पनि भयो। यी सबैमा माथिको रामचरणका



PDFill PDF Editor with Free Writer and Tools

वचनअनुसार चेला बनाएपछि ऊँच–नीचको केही भेद रहन्न। ब्राह्मणदेखि अन्त्यजसम्म यिनमा चेला बन्दछन्। अझै पनि 'कूण्डापन्थी' जस्तै छन्, किनकि माटाका कुण्डमा नै खान्छन् र साधुहरूको जुठो खान्छन्। वेदधर्मबाट र आमा–बाबु, संसारको व्यवहारबाट भड्काएर छुटाउँछन् र आफ्ना चेला बनाउँछन्। राम नामलाई नै **'महामन्त्र'** मान्दछन् र यसैलाई छुच्छम=सूक्ष्म वेद पनि भन्दछन्। राम राम भन्नाले अनन्त जन्मका पाप छुट्तछन् अरे। यसविना कसैलाई मुक्ति प्राप्त हुँदैन अरे। श्वास लिंदा र निकाल्दा राम–राम भन्न सिकाउनेलाई **'सत्य गुरु'** भनिन्छ र सत्यगुरुलाई परमेश्वरभन्दा पनि ठूलो मान्दछन् तथा उसको मूर्त्तिको ध्यान गर्दछन्। साधुका चरण धोएर पानी खान्छन्। चेलोले गुरुभन्दा टाढा जाँदा गुरुका नङ र दाढीको रौं आफूसँग राख्नुपर्दछ। नित्य त्यसको चरणामृत लिने गर्नुपर्दछ। यिनीहरू रामदास र हररामदासको वाणीका पुस्तकलाई वेदभन्दा बढी मान्दछन्। त्यसको परिक्रमामा आठपटक दण्डवत् प्रणाम गर्दछन्। अनि गुरु नजिकै भए गुरुलाई दण्डवत् प्रणाम गर्दछन्। महिला वा पुरुषलाई 'राम–राम' एकनासै मन्त्रको उपदेश गर्दछन् र नामस्मरणबाटै कल्याण हुने कुरा मान्दछन्। अनि पढ्न लेख्नमा पाप सम्झन्छन्। उनीहरूको साखी—

**पंडिताई पाने पड़ी, ओ पूरबलो पाप।**
**राम राम सुमरट्यां विनां रइग्यौ रीतौ आप॥ १॥**
**वेद पुराण पढे पढ गीता। राम भजन विन रइ गये रीता॥**

यस्ता–यस्ता पुस्तक बनाएका छन्। स्त्रीले पतिको सेवा गर्नमा पाप र गुरु–साधुको सेवा गर्नमा धर्म बताउँछन्। वर्णाश्रमलाई मान्दैनन्। ब्राह्मण रामस्नेही छैनभने त्यसलाई नीच र चांडाल रामस्नेही छ भने उसलाई उत्तम सम्झन्छन्। यिनीहरू अवतार मान्दैनन् पनि, तर माथि लेखिएको रामचरणको वचनअनुसार **'भगति हेति औतार ही धरही'** अर्थात् भक्ति र सन्तहरूको हितका लागि अवतारलाई पनि मान्दछन्। इत्यादि यिनीहरूको जे जति पाखण्ड, प्रपञ्च छ त्यो सबै आर्य्यावर्त्त देशको अहित गर्ने किसिमको छ। बुद्धिमान्हरूले यतिबाटै धेरै बुझ्ने नै छन्।

**प्रश्न**—गोकुलिया गुसाईंहरूको मत अर्थात् वल्लभमत त धेरै राम्रो छ। हेर, कस्तो ऐश्वर्य भोग्दछन्? यस्तो ऐश्वर्य के लीलाविना हुनसक्तछ?

**उत्तर**—यो ऐश्वर्य गृहस्थहरूको हो, नकि गुसाईंहरूको।

**प्रश्न**—वा ! त्यो त सबै गुसाईंहरूको प्रभावले हो। यस्तो ऐश्वर्य अरूलाई किन मिल्दैन त ?

**उत्तर**—अरूले पनि यस्तै छल–प्रपञ्च गरेमा ऐश्वर्य प्राप्त हुनमा कुनै सन्देह छैन। अनि यीभन्दा बढी धूर्त्तता गरेमा बढी ऐश्वर्य पनि प्राप्त हुनसक्तछ।

**प्रश्न**—वा ! यसमा के धूर्त्तता छ र ? यो त सबै गोलोकको लीला हो।

**उत्तर**—गोलोकको लीला होइन, यो त सबै गुसाईंहरूको लीला हो। अनि फेरि गोलोककै लीला हो भने गोलोक पनि त्यस्तै होला। यो मत 'तैलङ्ग' देशबाट चलेको हो। एउटा लक्ष्मणभट्ट नामक तैलङ्गी ब्राह्मणले विवाह गरेपछि कुनै कारणविशेषले ऊ आमा, बाबु र पत्नीलाई छोडेर काशी पुग्यो र उसले त्यहाँ 'मेरो विवाह भएकै छैन' भनी झूट बोलेर संन्यास ग्रहण गर्यो। दैवसंयोगले उसका आमा, बाबु र पत्नीले ऊ काशीमा संन्यासी भयो भन्ने कुरा सुने। उसका आमा, बाबु र पत्नी काशी पुगेर उसलाई संन्यासको दीक्षा दिनेसँग 'यसलाई किन संन्यासी बनायौ ? हेर, यो यसकी युवती पत्नी हो' भने र स्त्रीले भनी–'यदि मेरा पतिलाई तपाईं मसँगै पठाउनुहुन्न भने मलाई पनि संन्यासको दीक्षा दिनुहोस्।' अनि दीक्षा दिनेले उसलाई बोलाएर 'तँ त ठूलो मिथ्यावादी रहेछस्, संन्यास छोडेर गृहस्थ बन्, किनकि तैंले झूट बोलेर संन्यास लिइस्' भन्यो। उसले त्यस्तै गर्यो। संन्यास छोडेर पत्नीसँग लाग्यो।

हेर, यस मतको मूल जरो नै झूट कपटबाट सुरु भएको छ। उनीहरू तैलङ्गदेशमा पुग्दा त्यसलाई उसका जातिमा कसैले लिएनन्। अनि त्यहाँबाट निस्किए घुम्नथाले। काशीको नजिकको चरणार्गढ= चुनारगढको नजिकको 'चम्पारण्य' नामक जंगलमा हिंडिरहेका थिए। त्यहाँ कसैले एउटा बच्चालाई जंगलमा छोडेर चारैतर्फ टाढा–टाढा आगो लगाएर गएको रहेछ। त्यस छोड्नेले 'आगो लगाइँन भने कुनै जीवले यस बालकलाई अहिल्यै मार्नेछ' भन्ठानेको थियो। लक्ष्मण भट्ट र उसकी पत्नीले त्यस बालकलाई लिएर आफ्नो पुत्र बनाए। अनि काशीमा गएर बसे। त्यो बालक ठूलो भएपछि उसका बाबु आमाको शरीर छुट्यो। उसले बाल्यावस्थादेखि युवावस्थासम्म काशीमा केही पढेको पनि थियो। त्यसपछि ऊ अन्त कतै गएर एउटा विष्णुस्वामीको मन्दिरमा चेलो भयो। कुनैबेला त्यहाँ केही खटपट हुनाले त्यहाँबाट फेरि काशीतर्फै गयो र संन्यासी भयो। उता, अर्को कुनै त्यस्तै



जातिबहिष्कृत ब्राह्मण काशीमा बस्तथ्यो। उसकी एउटी तरुनी छोरी थिई। उसले योसँग 'तँ संन्यास छोडेर मेरी छोरीसँग विवाह गर्' भन्यो। उसले त्यस्तै गर्यो। जसका बाबुले जस्तो लीला गरेको थियो, त्यस्तै छोराले किन नगर्ने ? त्यस स्त्रीलाई लिएर पहिले चेलो बनेको विष्णुस्वामीको मन्दिरमा गयो। विवाह गरेको कारणले त्यहाँबाट निकालियो। अनि त्यसपछि अविद्याको अन्धकारले व्याप्त ब्रजदेशमा गएर अनेक प्रकारका छल र युक्तिपूर्वक आफ्नो प्रपञ्च फैलाउन थाल्यो र झूठा कुराहरूको प्रचार यसरी गर्न थाल्यो—श्रीकृष्णले मलाई दर्शन दिएर 'गोलोकबाट मर्त्यलोकमा आएका 'दैवीजीव' लाई ब्रह्मसम्बन्ध आदिद्वारा पवित्र गरेर गोलोकमा पठाऊ' भनेकाछन् इत्यादि मूर्खहरूलाई प्रलोभनका कुरा सुनाएर केही व्यक्तिहरू अर्थात् चौरासी व्यक्तिलाई वैष्णव बनायो। तथा निम्नलिखित मन्त्र बनाएर तिनमा पनि फरक राख्यो। जस्तै—

**श्रीकृष्णः शरणं मम ॥ १ ॥**

**क्लीं कृष्णाय गोपीजनवल्लभाय स्वाहा ॥ २ ॥**

यी दुबै साधारण मन्त्र हुन्, तर ब्रह्म–सम्बन्ध र समर्पण गराउने मन्त्र यो हो—

**श्रीकृष्णः शरणं मम सहस्त्रपरिवत्सरमितकालजातकृष्ण–वियोगजनिततापक्लेशानन्ततिरोभावोऽहं भगवते कृष्णाय देहेन्द्रिय–प्राणान्तः करणतद्धर्मांश्च दारागारपुत्राप्तवित्तेहपराण्यात्मना सह समर्प्ययामि, दासोऽहं कृष्ण तवाऽस्मि ॥**

यस मन्त्रको उपदेश गरेर शिष्य, शिष्यलाई समर्पण गराउँदछन्। **'क्लीं कृष्णायेति'**—यो 'क्लीं' तन्त्र ग्रन्थको हो। यसबाट यो वल्लभमत पनि वाममार्गीहरूकै भेद हो भन्ने बुझिन्छ। यसैकारण गुसाईंहरू धेरै स्त्रीसंगत गर्दछन्।

**'गोपीवल्लभेति'**—के कृष्ण गोपीहरूकै मात्र प्रिय थिए, अरूका थिएनन् ? स्त्रैण अर्थात् स्त्रीभोगमा फँसेको व्यक्ति नै स्त्रीहरूलाई बढी प्रिय हुन्छ। के श्रीकृष्णजी यस्तै थिए ?

**'सहस्त्रपरिवत्सरेति'**—वल्लभ र उसका शिष्य सर्वज्ञ नहुनाले हजार वर्षको गणना व्यर्थ हो। के कृष्णको वियोग हजारौं वर्षदेखि भयो ? र आजसम्म अर्थात् वल्लभको को मत नहुँदा, वल्लभ जन्मनुअघि र त्यसभन्दा पहिले आफ्ना दैवी जीवहरूको उद्धार गर्न किन आएन ?



PDFill PDF Editor with Free Writer and Tools

'ताप' र 'क्लेश' यी दुबै पर्यायवाची शब्द हुन्। यीमध्ये एउटालाई ग्रहण गर्न उचित हुन्थ्यो, दुबैको होइन।

'अनन्त' शब्दको पाठ गर्नु पनि व्यर्थ छ, किनकि अनन्त शब्द राखिएमा सहस्र शब्दको पाठ राख्नु व्यर्थ ठहर्दछ। अनि 'सहस्र' शब्दको पाठ राख्ने हो भने 'अनन्त' शब्दको पाठ राख्नु सर्वथा व्यर्थ हुन्छ। अर्कोकुरा, अनन्तकालसम्म 'तिरोहित' अर्थात् आच्छादित रहनेको मुक्तिका लागि वल्लभ हुनुपनि व्यर्थ हुन्छ, किनकि अनन्तको अन्त्य कहिल्यै हुँदैन।

लौ, देहेन्द्रिय, प्राणान्तःकरण र त्यसका धर्म स्त्री, स्थान, पुत्र र प्राप्तधनको अर्पण कृष्णलाई किन गर्ने ? किनकि कृष्ण पूर्णकाम=सबै कामना वा इच्छा परिपूर्ण भएको हुनाले कसैका देहादिको इच्छा गर्नै सक्तैनन्। अनि देहादि अर्पण गर्न सम्भव पनि हुँदैन। किनकि देहको अर्पण भन्नाले नङदेखि टुपी सम्मको शरीर नै 'देह' भनिन्छ। त्यसमा भएका केही राम्रा नराम्रा वस्तु=दिसा, पिसाब आदिको अर्पण कसरी गर्न सक्नेछौ ?

अनि फेरि पाप–पुण्यरूप कर्मलाई कृष्णार्पण गर्नाले ती कर्मका फलभागी पनि कृष्ण नै हुनेछन्। वास्तविकता त के हो भने नाम त कृष्णजीको लिन्छन्, तर समर्पणचाहिं आफ्ना लागि गराउँछन्। शरीरमा रहेका मल–मूत्र आदि पनि गोसाईंजीकै अर्पण किन हुँदैन। के '**मीठो–मीठो क्वाप्प र तीतो तीतो थू ?**'

अर्कोकुरा, गोसाईंजीलाई नै अर्पण गर्नुपर्दछ, अरू मत मान्नेलाई होइन भन्ने पनि लेखिएको छ। यो सबै स्वार्थसिन्धुपरक अर्काका धन आदि पदार्थ हरण गर्न र वेदोक्त धर्मको नाश गर्ने लीला रचिएको हो। वल्लभको यो प्रपञ्च हेर—

**श्रावणस्यामले पक्षे एकादश्यां महानिशि।**
**साक्षाद्भगवता प्रोक्तं तदक्षरश उच्यते॥ १॥**
**ब्रह्मसम्बन्धकरणात् सर्वेषां देहजीवयोः।**
**सर्वदोषनिवृत्तिर्हि दोषाः पञ्चविधाः स्मृताः॥ २॥**
**सहजा देशकालोत्था लोकवेदनिरूपिताः।**
**संयोगजाः स्पर्शनजाश्च न मन्तव्याः कदाचन॥ ३॥**
**अन्यथा सर्वदोषाणां न निवृत्तिः कथञ्चन।**
**असमर्पितवस्तूनां तस्माद्वर्जनमाचरेत्॥ ४॥**



**निवेदिभिः समर्प्यैव सर्वं कुर्यादिति स्थितिः।**
**न मतं देवदेवस्य स्वामिभुक्तिसमर्प्पणम्॥ ५॥**
**तस्मादादौ सर्वकार्य्ये सर्ववस्तुसमर्प्पणम्।**
**दत्तापहारवचनं तथा च सकलं हरेः॥ ६॥**
**न ग्राह्यमिति वाक्यं हि भिन्नमार्गपरं मतम्।**
**सेवकानां यथा लोके व्यवहारः प्रसिध्यति॥ ७॥**
**तथा कार्य्यं समर्प्यैव सर्वेषां ब्रह्मता ततः।**
**गङ्गात्वे गुणदोषाणां गुणदोषादिवर्णनम्॥ ८॥**

इत्यादि श्लोक गोसाईंहरूका '**सिद्धान्तरहस्य**' आदि ग्रन्थमा लेखिएका छन्। यो नै गोसाईंहरूको मतको मूलतत्त्व हो। यिनीहरूसँग कसैले यति सोध्नुपर्ने हो कि श्रीकृष्णको देहान्त भएको झण्डै पाँच हजार वर्ष बितिसक्यो। उनी वल्लभलाई श्रावण मासको आधी रातमा कसरी मिल्नसके त ?॥ १॥

'गोसाईंको चेलो भएर उसलाई सबै पदार्थको समर्पण गर्नेको शरीर र जीवका सबै दोषको निवृत्ति हुन्छ'। मूर्खहरूलाई भड्काएर आफ्नो मतमा ल्याउने वल्लभको प्रपञ्च यही हो। गोसाईंका चेला–चेलीका सबै दोष निवृत्त हुन्छन् भने तिनीहरूलाई रोग, दरिद्रता आदि दुःखको पीडा किन हुन्छ त ? अनि ती दोष पाँच किसिमका हुन्छन्॥ २॥

**पहिलो**—स्वाभाविक अर्थात् काम, क्रोध आदिबाट उत्पन्न हुने **सहजदोष, दोस्रो**—कुनै देश, कालमा गरिने नाना प्रकार का **पाप, तेस्रो**—लोकमा भनिने **भक्ष्याऽभक्ष्य** र वेदोक्त **मिथ्याभाषण** आदि, **चौथो**—खराब संगतबाट हुने **संयोगज** अर्थात् चोरी, जारी=आमा, बहिनी, छोरी, बुहारी, गुरुपत्नी आदिसँग संयोग गर्नु, **पाँचौं—स्पर्शज**=अस्पृश्यहरूलाई स्पर्श गर्नु। यी पाँच दोषलाई गोसाईं मतका अनुयायीहरू व्यवहारमा कहिल्यै मान्दैनन्। अर्थात् आफूखुसी गर्दछन्॥ ३॥

'गोसाईंको मतबाहेक दोष निवृत्तिको अरू कुनै किसिमको उपाय छैन। यसकारण गोसाईंका चेलाहरूले समर्पण नगरी कुनै पदार्थको भोग गर्नुहुँदैन'। यसैकारण यिनका चेला आफ्नी पत्नी, छोरी, बुहारी र धन आदि पदार्थहरूलाई पनि समर्पित गर्दछन्। तर समर्पण गर्ने नियम के हो भने पत्नी गोसाईंजीको चरणसेवामा समर्पित नभएसम्म उसको पतिले आफ्नी पत्नीलाई छुनुसम्म हुँदैन॥ ४॥

'यसकारण गोसाईंका चेलाहरूले समर्पण गरिसकेपछि मात्र आ–



PDFill PDF Editor with Free Writer and Tools

आफ्ना पदार्थको भोग गर्नुपर्दछ। किनकि पदार्थको स्वामीले भोग गरिसकेपछि समर्पण गर्नुपर्दछ। पहिले गोसाईंजीलाई पत्नी आदि समर्पण गरेर अनि मात्र ग्रहण गर्नुपर्दछ। त्यस्तै सबै पदार्थ हरिलाई समर्पण गरेर ग्रहण गर्नुपर्दछ'॥ ६ ॥

'गोसाईंका चेला–चेलीले गोसाईंमतबाहेक अरू कुनै मतको वाक्य मात्रलाई पनि कहिल्यै सुन्नु वा ग्रहण गर्नुहुँदैन। तिनका चेलाहरूको प्रसिद्ध व्यवहार यही हो'॥ ७ ॥

'त्यस्तै सबै वस्तुको समर्पण गरेर सबैको बीचमा ब्रह्मबुद्धि राख्नुपर्दछ। त्यसपछि गङ्गा अरू जल मिसिएर गङ्गारूप भएजस्तै आफ्नो मतमा गुण र अरूका मतमा दोष हुन्छन्। यसकारण आफ्नो मतमा गुणहरूको वर्णन गर्ने गर्नुपर्दछ'॥ ८ ॥

अब हेर, गोसाईंहरूको मत सबै मतभन्दा बढी आफ्नै स्वार्थ सिद्ध गर्ने किसिमको छ। यी गोसाईंहरूसँग के सोध्नुपर्दछ भने— 'तिमी ब्रह्मको एउटा लक्षण पनि जान्दनौ, अनि आफ्ना चेला–चेलीलाई कसरी ब्रह्मसम्बन्ध गराउनेछौ ?' 'हामी नै ब्रह्म हौं' भन्छौ भने हामीसँग सम्बन्ध हुनाले ब्रह्म सम्बन्ध भैहाल्दछ, अनि तिमीमा ब्रह्मको एउटा पनि गुण–कर्म–स्वभाव छैन। तिमी त केवल भोग–विलासका निम्ति आफैं ब्रह्म बनेका हौ। शिष्य र शिष्यालाई त तिमी आफूमा समर्पित गराएर शुद्ध गर्दछौ, तर तिमी, तिम्री पत्नी, छोरी, बुहारी, आदि चाहिं असमर्पित नै रहने हुनाले अशुद्ध रहे वा रहेनन् ? तिमी त समर्पित नभएको वस्तुलाई अशुद्ध मान्दछौ भने त्यस्तो अशुद्धबाट जन्मेका तिमीहरू अशुद्ध किन भएनौ ? यसकारण तिमीले पनि आफ्नी पत्नी, छोरी, बुहारी आदिलाई अरू मतावलम्बीहरूसँग समर्पित गराउने गर्नु उचित हुन्छ। 'होइन होइन हामी त त्यसो गर्दैनौं' भन्छौ भने तिमी पनि अरूका स्त्री, पुरुष, धन आदि पदार्थलाई समर्पित गर्न–गराउन छोडिदेऊ। हालसम्म जे भयो सो त भैसक्यो, तर अब त आफ्ना मिथ्याप्रपञ्च आदि खराबीलाई छोडदि र ईश्वरोक्त वेदविदित सुन्दर सुमार्गमा लागेर आफ्नो मनुष्यरूपी जन्मलाई सफल तुल्याएर धर्म–अर्थ–काम–मोक्षको चतुष्टय फल प्राप्त गरेर आनन्द भोग।

अनि हेर, यी गोसाईंहरू आफ्नो सम्प्रदायलाई '**पुष्ट मार्ग**' भन्दछन् अर्थात् खानु, पिउनु, पुष्ट हुनु र सबै स्त्रीहरूसँग चाहेजति भोगविलास गर्नुलाई 'पुष्टिमार्ग' भनिन्छ। तर यिनीहरूले दुःखदायी भगन्दर आदि गुप्तरोग लागेर तड्पी–तड्पी मर्नुपर्ने हुन्छ भन्ने कुरा यिनीहरूलाई नै



थाहा हुनुपर्दछ, त्यो यिनीहरूसँगै सोध्नुपर्दछ। साँच्चै भनौं भने त्यो पुष्टिमार्ग नभएर 'कुष्ठिमार्ग' हो। जसरी कोढीको शरीरका सबै धातु पग्ली–पग्ली निस्कन्छन् र विलाप गर्दै शरीर छोड्दछ, त्यस्तै लीला यिनीहरूको देखापर्दछ। यसकारण यसैलाई '**नरकमार्ग**' भन्नु पनि उचित हुनसक्तछ, किनकि दुःखको नाम 'नरक' र सुखको नाम 'स्वर्ग हो।'

यस्तै किसिमले मिथ्याजाल रचेर विचरा सोझा–साझा मानिसलाई यिनीहरूले जालमा फसाएका हुन्। अनि आफैंलाई श्रीकृष्ण मानेर यिनीहरू सबैका स्वामी बन्दछन्। यिनीहरू 'जति दैवी जीव गोलोकबाट यहाँ आएका छन्, तिनको उद्धार गर्नकै निम्ति हामी लीलापुरुषोत्तम जन्मेका हौं। हाम्रो उपदेश नलिएसम्म गोलोकको प्राप्ति हुँदैन। त्यहाँ एउटा श्रीकृष्ण पुरुष र अरू सबै स्त्री छन्' भन्दछन्।

वा ! यो तिम्रो मत त खुबै राम्रो रहेछ !!! गोसाईंहरूका सबै चेला गोपिनी बनेछन्। अब विचार त गरौं कि कुनै पुरुषका दुईवटीमात्र पत्नी हुँदा त त्यस पुरुषको दुर्दशा हुन्छ भने एउटा पुरुषका पछि करोडौं स्त्री लागेका छन् भने त्यसको दुःखको कुनै वार–पार होला न ? 'श्रीकृष्णमा ठूलो सामर्थ्य छ, सबैलाई प्रसन्न राख्तछन्' भन्छौ भने स्वामिनीजी भनिने श्रीकृष्णजीकी पत्नी पनि उनकी अर्धाङ्गिनी हुनाले श्रीकृष्ण जतिकै सामर्थ्यवती हुँदीहुन् ? जस्तै यहाँ स्त्री–पुरुषमा कामचेष्टा समानै अथवा पुरुषमा भन्दा स्त्रीमा अझ बढी नै हुन्छ, त्यस्तै गोलोकमा किन छैन ? अनि यसो हो भने स्वामिनीजी को अरू स्त्रीहरूसँग सधैं झै–झगडा भैरहन्छ होला, किनकि सौताको डाह धेरै खराब हुन्छ। अनि त गोलोक स्वर्गको सट्टा नरकजस्तै भैसक्यो होला। अथवा जसरी धेरै स्त्रीगामी पुरुष भगन्दर आदि रोगले पीडित भैरहन्छन्, त्यस्तै गोलोकमा पनि होला। छि ! छि !! छि !!! त्यस्तो गोलोकभन्दा त विचरा यो मर्त्यलोक नै असल छ।

हेर, यहाँ गोसाईंजी आफूलाई श्रीकृष्णजी मान्दछन् र धेरै स्त्रीहरूसँग लीला=सहवास आदि गर्नाले भगन्दर तथा प्रमेह आदि रोगबाट पीडित भएर ठूलो दुःख भोग्दछन्। अब भन त, जुन श्रीकृष्णको स्वरूप गोसाईं यहाँ पीडित हुन्छन् भने गोलोकको स्वामी श्रीकृष्ण यिनै रोगबाट पीडित किन नहुँदा हुन् त ? अब उनी पीडित हुँदैनन् भने उनका स्वरूप गोसाईंजी किन पीडित हुन्छन् त ?

**प्रश्न**—मर्त्यलोकमा लीलावतार धारण गर्नाले रोग–दोष हुन्छ, गोलोकमा हुँदैन। किनकि त्यहाँ त रोग–दोष छँदैछैन।



PDFill PDF Editor with Free Writer and Tools